# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार देवी ‘क्षेत्री’ दुलालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र, सङ्काय अन्तर्गत नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम स्नातकोत्तर तह दोस्रो वर्ष, नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

### १.३ विषय परिचय

प्रस्तुत शोधपत्रमा साहित्यकार देवी ‘क्षेत्री’ दुलालको जन्मदेखि हालसम्मको जीवनी, व्यक्तित्व विकासका मुख्य पक्षहरू साहित्यलेखनको थालनी, हालसम्मका साहित्यिक प्रकाशित/अप्रकाशित कृतिहरूको विधा विभाजन सहित परिचय र प्रकाशित पुस्तकाकार कृतिहरूको गहन अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

### १.४ समस्याकथन

प्रस्तुत शोधपत्रको मुख्य समस्या साहित्यकार देवी ‘क्षेत्री’ दुलालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु रहेको छ । यसका निम्ति निम्नलिखित प्रश्नलाई (समस्यालाई) समेटी शोधपत्र तयार पारिएको छः-

(क) साहित्यकार देवी ‘क्षेत्री’ दुलालको जीवनी के-कस्तो रहेको छ ?

(ख) साहित्यकार देवी ‘क्षेत्री’ दुलालको समाजमा व्यक्तित्व कसरी निर्माण भइरहेको छ ?

(ग) साहित्यकार देवी 'क्षेत्री' दुलालका विधागत प्रकाशित/अप्रकाशित रचनाहरू के कति छन् ?

(घ) साहित्यकार देवी 'क्षेत्री' दुलालका प्रकाशित पुस्तकाकार कृतिहरू के-कस्ता छन् ?

(ङ) साहित्यकार देवी 'क्षेत्री' दुलालको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

उपयुक्त समस्याहरूमा केन्द्रित रही यस शोधकार्यका लागि तलका उद्देश्यहरू निर्धारण गरिन्छः-

(क) साहित्यकार देवी 'क्षेत्री' दुलालको जीवनीको समग्र परिचय दिनु ।

(ख) साहित्यकार देवी 'क्षेत्री' दुलालको समाजमा व्यक्तित्व निर्माणका पक्षहरूको जानकारी दिनु ।

(ग) साहित्यकार देवी 'क्षेत्री' दुलालका विधागत रुपमा प्रकाशित/अप्रकाशित रचनाहरूको परिचय दिनु ।

(ङ) साहित्यकार देवी 'क्षेत्री' दुलालका प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययन र विश्लेषण गर्नु ।

(च) साहित्यकार देवी 'क्षेत्री' दुलालको जीवनी व्यक्तित्व र कृतित्वको समग्र मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

देवी 'क्षेत्री' दुलालका सम्बन्धमा भएका पूर्वकार्यमा प्राप्त सामान्य चर्चाहरूको विवरण निम्न रुपमा प्रस्तुत गर्न सकिन्छः-

(क) **“देवी ‘क्षेत्री’ दुलालको एकाङ्की र प्रवृत्ति”** सगर मासिक पत्रिका (२०५६ वैशाख अङ्क) यस लेखमा उनको एकाङ्कीको सामान्य परिचय र साधारण प्रवृत्तिको उल्लेख गरिएको छ ।

(ख) कपिल लामिछाने **“प्रगतिवादी नेपाली नाटकः परम्परा, विकास र सम्भावना”** शीर्षकमा प्रलेस (२०५१) पृष्ठ ६३ मा ‘साहस’ नाटकको एक अनुच्छेदमा कमीकमजोरी देखाएर प्रगतिवादी नाटकको खेमामा ‘साहस’ नाटकलाई राखिएको छ ।

(ग) डम्बर पहाडीले **“फूलबारी द्वैमासिक पत्रिका”** (२०६० पौष अङ्क) मा रङधोजी उपन्यास भित्रका कथावस्तुको मुख्य कुरा उठाएका छन् । सामान्य रुपमा लेखकको परिचय तथा उपन्यासको बिम्ब, प्रतीक, परिवेशका बारेमा चर्चा गरिएको छ ।

(घ) गुरुप्रसाद पोखेलले **“अभ्यास द्वैमासिक पत्रिका”** (२०६२) मा रङधोजी उपन्यासको कथावस्तु, भाषाशैली, परिवेश, शीर्षक सार्थकताका आधारमा एकमुष्ट तर छोटकरीमा व्याख्या गरेका छन् ।

(ङ) नवराज भट्टराईले **“सगर मासिक”** (२०६२) पत्रिकामा रङधोजी उपन्यासको आलोचनात्मक कुरा प्रस्तुत गरेका छन् ।

देवी ‘क्षेत्री’ दुलालका सम्बन्धमा माथि उल्लेखित पूर्वकार्यहरू भए पनि ती पर्याप्त छैनन् । उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन भएको देखिादैन । एकाङ्की तथा उपन्यास बारे केही भएको पाइादैन । साथै उनका प्रकाशित तथा अप्रकाशित कृतिहरूको पूर्ण र यथेष्ट जानकारी पनि पाइादैन  तसर्थ यस शोध पत्रमा सो कुराको पूर्ण परिचय सहित प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कनलाई विस्तृत रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

साहित्यकार देवी ‘क्षेत्री’ दुलालले नेपाली साहित्यका विविध विधामा कलम चलाएका तर उनको बारेमा यथेष्ट खोज अनुसन्धान नभएकोले उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा जान्नु साहित्यिक पक्षका दृष्टिले महत्वपूर्ण हुने

भएकोले यो शोधकार्य औचित्यपूर्ण रहनेछ । उनका पाठक र समग्र नेपाली साहित्यको अध्ययन अनुसन्धानका लागि यो शोधकार्य महत्वपूर्ण र उपयोगी बन्नेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा साहित्यकार देवी 'क्षेत्री' दुलालको हालसम्मको समग्र जीवनी तथा उनका सामाजिक व्यक्तित्व विकासका विविध पाटाहरूको प्रस्तुति रहेको छ । उनका प्रकाशित/अप्रकाशित कृतिहरूको परिचय सहित नाट्यात्मक र औपन्यासिक सामान्य प्रवृत्तिगत विशेषता सहित पुस्तकाकार कृतिको परिचय तथा तत्वगत आधारमा अध्ययन र विश्लेषण गरिएको छ । साथै उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको छोटो मूल्याङ्कन पनि गरिएको छ ।

## १.९ शोधविधि

यस शोधकार्यका निम्ति निम्नलिखित विधि र पद्धति अपनाइएको छः-

(क) पुस्तकालयीय पद्धति

(ख) क्षेत्रीय अध्ययन पद्धति

यस अध्ययनमा पुस्तकालयीय अध्ययन र क्षेत्रीय अध्ययन पद्धति अन्तर्गत प्रश्नावली र अन्तवार्ताबाट समस्याहरूको सूची तयार पारी सामग्री सङ्कलन गरेर त्यसबाट तथ्य कुराको खोजी गरी शोधकार्य प्रस्तुत गरिएको छ । साथै शोधनायकसागको प्रत्यक्ष कुराकानीबाट जीवनी र व्यक्तित्वका तथ्यगत जानकारी प्राप्त गरेर यहाा समेटिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित एंव सुसङ्गठित ढाचामा बाािध्नको लागि निम्नानुसारका परिच्छेदहरूमा बाािडिएको छः-

पहिलो परिच्छेदः शोधपरिचय

दोस्रो परिच्छेदः साहित्यकार देवी ‘क्षेत्री’ दुलालको परिचय र जीवनी

तेस्रो परिच्छेदः साहित्यकार देवी ‘क्षेत्री’ दुलालको व्यक्तित्व

चौथो परिच्छेदः साहित्यकारका रुपमा देवी ‘क्षेत्री’ दुलाल

पाँचौ परिच्छेदः साहित्यकार देवी ‘क्षेत्री’ दुलालको कृतित्वको अध्ययन र विश्लेषण

छैठौं परिच्छेदः साहित्यकार देवी ‘क्षेत्री’ दुलालको समग्र व्यक्तित्व र कृतित्वको मूल्याङ्कन

परिशिष्ट

यसमा देवी ‘क्षेत्री’ दुलालको छानिएको एकाङ्की ‘बाँच्ने रहर’ राखिएको छ ।

✡✡✡

# दोस्रो परिच्छेद

## साहित्यकार देवी ‘क्षेत्री’ दुलालको परिचय र जीवनी

### २.१ वंशपरम्परा

नेपालमा ‘दुलाल’ थरका मानिसहरू देशका विभिन्न भागमा छरिएर रहेका छन् । जनसङ्ख्याको वृद्धि र अन्य विविध कारणले बसाइ सर्ने क्रममा यसरी देश भरि छरिएर रहने क्रमको विकास भएको हो । अहिले लुङ्रुपा दुई (२) मकैवारी पााचथर जिल्लामा रहेका दुलालहरूको पुर्ख्यौली थलो भने काभ्रे हो । धेरै पुस्ता अगाडि काभ्रेबाट केही दुलालहरू धनकुटा र तेह्रथुम हुादै पााचथर आएका थिए । दश पुस्ता अगाडि पााचथरको नागिनमा दुलालहरू प्रवेश गरेका र देवी ‘क्षेत्री’ दुलालका बाजे श्रीलाल दुलालले लुङ्रुपा दुई (२) मकैबारीमा बसोबास प्रारम्भ गरेका हुन् । उनीहरू आत्रेय गोत्रका हुन् ।[ज्ञ]

## २.२ जन्म

देवी ‘क्षेत्री’ दुलालको जन्म वि.सं. २०२८ साल वैशाख ६ गते भएको हो । उनको जन्ममिति कतै वि.सं. २०२८ र कतै वि.सं. २०२६ लेखेको पाइन्छ । गाउामा नागरिकता टोली आउादा अभिभावकले सजिलो हुने ठानेर वि.सं. २०२६ बनाएर नागरिकता बनाइदिएको कारणले यसो हुन गएको हो । तर उनको खास जन्ममिति चाहिा वि.सं. २०२८ साल नै हो । उनका कतिपय कृतिमा जन्ममिति वि.सं. २०२६ लेखेको पनि पाइन्छ । यो मितिको विवरण लेखक स्वंयले दिएको तथ्यगत जानकारी हो । उनको पारिवारिक वास्तविक नाम चाहिा देवीप्रसाद दुलाल हो । यो नाम उनको न्वारनको नाम हो । देवी ‘क्षेत्री’ दुलाल पिता सनमान दुलाल र माता लिलादेवी दुलालका तेह्रौं सन्तान हुन् । उनका दस दाजु, दुई भाइ तथा दुई दिदी रहेका छन् । उनी भाइहरू मध्ये एघारौं सन्तान हुन् ।[द्द]

## २.३ जन्मस्थान

---

[१] शोधनायकबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

“दुलाल थरका देवीप्रसादको जन्मस्थान पूर्वी नेपालको मेची अञ्चलमा पर्ने पहाडी जिल्ला पााचथरको लुङ्रुपा गाउा विकास समिति वार्ड नं. दुई (२) मकैबारी हो ।”[घ]

## २.४ बाल्यकाल

मानव जीवनको प्रारम्भको चरण नै बाल्यकाल हो । मानव, विकासको क्रममा युवा अवस्था हुादै बृद्ध अवस्थातिर लम्कन्छ । बाल्यकाल अबोधतामा बढी बित्ने भए तापनि कतिपय कुरा अविस्मरणीय पनि बन्दछन् , जुन कुराहरू भावी जीवनका प्रेरणा स्रोत पनि बन्ने गर्दछन् । देवी ‘क्षेत्री’ दुलालको बाल्यकाल समस्याग्रस्त नै रहयो । उनको बाल्यकाल, जन्मस्थान पााचथर जिल्लाको लुङ्रुपा दुई (२) मकैबारीमा नै वितेको हो । सामान्य गाउाले किसान परिवारमा जन्मेका दुलाललाई गाउाले जीवनले विस्तारै हुर्काउादै लग्यो । धेरै जना सन्तान भएको परिवारिक वातावरणमा उनी हुर्केका हुन्  बाल्यकालमा उनी गाउाले सहपाठीहरूसाग चरा शिकार गर्ने, गाई, भैसीा, भेडा, बाखा गोठाला गर्ने काममा समेत व्यस्त हुन्थे ।[ङ]

उनको बाल्यकाल जहाा जसरी बित्यो त्यो ठाउा र त्यो अवस्था उनलाई प्यारो लाग्छ भनेर उनी बताउाछन् । यसै आधारमा उनले “जहाा मेरो सालनाल गाडियो” शीर्षकमा बालसंस्मरण लेखेका छन् जुन प्रकाशोन्मुख अवस्थामा रहेको छ ।[छ]

## २.५ शिक्षादीक्षा

---

[३] ऐजन ।

[४] ऐजन ।

[५] ऐजन ।

नेपालका कतिपय गाउाका बालबालिकाहरू हालमा पनि शिक्षादीक्षा लिनबाट बञ्चित भएका छन् । देवी 'क्षेत्री' दुलालका धेरै सहपाठीहरूले पनि यो अवस्था भोग्नु परेको छ  तर दुलालले चाहिा आफ्नै जन्मस्थानमा प्रारम्भिक शिक्षा लिने मौका पाए ।[ट]

## २.५.१ प्राथमिक शिक्षा र निम्नमाध्यमिक शिक्षा

देवी 'क्षेत्री' दुलालको अक्षर आरम्भ वि. सं. २०३५ सालदेखि श्री सिंहसिद्धदेवी प्राथमिक विद्यालय लुङरुपा २ जरबुट्टेबाट भएको हो । यस विद्यालयबाट उनले कक्षा पााच उर्तीण गरेपश्चात स्कूल अभावका कारण दुई वर्षसम्म औपचारिक शिक्षा लिनबाट बञ्चित भए । फेरि २ वर्षपछि श्री सिद्धदेवी प्रस्तावित मा.वि. पिपलबोटेबाट पढाइ सुरु गरेका थिए र निम्ममाध्यमिकसम्मको औपचारिक शिक्षा पूरा गरेका थिए ।[ठ]

## २.५.२ माध्यमिक शिक्षा

निम्नमाध्यमिक शिक्षा पूरा गरेपछि माध्यमिक शिक्षाका लागि उनी वि.सं. २०४७ सालमा श्री सिद्धदेवी माध्यमिक विद्यालय पिपलबोटे नागिन ९ पााचथरमा भर्ना भए । यो विद्यालयबाट कक्षा नौ र दश उर्तीण गरी फिदिम केन्द्रबाट वि.सं. २०४७ सालमा दोस्रो श्रेणीमा प्रवेशिका परीक्षा उर्तीण गरेका हुन् ।[ड]

वि.सं. २०२८ मा जन्मेका दुलाले २१ वर्षको उमेरमा प्रवेशिका परीक्षा उर्तीण गरेका हुन् । उनको यो शिक्षा पूराभएपछि उनले उच्च शिक्षाका लागि पााचथर छोडेर बाहिर जानुपर्ने भयो तसर्थ उनलाई आफ्नो गाउा ठाउा, बाल्यकाल तथा सहपाठीहरू झन् प्यारो लाग्न थालेको अनुभव उनी बताउाछन् यस पश्चात वि.सं. २०४८ सालमा उनी उच्च शिक्षाको लागि घर छोडेर हिडे ।[ढ]

## २.५.३ उच्चशिक्षा

---

६ ऐजन ।

७ ऐजन ।

८ ऐजन ।

९ ऐजन ।

माध्यमिक शिक्षा पश्चात उनको उच्च शिक्षा नेपालको पूर्वी पहाडी मनोरम प्राकृतिक दृश्य भएको जिल्ला इलामबाट शुरु भयो । इलाम जिल्लाको सदरमुकाममा रहेको महेन्द्ररत्न बहुमखी क्याम्पसमा वि.सं. २०४८ सालमा उच्च शिक्षाका लागि भर्ना भएर वि.सं. २०५० सालमा दोस्रो श्रेणीमा प्रवीणता प्रमाण पत्र तह उर्तीण गरे पश्चात यसै क्याम्पसको स्नातक तहमा मानविकी सङ्कायमा राजनीतिकशास्त्र र अङ्ग्रेजी मूल विषय लिएर पढ्न थाले । पढाइमा लगनशील र मेहनती भएका कारण उनले वि.सं. २०५३ सालमा दोस्रो श्रेणीमा स्नातक तहको अध्ययन पूरा गरे । त्यस क्याम्पसमा स्नातक तहसम्म मात्र पढाइ हुने भएकोले उनले यो ठाउा छोडेर स्नातकोत्तर अध्ययनका लागि अन्यत्र जानुपर्ने भयो । जन्मभूमिबाट टाडा आएपनि इलामले उनलाई बौद्धिक व्यक्तित्वको रुपमा विकसित गर्दै लग्यो ।[ज्ञण]

यस पश्चात उनी स्नातकोत्तर तहको औपचारिक अध्ययनका लागि नेपालको राजधानी सहर तर्फ गए र त्यहाा अवस्थित नेपालका पचहत्तर वटै जिल्लाका विद्यार्थीहरू भेला हुने त्रिभुवन विश्वविद्यालयमा राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तह प्रथम वर्षमा वि.सं. २०५४ सालमा भर्ना भए । धेरै विद्यार्थीहरूका माझमा उनी विस्तारै घुलमिल हुादै गए र छोटो समयमानै सफलता प्राप्त गरे । वि.सं. २०५७ सालमा प्रथम श्रेणीमा स्नातकोत्तर तहको अध्ययन पूरा गरे । यसरी राजनीतिशास्त्र विषयमा मानविकी सङ्कायमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका दुलाल हालमा "नेपालको छापामा राजनीतिक प्रभाव" शीर्षकमा विद्यावरिधिका लागि अनुसन्धानरत छन् । उनले यसका अतिरिक्त स्वाध्यायनबाट पनि धेरै ज्ञान हासिल गरेका छन् र गर्दै रहेका छन् ।[ज्ञज्ञ]

## २.६ पारिवारिक जीवन

पााचथरको लुङरुपमा २ मकैवारीमा बाल्यकाल बिताएका दुलालले आमा बुबाको काखबाट बाहिर आएपछि आफ्नो कर्मथलो इलामलाई बनाए । वयस्क उमेरमा विवाह गरेर परिवार बनाउने मानवीय प्रवृत्ति अनुसार दुलाल वि.सं. २०५५ साल माघ ८ गते तेह्रथुम जिल्ला आठराई चुहानडााडा गा.वि.सं. वार्ड नं.

---

१० शोधनायकबाट प्राप्त जानकारी ।

११ ऐजन ।

२ का गंगाराम थपलियाकी छोरी रम्मादेवी थपलियासाग विवाह बन्धनमा बााधिएका हुन् । यसरी गृहस्थी जीवन प्रारम्भ गरेका दुलालका हाल एक छोरा किसान दुलाल र एक छोरी विधान दुलाल रहेका छन् । चार जनाको सानो परिवारका साथ उनी हाल इलाम जिल्लाको इलाम नगरपालिका वार्ड नं. ८ पञ्चकन्या मार्ग नजिक स्थायी बसोबास गर्दै आएका छन् । परिवार चलाउन विभिन्न पेशामा संलग्न रहदैा विभिन्न ठाउाको भ्रमण गर्दै आफ्नो जीवन गुजारामा उनी निरन्तर लागिरहेका छन् । साधारण निम्न वर्गीय किसान परिवारमा जन्मेका दुलाल आफ्ना दाजुभाइ, बुबाआमा तथा अन्य किसानले यो देशमा विविध पक्षबाट तलपर्नु परेको र परिवार चलाउन गाह्रो परेको दुःखद अवस्था सम्झदै किसानका लागि यो देशमा उचित विधान बनेन भन्दै छोराको नाम किसान र छोरीको नाम विधान राखेको बताउाछन् ।[१२]

## २.७ जागिरे जीवन

देवी 'क्षेत्री' दुलाले वि.सं. २०५७ सालमा त्रि.वि.वि. बाट स्नातकोत्तर तहको अध्ययन पूरा गरे पश्चात इलाम जिल्लाको सदरमुकाम स्थित महेन्द्ररत्न बहुमुखी क्याम्पसमा प्राध्यापन पेशामा संलग्न भएका थिए । यहाा वि.सं. २०६२ सम्म राजनीति विषयको प्राध्यापन गरेका हुन् । हाल उनी प्राध्यापन पेशा छोडेर विद्यावारिधि अनुसन्धानमा व्यस्त रहेका छन् । वर्तमानमा उनी स्वतन्त्र पत्रकारिता गर्दै आएका छन् । पत्रकारितामा स्तम्भ लेखनमा बढी व्यस्त रहन्छन् ।[१३]

## २.८ आर्थिक अवस्था

देवी 'क्षेत्री' दुलालको आर्थिक अवस्थाको चर्चा गर्नुपर्दा उनको पुर्ख्यौली थलो लुङ्रुपा २, मकैबारी पााचथरमा केही जग्गा जमीन रहेको र इलाम नगरपालिका वार्ड नं. ८, मा एउटा सानो घर र जग्गा रहेको छ । यस्तो सामान्य भौतिक सम्पत्ति भएका दुलालको

---

१२ ऐजन ।

१३ ऐजन ।

आर्थिक अवस्था सामान्य नै रहेको छ । दुःख सुख जीवन गुजारा हुन सक्ने आर्थिक अवस्था रहेको छ ।[ज्ञद्ध]

## २.९ भ्रमण

अध्ययन भ्रमण गर्नका अग्रसर रहने दुलालले नेपालका ताप्लेजुङ्ग, इलाम, पााचथर, झापा, मोरङ, भक्तपुर, ललितपुर लगायत ६८ वटा जिल्लाको भ्रमण गरिसकेका छन् । यसका अतिरिक्त पत्रकारिता विषयको अन्तराष्ट्रिय सम्मेलनमा पाकिस्तान र विद्यार्थी सङ्गठनको कार्यक्रममा भाग लिने क्रममा भारतको भ्रमण गरेका छन् ।[ज्ञछ]

## २.१० शारीरिक बनोट

देवी 'क्षेत्री' दुलालको शारीरिक व्यक्तित्व सामान्य मान्छे सरह छ । उनको शारीरिक उचाइ ५ फिट २ इन्च रहेको र तौल सामान्य शरीर अनुसारको ४६ किलोग्राम रहेको छ । गहुगोरो वर्णका दुलाल शारीरिक रुपमा स्वस्थ्य नै रहेका छन् । पोशाकको हकमा शिरमा ढाकाको नेपालीपन झल्काउने टोपी लगाउने र सामान्य सर्ट पाइन्ट नै लगाउने गर्दछन् । तर उनलाई मनपर्ने पोशाक चाहिा खाादीको दौरा सुरुवाल र कोट तथा टोपी नै हो । उनी सामान्य छालाको जुत्ता र कम्बरमा पेटी पनि बााध्ने गर्दछन् । दाह्री नपाल्ने प्रायः चस्मा लगाउने दुलाल सरसफाइमा बढी ध्यान दिने गर्दछन् । उनको शरीर सामान्य भन्दा सानो देखिए पनि बोलीमा मिठास पाइन्छ । उनी सामान्य देखिएपनि विचार चाहिा उच्च रहेको छ ।[ज्ञट]

## २.११ स्वभाव

देवी 'क्षेत्री' दुलाल मृदुभाषी स्वभावका छन् । उनी असत्यको विरुद्धमा धावा बोल्न सक्ने सत्य र न्यायको पक्षमा सहमति जनाउने व्यक्ति हुन् । सबैसाग मित्रता राख्ने र साइनो अनुसार सबैलाई आदरभाव राख्ने उनको स्वभाव छ । खासै नरिसाउने नयाा-नयाा कुरा जान्न उत्सुक रहने र

---

१४ ऐजन ।

१५ ऐजन ।

१६ श्रीमती रम्मादेवीबाट प्राप्त जानकारी ।

साथीभाइहरूसाग छिट्टै घुलमिल हुन सक्ने दुलाल बौद्धिक क्षमता भएका तर सामान्य मानवीय स्वभाव भएका व्यक्ति हुन् । विशेष गरी राजनीतिशास्त्र, इतिहास, साहित्य, दर्शन, पत्रकारिता, कानुन आदि पढ्ने र नयाा-नयाा कृतिहरू सिर्जना गर्ने प्रयास निरन्तर रुपमा रहेको पाइन्छ । आफ्नो घरमा विभिन्न विषयका पुस्तकहरू भेलापारेर पढ्ने उनको बानी छ ।[ज्ञठ]

## २.१२ रुचि

मानवमा विभिन्न प्रकारका रुचिहरू रहेका हुन्छन् । यस्ता रुचि उब्जाउन व्यक्तिको भौगोलिक क्षेत्र, भौगोलिक वातावरण तथा समाज आदि कारक भएका हुन्छन् । व्यक्तिको कर्मक्षेत्र र वैयक्तिक धारणाका आधारमा रुचि फरक-फरक हुन्छन् । सानै उमेरदेखि दुलाल सामान्य व्यक्ति भन्दा भिन्न किसिमको स्वभाव र रुचि भएका व्यक्ति थिए । बाल्यकालको शिक्षा दीक्षाको क्रमदेखि नै उनको रुचि क्षेत्र अन्यको भन्दा फरक भएको पाइन्छ । पढाइको क्रममा अघि बढेर केही गर्न सक्ने बन्ने उनको पहिलो प्राथमिकता भएको पाइन्छ । सिर्जनाको पक्षमा साथै पत्रकारिता क्षेत्रमा बढी रुचि राख्दछन् उनी एक पत्रकार व्यक्तित्व पनि हुन र प्राध्यापक व्यक्तित्व पनि तसर्थ विभिन्न विषयको अध्ययन, अनुसन्धान, विश्लेषण र उचित तर्क गर्न उनी अग्रसर रहन्छन् । फुर्सदको समयमा अध्ययन गर्ने र टेलिभिजन हेर्ने तथा विशेष गरी विभिन्न साहित्यिक तथा समाचारमूलक पत्रत्रिकाहरू बढी मात्रामा पढ्ने उनका मुख्य रुचिका विषयहरू हुन् ।[ज्ञड]

✡✡✡

१७ शोधनायकसँगको अन्तरवार्ताबाट प्राप्त जानकारी ।

१८ ऐजन ।

# तेस्रो परिच्छेद

## साहित्यकार देवी 'क्षेत्री' दुलालको व्यक्तित्व

### ३.१ व्यक्तित्वका प्रमुख पक्षहरू

मानव व्यक्तित्वका विविध पाटाहरू रहने गर्दछन् । देवी 'क्षेत्री' दुलाल पनि विभिन्न क्रियाकलापमा विविध क्षेत्रमा संलग्न रहादै आफ्नो प्रतिभाद्वारा क्षमताको विकास गर्दै मानव समुदायको लागि योगदानपूर्ण कार्यमा संलग्न रहादै आएका छन् । यस्तो संलग्नताले उनका व्यक्तित्वका विविध पक्षको निर्माण भएको छ । उनको व्यक्तित्वलाई समग्रमा दुई भागमा विभाजन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्व र साहित्येत्तर व्यक्तित्व ।[ज्ञढ]

### ३.१.१ साहित्यिक व्यक्तित्व

देवी 'क्षेत्री' दुलाल बहुआयमिक व्यक्तित्व भित्र लेखक, प्राध्यापक, पत्रकारका रुपमा विशेष परिचित छन् । यी सम्पूर्ण कुराभित्र साहित्यिक व्यक्तित्व छर्लङ्ग छुट्टै रुपमा र समग्रमा समाहित हुादै अगाडि बढ्दै विकास भइरहेको पाइन्छ । उनले कर्मलाई आधार बनाएर स्वतन्त्र रुपमा केही उत्प्रेरणाका साथ आफ्नो स्वतः स्फूर्त भावना र यथार्थ कुरालाई कल्पनाले सजाएर अन्याय, वास्तविकता, सामाजिक प्रेरणा र विकृति प्रति व्यङ्ग्य गर्दै आफ्नो व्यक्तित्वलाई समाहित गराउादै आएका छन् । उनको यो साहित्यिक व्यक्तित्वका पनि विविध पक्षहरू छन् । त्यसलाई यसरी देखाउन सकिन्छः

#### ३.१.१.१ नाटककार व्यक्तित्व

---

[१९] ऐजन ।

देवी 'क्षेत्री' दुलालको साहित्यिक व्यक्तित्वका आयाम मध्ये नाटककार व्यक्तित्व पनि एक हो । पाश्चात्य र पूर्वीय साहित्यजगत्मा आफ्नो साहित्य प्रभाव जमाउन सफल नाटक विधा दुलालको मनपर्ने र रुचिको साहित्यिक विधा हो । वि.सं. २०४४ सालदेखि एकाङ्की, कविता, कथा रचनाबाट साहित्य क्षेत्रमा प्रवेश गरेका दुलालको प्रथम प्रकाशित पुस्तकाकार कृति चाहि 'साहस' (२०५१) नाटक हो । यो नाटक उनले आफू स्नातक तहको अध्ययनका क्रममा प्रकाशन गराएका थिए । जसले उनलाई नेपाली साहित्य जगत्मा नाटककार व्यक्तित्व भनी परिचय दिन सफल भयो । उनको हालसम्म प्रकाशित पूर्णाङ्की नाटक एउटा मात्र आएपनि एकाङ्की नाटकहरूले उनको यो व्यक्तित्लाई अझ बलियो बनाउादैछ । दुलालका 'माटोको टीका', 'संस्कार', 'धरहराको आागन', 'एकथोपा रगत' नाटकहरु अप्रकाशित रुपमा रहेका छन् ।[२०]

### ३.१.१.२ एकाङ्कीकार व्यक्तित्व

नेपाली साहित्यमा नाटक विधा अन्तर्गत साना छोटा नाटक जुन प्रायः एक अङ्कमा रचना भएका हुन्छन् त्यसलाई एकाङ्की भन्ने गरिन्छ । देवी 'क्षेत्री' दुलालको साहित्यिक विधाको विविध आयाममा व्यक्तित्वको खोज गर्दा के स्पष्ट हुन्छ भने उनको हालसम्मकै उच्चतम (सर्वोच्च) प्राप्तिको विधा चाहि एकाङ्की नै हो । आफूलाई कवि, कथाकार, उपन्यासकार भन्दा नाटककार भनेर चिनाउन चाहने दुलाल प्रायः पाठकको आाखामा एकाङ्कीकारका रुपमा परिचित छन् । यसले उनको साहित्यिक व्यक्तित्व दरिलो भई एउटा स्थान ओगट्न सकेको छ भन्ने प्रमाण दिन्छ । सङ्ख्यात्मक र गुणात्मक दुवै रुपमा उनका एकाङ्कीहरू प्रभावकारी छन् । दुलालको एकाङ्कीकार व्यक्तित्वलाई निम्न प्रकाशित तथा अप्रकाशित एकाङ्कीहरूले प्रष्ट पार्दछन्:

प्रकाशित एकाङ्कीहरू:

(क) सेतो परेवा एकाङ्की सङ्ग्रह (२०५५) भित्रका एकाङ्कीहरू

| | | |
|---|---|---|
| १. सेतो परेवा | २. जोखाना | ३. सासू-बुहारी |
| ४. रुने मान्छे | ५. बााच्ने रहर | ६. सागरमाथकी छोरी 'सारु' |

(ख) म जेठो छोरा किसान जन्माउाछु (२०५५-५६)

---

[२०] ऐजन ।

(ग) मुख्य समाचार (२०५९)

(घ) घाास खाने मान्छे (२०५६)

(ङ) ता बोक्सी (२०५९)

(च) अन्तिम दृश्य (२०६०)

(छ) दशैं (२०६०)

(ज) खबर (२०६०)

(झ) पाथीभरा देवीको उत्पत्ति (२०६०)

(ञ) अभिनन्दन (२०६४)

अप्रकाशित एकाङ्कीहरू:

(क) आमाको चित्कार (ख) बिहे (ग) कस्तो छ ? प्रजातन्त्र तिम्रो स्वाद ? (घ) चोखो प्रीति[द्ञ]

## ३.१.१.३ कवि व्यक्तित्व

देवी 'क्षेत्री' दुलालको साहित्यिक लेखनमा कविता पनि पर्दछ । सानै छादा विद्यार्थी जीवनमा स्कूलबाट कविता लेखन प्रारम्भ गरे पनि वि.सं. २०४६ सालदेखि बढी सक्रिय भएको पाइन्छ । उनका आरम्भिक रचनाहरू भने प्राप्त छैनन्  तर हालसम्म पनि मुख्य रुपमा नभएर गौण रुपमा भएपनि कविता रचना गर्ने गरेको आधारमा साहित्यिक व्यक्तित्व भित्र कवि व्यक्तित्वको पनि निर्माण भएको पाइन्छ ।[द्द] उनका केही कविताहरू पत्रपत्रिकामा प्रकाशन पनि भइसकेका छन् । मान्छेहरूले उनलाई 'कविज्य' भनेर भन्दा उनी त्यसो भनेको रुचाउादैनन्  किनभने उनी आफूलाई नाटककार भनाउन रुचाउाछन् ।[द्घ]

उनले दर्जनौ कविता रचना गरिसकेकाछन् र दर्जनौ पत्रपत्रिकामा प्रकाशित पनि भइसकेका छन् । यस्ता कविताका आधारमा उनको व्यक्तित्वमा कवि व्यक्तित्व पनि स्पष्ट देखिन्छ । उनका प्राप्त प्रकाशित कविताहरू: अविसाप, त्रिशूली सपनाहरू थाहा छ ? त्यस्तै अप्रकाशित कविताहरू: मौन धारण चाहिएन साथी मुलधार, हो छोरा कविता लेख्छौ ? टिकटिके मेरो कलम नाटक लेख्नै सक्दैन,

---

२१ ऐजन ।

२२ ऐजन ।

२३ रङधोजी उपन्यासको भूमिका ।

मान्छेको कविता, तिमी आउनु, भाकल, खुकुरी, जदौ मुखिया, आस्थाको रातो घर, महापशु एउटा फोटो, मनहरू, हाम फाल्नु हुन्न रहेका छन् ।[२४]

### ३.१.१.४ कथाकार व्यक्तित्व

देवी 'क्षेत्री' दुलालले कथाकारिता क्षेत्रमा पनि आफ्नो कलम चलाएका छन् । वि.सं. २०५२ सालको 'समता लहर' पत्रिकामा 'यो समाज यो शताब्दी' कथा प्रथम पटक प्रकाशन गराएर कथा विधामा उदाएका हुन् । दुलाले थुप्रै कथा रचना गर्नुका साथै प्रकाशन पनि गराएका छन् । फिप्रानी बाजे, भाई पिडेको मन, कुखुराको व्यपार र रिम्बिकको यात्रा, माइखोलाको सेरोफेरो, बौलाहाको कथा जस्ता कथाहरू प्रकाशन भएका छन्, भने कुपोइ, उसको अन्त्य, छोरीसाग एकदिन जस्ता कथाहरू अप्रकाशित अवस्था रहेका छन् ।[२५]

### ३.१.१.५ उपन्यासकार व्यक्तित्व

देवी 'क्षेत्री' दुलालले उपन्यास विधामा पनि कलम चलाएका छन् । हालसम्म एउटा मात्र उपन्यास रङधोजी (२०६०) प्रकाशन भइसकेको छ भने 'एकरात', 'पत्रकार', उपन्यास प्रकाशोन्मुख अवस्थमा रहेका छन् । लेखनगत आधारमा प्रमुख रुपमा नरहे पनि साहित्यिक व्यक्तित्वभित्र उपन्यासकार व्यक्तित्व पनि रहेको छ । [२६]

### ३.१.१.६ समालोचक यक्तित्व

देवी 'क्षेत्री' दुलालको समालोचना विधामा पनि ध्यान गएको देखिन्छ । अन्य साहित्यिक विधाको तुलनामा कम चर्चामा आएको उनको विधा समालोचना मन्द गतिमा रहेको छ । उनले केही समालोचनाहरू लेखेर प्रकाशन पनि गराएका छन् ।
ती हुन् :-

(क) नियात्रा विधामा नारी हस्ताक्षर, सरस्वती राई

---

२४ शोधनायकबाट प्राप्त जानकारी ।

२५ ऐजन ।

२६ ऐजन ।

(ख) इलामको साहित्यमा इतिहासको हत्या

(ग) सम्झनाका तरेलीहरू चुमेपछि

(घ) एम.बी. थेबे थकितको गजल

(ङ) मेची कोशी अञ्चलमा हवाई तथा लघु साहित्यिक पत्रिका:- जन्म, विकास र वर्तमान अवस्था[२७]

यस आधारमा दुलालको कलम केही मात्रामा समालोचनातर्फ पनि दौडेको देखिन्छ तसर्थ समालोचक व्यक्तित्व पनि उनको व्यक्तित्वका पटामा पर्दछ ।

### ३.१.१.७ साहित्यिक पत्रपत्रिका र संस्थाहरुमा संलग्नता र सम्पादक व्यक्तित्व

नेपाली साहित्यका विविध विधामा कलाम चलाउदै खाएका देवी 'क्षेत्री' दुलालको व्यक्तित्वमा साहित्यिक पत्रकार र सम्पादक व्यक्तित्व पनि मुख्य रुपमा आउाछ । विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा सम्पादक, सह-सम्पादक, सल्लाहकार जस्ता जिम्मेवारी पूर्ण पदमा रहेर आफ्नो क्षमता अनुसार उत्कृष्ट कार्य गर्दै आएका दुलाल साहित्यिक समालोचना र साहित्यिक समाचार संकलनमा पनि उत्तिकै सक्रिय देखिन्छन् । साहित्यिक प्रचार प्रसार र भाषाको विकासमा यो कार्य उपयोगी बनेको छ । उनलाई साहित्यिक पत्रपत्रिकाहरूमा उनको संलग्नता अनुसार साहित्यिक पत्रकार पनि भनिन्छ । उनको साहित्यिक पत्रपत्रिका र संस्थाहरुमा संलग्नता र सम्पादक व्यक्तित्व निर्माणका आधारहरू निम्न छन्:

(क) 'झरना' साहित्यिक पत्रिका (इलाम) का सम्पादक भई काम गरेका ।

(ख) 'प्रयास' साहित्यिक पत्रिका म.र.ब. क्याम्पस (इलाम) का सम्पादक भई काम गरेका ।

(ग) 'हिमाली सन्देश' साहित्यिक भित्ते पत्रिका म.र.ब. क्याम्पस (इलाम) का सम्पादक भई काम गरेका ।

(घ) 'श्री अन्तु साहित्यिक हवाइ पत्रिका' 'अभ्यास' द्वैमासिक साहित्यिक पत्रिका, 'फूलबारी' साहित्यिक पत्रिका र इलाम गजल मञ्च इलामका सल्लाहकार रहेर काम गर्दै आएका ।

(ङ) मेची साहित्य प्रतिष्ठान इलामका संस्थापक सदस्य ।

(च) 'मनका ज्वालाहरू' गजल सङ्ग्रह (एम.बी. थेवे 'थकित') को प्रकाशन र सम्पादन (२०६१)

---

[२७] ऐजन

(छ) 'हिमाली समाज नेपाल' पााचथरको संस्थापक अध्यक्ष (२०५७)[२८]

### ३.१.२ साहित्येत्तर व्यक्तित्व

देवी 'क्षेत्री' दुलालको कार्यगत तथा उनको शैक्षिक प्रभावका कारण विभिन्न क्षेत्र कार्य आदिमा संलग्नता बढ्दै जाादा साहित्येत्तर व्यक्तित्वमा पनि विविध आयाम देखा परे पत्रकारिता, प्राध्यापन, राजनीतिक, सामाजिक क्षेत्रमा कार्यकर्ता भएर लागेकाले उनमा साहित्येत्तर व्यक्तित्वको निर्माण भएको हो ।

#### ३.१.२.१ राजनैतिक व्यक्तित्व

प्रायः सबै व्यक्तिहरू राजनैतिक विचार र आस्थामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न भएका हुन्छन् । अप्रत्यक्ष रुपमा कोही तटस्थ छ भने पनि दलीय प्रभाव आंशिका रुपमा परेकै हुन्छ ।

देवी 'क्षेत्री' दुलालको राजनैतिक झुकाव कम्युनिष्ट सिद्धान्तमा रहेको छ । उनी मार्क्सवाद र लेलिनवादबाट बढी प्रभावित देखिन्छन् । विद्यार्थी (छात्र) जीवनदेखिनै अनेरास्ववियूमा सम्पर्क बढेको र पञ्चायत विरोधी भएर आफ्नो विचारलाई आगडि बढाएका थिए । उनको वि.सं. २०३९ सालदेखि अनेरास्ववियुमा सम्पर्क बढेको हो ।[२९]

वि.सं. २०४७ सालमा नेकपा एमाले पााचथर जिल्लाको इलाका कमिटी ४ का अध्यक्ष बनेर आफ्नो राजनीतिक यात्रा अघि बढाएका थिए । यसरी जिम्मेवारी र पदको कर्तव्यमा बाधिएर काम गर्न सुरु गरे पश्चात उनी आफ्नो अध्ययनको क्रममा म.र.ब. क्याम्पस इलाममा प्रवेश गरे पश्चात वि.सं. २०४८ सालमा म.र.ब. क्याम्पस इलामको अनेरास्ववियूको प्रा.क.मा सह-सचिव भएर सक्रिय विद्यार्थी राजनीतिक जीवनको सुरुवात गरेका थिए । एउटा सङ्गठनमा रहेर काम गरे पनि सम्पूर्ण विद्यार्थीको हकहितमा संलग्न रहेका दुलाल वि.सं. २०५० सालमा अनेरास्ववियू म.र.ब. क्याम्पस इलामका प्रा.क. अध्यक्ष बनेका थिए । उनी वि.सं. २०४९ देखि २०५४ सम्मको दुई कार्यकाल स्वतन्त्र विद्यार्थी यूनियनका उपसभापतिमा विजय भई काम गरेका थिए ।[३०]

---

२८ ऐजन ।

२९ ऐजन ।

३० ऐजन ।

अनेरास्ववियू मेची अञ्चल समन्वय समितिमा वि.सं. २०५२ मा सदस्य निर्वाचित भएका दुलाल यसैमा वि.सं. २०५४ सालमा अध्यक्षमा निर्वाचित भएका थिए । यसरी विद्यार्थी राजनीतिमा सक्रियता जनाएका दुलालले वि.सं. २०५५ देखि वि.सं. २०५७ सम्म अनेरास्ववियूको केन्दीय सदस्य र मेची अञ्चल इन्चार्ज भएर काम गरेका थिए । हालमा पनि अनेरास्ववियूको मातृपार्टी नेकपा एमालेको राजनीतिक कार्यक्रममा आफ्नो सक्रियताका साथ संलग्नता जनाउादै त्यसको विचार र सिद्धान्तप्रति पूर्ण आस्थावान रहेका छन् ।[घञ]

यसरी विगतका विद्यार्थीहरूमाझ र नागरिक समाजका माझ राजनैतिक संगठनमा सक्रियता जनाएका र हालमा अलिक गौण रुपमा रहेका देवी 'क्षेत्री' दुलालको समाजमा राजनैतिक व्यक्तित्व छुट्टै रुपमा परिचित भएको छ । उनको व्यक्तित्व निर्माणमा राजनीतिक व्यक्तित्व पनि मुख्य रहन्छ ।

### ३.१.२.२ पत्रकार व्यक्तित्व

देवी 'क्षेत्री' दुलाल पत्रकारिता क्षेत्रमा धेरै वर्षदेखि संलग्नता जनाउादै आएका व्यक्तित्व हुन् । प्रवेशिका परीक्षा उर्त्तीण गरेपछि पत्रकारितातर्फ झुकाव राख्न थालेको उनी बताउाछन् । पत्रकारिता क्षेत्र उनको मनपर्ने क्षेत्र पनि हो । विशेष गरी इलाम र पााचथर जिल्लाका व्यक्तिहरूमाझ उनी पत्रकारका रुपमा बढी परिचित छन् । विभिन्न समाचारमूलक पत्रपत्रिकाहरूमा जिम्मेवारीपूर्ण पदमा रहेर कर्तव्य निभाइरहेका दुलालले यसबाट लामो अनुभव बटुलिसकेका छन् । वि.सं. २०४७ सालदेखि पत्रकारिता क्षेत्रमा दुलाल प्रवेश गरेका हुन । दुलालले दिएको जानकारी अनुसारस उनले प्रकाशक, सम्पादक भएर प्रकाशन गरेका पत्रपत्रिकाहरू:-

(क) चारखोला साप्ताहिक (२०५३) इलाम ।

(ख) अपरेशन साप्ताहिक (२०५६) पााचथर ।

(ग) आाखा साप्ताहिक (२०५९) इलाम ।[घद]

देवी 'क्षेत्री' दुलालको पत्रकारिता र सञ्चारको क्षेत्रमा संस्थागत संलग्नता:-

---

[३१] ऐजन ।

[३२] ऐजन ।

(क) नेपाल पत्रकार महासंघ इलामका पूर्व उपाध्यक्ष ।

(ख) पत्रकार महासंघ नेपालका केन्द्रीय सदस्य (दुई कार्यकाल) ।

(ग) प्रेस चौतारी नेपालको पूर्व केन्द्रीय उपाध्यक्ष (२०६१-२०६४) ।

(घ) प्रेस चौतारी इलामको अध्यक्ष (२०५९) ।

(ङ) पत्रकारिता र सञ्चारको क्षेत्रमा रेडियो नेपाल वाणी एफ.एम. (९४.९ मेगाहर्ज) इलाम र इलाम एफ.एम. (९३.०० मेगाहर्ज) इलामका सल्लाहकार ।

(च) हालमा नेपाल पत्रकार महासंघको केन्द्रीय सभासद र प्रेस चौतारी नेपालको केन्द्रीय प्रशिक्षक ।[घघ]

### ३.१.२.३ प्राध्यापक व्यक्तित्व

देवी 'क्षेत्री' दुलालले वि.सं. २०५७ सालदेखि प्राध्यापन क्षेत्रमा हात हालेका हुन् । महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा राजनीतिशास्त्र विषयमा मानविकी तथा समाजशास्त्र सङ्कायका प्राध्यापक भएर काम थालेका दुलालले करीब पाच वर्ष प्राध्यापन गरे तर वि.सं. २०६२ देखि उनी त्यसबाट बाहिर निस्किए ।[घङ] हालमा प्रत्यक्ष रुपमा कुनै विद्यालय र क्याम्पसमा प्राध्यापन नगरे पनि उनमा प्राध्यापक व्यक्तित्वमा हुनुपर्ने गुण क्षमता र बौद्धिकता चाहि रहेको छ । पत्रकारिता क्षेत्रमा लामो समयदेखि लागि परेका दुलाल विस्तारै-विस्तारै पत्रकारिता विषयका प्राध्यापक बन्दै जादैछन् । त्यसैले उनको साहित्येतर व्यक्तित्वमा प्राध्यापक व्यक्तित्व पनि आउादछ ।

### ३.१.२.४ सारांश

देवी 'क्षेत्री' दुलालको व्यक्तित्व आकर्षक रुपमा निर्माण हुादै गइरहेको छ । उनी मृदुभाषी तथा स्पष्ट वक्ता हुन् । कोही मानिस बहुमुखी प्रतिभा भएका हुन्छन् त कोही एक मात्र तर देवी 'क्षेत्री' दुलालको व्यक्तित्वका पक्षहरु साहित्यिक र साहित्येतर गरी दुई भिन्न रुपमा तर समानान्तर तरिकाले विकसित बनेको पाइन्छ ।

---

[३३] ऐजन ।

[३४] ऐजन ।

उनको साहित्यिक व्यक्तित्व प्रवल छ भने त्यसको अर्को पाटामा पत्रकार व्यक्तित्व पनि साग-सागै महत्व राख्दछ । साहित्यिक र साहित्येतर व्यक्तित्वको विविध पक्षमा अन्तरसम्बन्ध रहेको पाइन्छ ।

✡✡✡

# चौथो परिच्छेद

## साहित्यकारका रुपमा देवी 'क्षेत्री' दुलाल

### ४.१ आमुख

देवी 'क्षेत्री' दुलाल समाजमा साहित्यिक वातावरण बनाउन र त्यसलाई बचाउन तल्लीन छन् । अन्य धेरै उपाय गरेर पनि चर्चाको शिखरमा पुग्न सकिन्छ तर देवी 'क्षेत्री' दुलाल चर्चा चाहादैनन् बरु केही दिन चाहन्छन् । दिएर ऋण लगाउन सके पो केही मिल्छ तर मान्छे भौतिक सुविधा मात्र खोजेर सफलतामा रहन मात्र पनि चाहादैन । आत्मीयता धैर्यता र भावनालाई बोकेर यथार्थ र कल्पनाको पूर्ण सम्मिश्रण गराएर अमरत्व प्राप्त गर्न चाहन्छ । त्यसका लागि केही वंशानुगत गुण सामाजिक वातावरण र शिक्षा तथा बढी मात्रामा प्रत्यक्ष प्रेरणा र पूर्ण अभ्यास आवश्यक पर्दछ । यदि साहित्यको बाटो लिने हो भने यी कुराले प्रत्यक्ष रुपमा आफ्नो प्रभाव देखाइरहेका हुन्छन् ।

साहित्य र कलाले मानवलाई जीवन दिन्छ त्यसैले अन्य कैयौं मानवको जीवनलाई उज्यालो प्रदान गर्दछ । साहित्य र कला विश्वका मानव समुदायमा अपरिहार्य तत्व बनेको छ । साहित्यको मार्गतिर लाग्दा नर्क पन्छाएर स्वर्ग जाने बाटो देख्न सकिन्छ तथा देखाउन सकिन्छ । त्यहाा अर्को संसार चााहिदैन यही पृथ्वीमा रमाउन सकिन्छ । जीवनलाई गुलाव झैं सुन्दर बनाउन सकिन्छ । साहित्यले समाजको यथार्थ चित्र बोक्न सक्छ तसर्थ देवी 'क्षेत्री' दुलाल पनि यसमा लामो समयदेखि समर्पित बन्दैछन् ।

### ४.२ लेखनकार्यका निम्ति प्रेरणा र प्रभाव

देवी 'क्षेत्री' दुलाल सानै उमेरको विद्यार्थी जीवनदेखि नै आफ्ना विचारलाई भाषिक मिठासका साथ प्रष्ट पार्न सक्दथे । स्पष्टता र पारदर्शिता तथा मिठासपनको बालसुलभ गुणबाट उनमा साहित्यिक प्रतिभाका भावका रेखाहरू कोरिएको प्रष्ट हुन्छ आफ्ना विद्यालयका साथीभाइ र गाउाघरका आफ्ना सहपाठीसाग उनको दोस्ती रहनुमा पनि यिनै गुणहरू प्रशस्त थिए । यो क्रम वयस्क उमेरमा पनि बढ्यो ।

देवी 'क्षेत्री' दुलालले पूर्वीय र पाश्चात्य साहित्यका विभिन्न व्यक्ति र कृतिहरूबाट प्रेरणा प्रभाव ग्रहण गरेका छन् । यसअर्थमा पूर्वीय साहित्य र दर्शन तथा पाश्चात्य साहित्य र दर्शन नै उनको प्रेरणाको मूल श्रोत बनेको छ । दुलाल "प्रकृति प्रेमी छु प्रकृतिबाटै साहित्य सिर्जनाका लागि प्रभावित भए हाला" भन्ने जानकारी दिन्छन् । कृतिगत र श्रष्टागत प्रेरणा र प्रभावका सन्दर्भमा भने उनी देवकोटाको मुनामदन, लीलबहादुर 'क्षेत्री'को 'बसााई' तथा पाश्चात्य क्षेत्रका म्याक्सिम गोर्कीको 'मदर' (आमा) तथा सेक्सपियर र उनका नाटकहरूबाट बढी प्रभावित भएको बताउाछन् ।[घछ]

## ४.३ लेखन प्रारम्भ

दुलालको प्रारम्भिक लेखनकार्य वि.सं. २०४४ सालदेखि  भएको हो । उनको प्रारम्भिक लेखनकार्य नाटक विधाबाट भएको हो । उनको प्रथम लेखनको नाटक चट्याङ्ग (२०४४) हो । यो नाटक मञ्चन पनि भएको थियो । वि.सं. २०४६ सालको जन आन्दोलनमा त्यसको पाण्डुलिपि नष्ट भयो । पञ्चायतकालको विरोध र पञ्चायती व्यवस्थाको विरोधमा लेखिएको नाटक नै दुलालको प्रारम्भिक कृति हो ।[घट]

## ४.४ प्रथम प्रकाशित कृति

साहित्यकार देवी 'क्षेत्री' दुलालको प्रथम प्रकाशित पुस्तकाकार कृति 'साहस' हो । वि.सं. २०५१ सालमा यो नाटक प्रकाशन भएको हो । यसको प्रथम संकरण बाहेक अन्य संस्करण भने निस्किन सकेको छैन ।[घठ]

## ४.५ साहित्य लेखनका विधा र पुस्तकाकार कृतिहरू

देवी 'क्षेत्री' दुलालको साहित्य लेखको मुख्य विधा नाटक (एकाङ्की र पूर्णाङ्की) कथा, कविता, उपन्यास, समालोचना हुन् । देवी 'क्षेत्री' दुलालका पुस्तकाकार प्रकाशित कृति र विधा तथा प्रकाशन वर्षहरु निम्नानुसार छन्ः-

---

[३५] शोधनायकबाट प्राप्त जानकारी ।

[३६] ऐजन ।

[३७] ऐजन ।

| कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|
| साहस | नाटक (पूर्णाङ्की) | वि.सं. २०५१ |
| सेतो परेवा | एकाङ्की सङ्ग्रह | वि.सं. २०५५ |
| रङधोजी | उपन्यास | वि.सं. २०६० |

देवी ‘क्षेत्री’ दुलालको यी माथिका कृतिहरू बाहेक अन्य फूटकर रुपमा कथा, एकाङ्की, कविता, समालोचना विधाका रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन भएका छन् । समता लहर, जमर्को, करुणकन्दन, इसारा, पूर्णिमा, सुम्हालुङ, सगर, मधुपर्क, झरना, अभ्यास, आाखा, बिहानीका किरणहरू, मिर्मिरे जस्ता उत्कृष्ट साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित छन् ।[घड]

## ४.६ साहित्यकार देवी ‘क्षेत्री’ दुलालको साहित्य यात्रा

देवी ‘क्षेत्री’ दुलालको साहित्ययात्राको प्रारम्भ वि.सं. २०४४ सालदेखि आरम्भ भएको हो । त्यो समय उनको लेखनको सुरुको अवस्था थियो । वि.सं. २०४४ सालदेखि लेखन कार्य आरम्भ गरेका दुलाल हालसम्म पनि सक्रिय रुपमा यसमा लागिरहेका छन् । लेखनकार्यका हिसाबले सक्रियता देखिएता पनि प्रकाशनका हिसाबले वि.सं. २०६० सालदेखि यता कुनै पुस्ताकाकार कृति प्रकाशन भएको भने छैन । करीब २० वर्षे साहित्य यात्रामा करीब ६ वर्ष वि.सं. २०४४ सालदेखि २०५० सालसम्ममा नाटक, एकाङ्की कथा कविता विधामा कलम चलाएर वि.सं. २०५१ सालमा उनी ‘साहस’ नाटक प्रकाशन गराउन सफल भए तर वि.सं. २०४४ देखि २०५० सम्ममा फूटकर रचनाहरू विभिन्न पत्रपकिाहरूमा चाहि प्रकाशन भएका छन् ।[घढ]

देवी ‘क्षेत्री’ दुलालको वि.सं. २०५० देखि वि.सं. २०६० सम्मको समयावधि भने बढी उर्वर देखिन्छन् । आजसम्मको उनको साहित्यिक यात्रामा यो समय लेखन र प्रकाशनका हिसाबले बढी महत्वपूर्ण छ । वि.सं. २०५१ सालमा ‘साहस’ नाटक प्रकाशन गराए पश्चात वि.सं. २०५५ सालको अर्को पुस्तकाकार कृति ‘सेतो परेवा’

---

३८ ऐजन ।

३९ ऐजन ।

एकाङ्की सङ्ग्रह प्रकाशित गराएर एकाङ्की विधामा आफ्नो यात्रालाई झन् गतिदिन सफल भए । वि.सं. २०५९ सालमा उपन्यास लेखनतर्फ ढल्केका दुलाले वि.सं. २०६० मा रङधोजी उपन्यास प्रकाशन गराउन सफल भए । त्यस पश्चात पुस्तकाकार कृतिहरु प्रकाशन नभए पनि विभिन्न पत्रपत्रिकाहरूमा फूटकर रचनाहरू भने प्रकाशन हादैछन् । नाटक र उपन्यास विधाका कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहे पनि विविध कारणले प्रकाशन हुन भने सकेको छैन ।[४०]

## ४.७ जीवनी व्यक्तित्व र साहित्यलेखन बीचको अन्तः सम्बन्ध

देवी 'क्षेत्री' दुलाल मध्यम निम्न वर्गीय 'क्षेत्री', परिवारका तेह्रौ सन्तानका रुपमा रहे पनि कर्तव्यबोध र जिम्मेवारीको बहन गर्ने उच्च व्यक्तित्वको विकास भयो । सामाजिक र साहित्यिक व्यक्तित्वको विकास सागसागै परिवार, समाजमा आफ्नै स्थान निर्माण भएको छ ।

देवी 'क्षेत्री' दुलालको जीवनी तथा व्यक्तित्वका पक्षको अन्तर सम्बन्ध उनको साहित्यिक लेखनमा जोडिन आउाछ । आफूले भोगेका समस्या गाउाले परिवेश तथा समाजमा घटित घट्नाहरूलाई परिस्थिति अनुकूल बनाएर कृतिमार्फत प्रस्तुत गरी यथार्थ र प्रगतिशील भाव व्यक्त गर्नाले कृतित्व, व्यक्तित्व र लेखनमा सम्बन्ध रहेको स्पष्ट हुन्छ । प्रत्यक्ष र परोक्ष रुपमा उनका व्यक्तित्वका पक्ष र जीवनको मोड र उनले बााचेको परिवेशले साहित्य सिर्जनामा सहयोग गरेको पाइन्छ । पत्रकारिता र

राजनैतिक व्यक्तित्वका धेरै कुराहरुले उनका कृतिभित्र प्रत्यक्ष सम्बन्ध राख्दछ । बौद्धिक व्यक्तित्व तथा अध्ययन अनुसन्धानमा बढी संलग्न भएको कारण लेखनमा तीव्रता आएको हो । तसर्थ व्यक्तित्व पक्षका कारण लेखनमा परिवर्तन, समाजका

---

४० ऐजन ।

यथार्थ प्रस्तुति तथा नाटकीय ढङ्गको विजारोपण कृतिमा सुरु भएर विकसित हुादै गएको छ ।

✡✡✡

# पााचौ परिच्छेद

## साहित्यकार देवी 'क्षेत्री' दुलालको कृतित्वको अध्ययन र विश्लेषण

### ५.१ कृतित्वको विधागत वर्गीकरण

नेपाली साहित्यमा दुई दशक भन्दा बढीसमय अगाडिदेखि कलम चलाउादै आएका देवी 'क्षेत्री' दुलालले पुस्तकाकार कृति, सङ्ग्रह कृति र फुटकर रचनाहरूको प्रकाशन गरेका छन् । उनका प्रकाशित कृतिहरू पूर्णाङ्की नाटक, एकाङ्की नाटक तथा उपन्यास विधामा रहेका छन् । अन्य कविता, कथा, समालोचना विधा भने फुटकर रचना मात्र प्रकाशित भएका छन् ।

पुस्तकाकार कृतित्वका आधारमा विधागत रुपमा दुलालका कृतिहरूको विश्लेषण, विवेचना, सहित कृतित्वको परिचय गराउन सकिन्छ ।

### ५.१.१ नाटककारका रुपमा देवी 'क्षेत्री' दुलाल

### ५.१.१.१ आमुख

देवी 'क्षेत्री' दुलालको मुख्य साहित्यिक सिर्जनाको विधानै नाटक हो । लेखनकार्यको प्रारम्भदेखि नै नाटक रचनामा अग्रसर भएका दुलालको वि.सं. २०४४ सालमा लिखित चट्याङ् नाटक भने प्रकाशित हुन पाएन । एकाङ्की नाटकमा पनि आफ्नो कलम अगाडि बढाएका दुलाल वि.सं. २०५१ मा आएर 'साहस' पूर्णाङ्की नाटक प्रकाशन गराउन सफल हुन्छन् । उनको 'सेतो परेवा' एकाङ्की सङ्ग्रह (२०५५) पनि प्रकाशित छ ।  यो उनको

महत्वपूर्ण उपलब्धि हो । उनका माटोको टीका, संस्कार, धरहराको आागन र एक थोपा रगत नाटक अप्रकाशित अवस्थामा छन् ।[ढ्ज्ञ]

### ५.१.१.२ नाटककार देवी ‘क्षेत्री’ दुलालको नाट्य प्रवृत्तिगत विशेषता

नाटककार देवी ‘क्षेत्री’ दुलालले लगभग २० वर्षे नाट्य यात्रामा सङ्ख्यात्मक कम भएपनि गुणात्मक नाट्य कृति रचना गरेका छन् । सामाजिक, राजनैतिक, धार्मिक आदि विचारधारा भएका नाटकहरू रचना गर्ने दुलालका नाटक तार्किकता, सामान्य बौद्धिकता र वर्णनात्मक सौन्दर्यले भरिपूर्ण रहेका छन् । उनी अङग्रेजी नाटककार शेक्सपियरका नाटकबाट बढी प्रभावित भएको कुरा बताउाछन् । पूर्वीय र पाश्चात्य दुवै नाट्यकलाको संयोजन गर्दै केही भिन्न रुप पनि दिने प्रयास उनले आफ्ना नाट्य कृतिमा गरेका छन् । उनको एकमात्र ‘साहस’ (२०५१) पूर्णाङ्की नाटक प्रकाशित भएको सन्दर्भमा र एक दर्जन भन्दा बढी एकाङ्कीहरू प्रकाशित भइसकेको अवस्थामा उनका नाटक र एकाङ्कीहरूको समग्ररुपमा नाटय कृतिगत प्रवृत्ति र विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छः-

### ५.१.१.२.१ कथावस्तुगत प्रवृत्ति र विशेषता

देवी ‘क्षेत्री’ दुलालले प्रायःजसो आफ्ना नाट्यकृतिमा सामाजिक क्षेत्रका कथावस्तु टिप्ने गरेको पाइन्छ । राजनैतिक विचारलाई र विषयलाई पनि पर्याप्त आधार बनाएर प्रगतिशील धारको विषयवस्तु प्रस्तुत गर्न खोज्नु उनको मुख्य प्रवृत्ति एवं विशेषता हो । ‘साहस’ नाटक तथा सगरमाथाकी छोरी ‘सारु’ जस्ता नाटयकृतिले यसलाई स्पष्ट पार्दछन् । धार्मिक प्रवृत्तिका नाटयकृतिमा ‘जोखाना’ र “पाथीभरा देवीको उत्पत्ति” रहेका छन् । विशेष गरी समसामयिकतालाई प्रष्ट पार्दै शोषण, अन्याय र अत्याचारबाट जनतालाई जोगाएर वर्गविहीन समाजको सोच भएका कथानकले नाटकलाई सजाउनु दुलालको प्रवृत्तिगत विशेषता हो । संयोगान्त, वियोगान्त र संयोगान्त प्रारुप नाटकमा रहनु र कथावस्तुलाई सामान्यतया आदि मध्य र अन्त्यको श्रृङ्खलामा विकसित नगराए पनि त्यस तर्फ अग्रसर हुनु उनको निजी विशेषता हो ।

---

[४१] ऐजन ।

मनोरञ्जन मात्र नभएर मानसिक र वैचारिक उत्थानको भाव प्रष्ट पारिएको हुनु र समाजका भूत प्रेत, धामी, झाक्री, बोक्सी जस्ता अन्धविश्वास र अमानवीय अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गर्दै सुधारको पक्षमा प्रगतिशील सोचको विकास हुनु उनको अर्को विशेषता हो । वर्ग भेदलाई हटाएर जातजातिको घेराबाट माथि उठेर समान समाजको निर्माणको सोच हुनु र आधुनिक समाज निर्माणका आधारगत कथानकको संरचनामा नाटक रचना गर्नु उनका प्रवृत्तिगत विशेषताहरू हुन् । उनका बााच्ने रहर, म जेठो छोरा किसान जन्माउाछु जस्ता रचनाले पनि यो कुरा स्पष्ट पार्दछ । निम्न र मध्यमवर्गको सेरोफेरोमा विषयवस्तुलाई घुमाउने काम उनका नाट्यकृतिमा पाइन्छ । तसर्थ उनी यथार्थवादी र प्रगतिवादी धाराका नाटककारको प्रवृत्ति तर्फ उन्मुख देखिन्छ ।

### ५.१.१.२.२ पात्रगत प्रवृत्ति र विशेषता

दुलालका नाटकका चरित्रहरू वर्गीय दृष्टिले यथार्थपूर्ण  निम्न  र मध्यम वर्गका छन् । केही अभिजात वर्गका पात्र रहेपनि ती प्रतिकूल स्वभावका रहेका छन् । यिनका नाटकमा रहेका पात्रहरूका असल र खराब पक्ष बीचमा सामान्य द्वन्द्व देखाई असल पक्षको विजय गराउनु यिनको चरित्रगत मूल प्रवृत्ति हो । असल पक्षीय पात्रमा कुबेर दुलाल, सरस्वती दुलाल छन् भने खराब पक्षमा ओमनाथ दुलाल, कृष्ण दुलाल, दुर्गा प्रसाद नेम्वाङ्ग आदि रहेका छन् । खासगरी उच्च वर्ग र निम्नवर्गका पात्रहरू उठाइ सोही अनुरुप चारित्रिक विकास गराउादै निम्न र प्रायः किसान वर्गका पात्रको पक्षमा वकालत गर्नु दुलालको मुख्य चारित्रिक विशेषता रहेको छ । मानवीय रुपमा सवल र दुर्बल पात्रहरू प्रयोग गर्नु यिनको अर्को मुख्य प्रवृतिगत विशेषता हो ।

### ५.१.१.२.३ संवादगत प्रवृत्ति र विशेषता

दुलालका नाटकमा संवादगत प्रवृत्तिलाई हेर्दा प्रायः जसो सामाजिक यथार्थवादीपन मूल रुपमा भेटिन्छ । यसमा 'साहस' नाटकका प्रायः सबै पात्रहरूले यथार्थवादी संवाद प्रयोग गर्दछन् भने 'सासू-बुहारी' एकाङ्कीकी आमाले पनि यस्तै संवाद प्रयोग गर्दछिन् तर जोखाना, र बाच्ने रहर एकाङ्की संवाद र सगरमाथाकी छोरी 'सारु' एकाङ्कीको संवाद भने अलिक भिन्न छ । स्वच्छन्द र अतिकाल्पनिक संवाद प्रयोग यसमा देखिनुले उनको संवादगत वैशिष्टयतालाई स्पष्ट पार्दछ । कतै बौद्धिक संवाद पाइन्छ भने कतै अबौद्धिक

सामान्य संवाद प्रयोग भएको पाइन्छ । गद्य शैलीको संवाद रहनु र बौद्धिकतामा कल्पनाशील नाट्य शैलीको संवाद प्रस्तुत गर्नु उनको संवादात्मक विशेषता पनि हो । संवाद मार्मिक हुनु, सरल हुनु, सहज हुनु आदि उच्च विशेषता रहनु उनको नाटकीय संवादात्मक सफलता पनि हो ।

### ५.१.१.२.४ भाषाशैलीगत प्रवृत्ति र विशेषता

दुलालका नाटयकृतिमा पात्रको स्तर अनुरुपको भाषिक प्रयोग पाइए तापनि कता कता भने नाटकलाई प्रयोगशील बनाउन अबौद्धिक पात्रले पनि गम्भीर किसिमको भाषा प्रयोग गरेको पाइन्छ । 'जोखाना' एकाङ्कीका पात्रको भाषा यस किसिमको रहेको छ । प्रायः जसो सरल नेपाली भाषाको प्रयोग गर्ने दुलालले उखान-टुक्का आदिको समावेश गरेर स्वादपूर्ण भाषाको प्रयोग गरेको पाइन्छ । यस क्रममा "हिजो मारिन् सासू आज आए आाशु", १२ वर्षमा उन्यू फूल्यो गु को गन्ध चल्यो",[४२] जस्ता उखानको प्रयोगले भाषिक प्रयोगमा मिठास थपेको पाइन्छ ।

शैलीगत प्रयोगका दृष्टिले गद्यशैलीमा नाट्यकृति प्रस्तुत गरिएको छ । बीच-बीचमा कता कता गीत मिसाउनु पनि उनको गीतिमय शैली हो । संवादात्मक र वर्णनात्मक शैली उनको मुख्य शैलीगत प्रवृत्ति हो ।

### ५.१.१.२.५ भाव र विचारगत प्रवृत्ति र विशेषता

दुलालका नाट्य कृतिमा सामाजिकता र मानवीयता मुख्य भावको रुपमा रहेको पाइन्छ । खास गरी समाजका सामान्य वर्गका व्यक्तित्वहरूको उत्थान र विकृति विसङ्गति प्रति व्यङ्ग्य भाव राख्नु दुलालको भाव र विचारगत प्रवृत्ति र विशेषतामा पर्ने कुराहरू हुन् । विशेष रुपमा यथार्थवदी भएर वर्तमानमा संघर्ष गरेर बााच्ने नेपाली जनजीवनका पात्रहरूको वर्गीय उत्थान उनका नाट्यकृतिको मूल विचार रहेको पाइन्छ । खोक्रा आडम्बर, परम्परागत रुढिग्रस्त सोच र चलनको अन्त्य गर्न त्यस्तै सोच भएका पात्रको उपस्थिति गराई प्रगतिशील सोचको विकास गराउनु उनको अर्को विशेषता हो । तसर्थ उनी निम्न वर्गको पक्षमा आफ्ना विचार प्रतिपादन गर्ने नाटककार हुन् ।

---

[४२] **'रुने मान्छे'** (पृष्ठ १४) ।

### ५.१.१.२.६ रुपविधानगत प्रवृत्ति र विशेषता

एकाङ्की (एक अङ्के) र पूर्णाङ्की (धेरै अङ्के) नाटकको रचना गर्नु दुलालका रुपविधानगत प्रवृत्तिमा पर्दछन् तर एकाङ्कीमा भने अतिछोटा एकाङ्की प्रस्तुत गर्नु उनको अर्को रुपविधानगत विशेषता हो । त्यस्तै 'साहस' नाटकमा अङ्क र दृश्यको विभाजन गर्नुले पूर्वीय र पाश्चात्य दुवै किसिमको नाट्य प्रभाव पाइन्छ ।

### ५.१.१.२.७ शैली-शिल्पगत प्रवृत्ति र विशेषता

शैली शिल्पगत दृष्टिले दुलालका नाट्य रचनालाई हेर्दा मुख्यतया गद्यभाषा प्रधान शैलीको निर्वाह भएको पाइन्छ । गीत संगीत आदिलाई समेत समावेश गरेर पूर्वीय र पाश्चात्य नाट्य शैली शिल्पको परिपाटीलाई नाट्यकृतिमा समावेश गरेको पाइन्छ । स्वभाविकता र सम्भावनात्मक संयोजनको आन्तरिक संरचनात्मक शिल्पगत संगठनमा नाटकहरू ठीक ठिकै रुपमा रहेका छन् । यथार्थवादिता, मनोवैज्ञानिकता, प्रकृतवादिता, प्रयोगवादितालाई नाटकीय कलात्मक शिल्पशैलीमा सजाउने प्रयास उनका नाटकमा गरेको पाइन्छ ।

### ५.१.१.३ साहस नाटकको अध्ययन र विश्लेषण

### ५.१.१.३.१ आमुख

'साहस' (२०५१) नाटक नाटककार देवी 'क्षेत्री' दुलालको प्रथम प्रकाशित पूर्णाङ्की नाटक हो । यो नाटक जम्मा पााच अङ्क र पन्ध्र दृश्यमा विभाजित छ । अङ्क एकमा तीन दृश्य, अङ्क दुईमा दुई दृश्य, अङ्क तीनमा तीनदृश्य, अङ्क चारमा चार दृश्य र अङ्क पााचमा तीन दृश्य रहेका छन् । जम्मा त्रिसठ्ठी पृष्ठमा संरचित यो नाटकका प्रकाशक लेखक स्वंय र प्रथम मुद्रक जयनेपाल छापाखाना भानुपथ दुई इलाम, रहेका छन् ।

"वि.सं. २०५०।०१।०७ गते नेपालको पूर्वी पहाडी जिल्ला पााचथरको लुङरुपा नौ टिम्मुरे स्थित कुबेर दुलालको घरमा प्रकृतिको विभत्स घटना घट्यो । त्यो घटनाले मलाई निकै चोट पुऱ्यायो र उक्त घटनाको बारेमा जान्ने बुझ्ने जो कोहीको पनि आाखामा आाशु रसाउछनै, मुटुमा चस्का पर्छ नै । यो घटनाको बिजारोपण, जन्म र विकासलाई नाट्य विधाको माध्यमबाट प्रकाशनको दृष्टिले सारा न्यायप्रेमी पाठक समक्ष पहिलो कोसेलीको

रुपमा प्रस्तुत गरेको छु यसलाई दुःख-सुखान्त नाटकको रुपमा उभ्याएको छु ।”[द्घ] लेखकबाट दुःख-सुखान्त भनिएको ‘साहस’ नाटक अङ्क र दृश्य विभाजनको पूर्वीय र पाश्चात्य नाटय मान्यता भित्रका सैद्धान्तिक पक्षसाग मेल खाने देखिन्छ । लेखकको मौलिक सिर्जनातर्फ अग्रसर हादै गरेको कलमबाट प्रस्तुत नाटक नेपालको राजनैतिक विषयमा प्रत्यक्ष सम्बन्ध राख्ने नाटक हो । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को कार्यकर्ता भएका कुबेर दुलाल र उनका साथीहरूको पार्टीगत संलग्नता र क्रियाकलापले नाटक भित्र राजनैतिक छाप प्रष्ट देखाउादछ । तत्कालीन समयमा राजनैतिक प्रचार प्रसार र अभियानको सन्दर्भमा सामाजिक क्रियाकलापको आधारभूत तथ्यलाई समेत समेटेर लेखक आफू यथार्थभित्र काल्पनिक पुट दिएको सन्दर्भ कोट्याउाछन् ।

पाश्चात्य साहित्य र पूर्वीय साहित्यको अध्ययन गरेका दुलाल आफू पत्रकार र राजनीतिकर्मी पनि भएको सन्दर्भमा आफू संलग्न भएको राजनैतिक पार्टीको सिद्धान्त र भावलाई समेत प्रष्ट पार्न खोजेको अनुभूति नाटकले दिन्छ । यस अर्थमा यो नाटक राजनैतिक आवरण भित्र सामाजिक कथावस्तुको संयोजनमा जीवित छ । केही राजनीतिज्ञहरूको वास्तविक भनाइ समेत उद्धृत गरिएको नाटक नेपाली जनता सामु समर्पित ने.क.पा. (एमाले) को जनभावना अनुरुप क्रान्तिकारी भावना र समाज सुधारको पक्षमा उभिएको प्रष्ट हुन्छ । नाटकको सम्पूर्ण पक्षबाट हेर्दा पूर्वीय मान्यताको दुःखान्त नाटक नहुने सन्दर्भबाट माथि उठेर पाश्चात्य साहित्यको दुःखान्त नाटकको सन्दर्भमा यो नाटक बढी प्रभावकारी छ । नाटकको आदि भाग सुखमय वातावरणबाट भएपछि मध्य भागमा विभात्सपूर्ण दुःखान्त परिस्थिति सिर्जना हुन्छ । अन्त्यमा अदालतबाट हत्याराको उचित कारबाही गरिने फैसाला सुनाएपछि सुखमय वातावरण बाहिरी रुपमा जर्बजस्ती सिर्जना हुन्छ तर भित्री रुपमा नाटक दुःखान्त नै हो ।

यो ‘साहस’ नाटक अङ्क दृश्यमा विभाजन भएकोले प्रत्येक अङ्कमा पर्दा खुल्ने र पर्दाबन्द हुने क्रम छ । कौतुहलतापूर्ण वातावरणको संयोजन भएको यो नाटक नेपाली नाट्य परम्पराको सामाजिक यथार्थ र प्रगतिशील धारमा बगेको छ ।

### ५.१.१.३.२ साहस नाटकको कथावस्तुगत अध्ययन र विश्लेषण

नाटकको प्रथम अङ्कको प्रथम दृश्यमा पर्दा खुल्दा कुबेर दुलालको घरमा सबै परिवारका सदस्य पारिवारिक उज्ज्वल भविष्यको निर्माण बारेमा गफगाफ गरिरहेका हुन्छन् ।

---

[४३] मेरो भनाई **‘साहस’** नाटक ।

कुबेर दुलाल र उनकी श्रीमती तथा परिवारका सदस्यको परिचय र कार्य पनि यसै अङ्कबाट स्पष्ट हुन्छ । कुबेर दुलाल पार्टीको कार्यकर्ता भएकोले त्यसमा रातदिन लाग्दैछन् । श्रीमती सरस्वती  महिला स्वास्थ्य कार्यकर्ताको तालिममा जाने तयारी गर्छिन् । कुबेर दुलाल जस्तोसुकै दुःख गरेर भएपनि आफ्ना छोराछोरीहरूलाई शिक्षित बनाउन कम्बर कसेर लाग्ने बताउाछन् ।

प्रथम दृश्यमै कुबेरको परिवाकी जेठी छोरी ज्ञानु जसलाई माध्यमिक शिक्षाका निम्ति पूर्वी नेपालको सुनसरी जिल्लास्थित इटहरीतर्फ पठाउने निर्णय गरिन्छ । उनी ज्यादै खुसी छिन् । भाइ बहिनीहरूलाई राम्रो ख्याल गर्दै बाबुआमाको सेवा गर्दै रहेकी ज्ञानु बाबुले दिएको दुई हजार रुपैयाा र आमाले दिएको बाटो खर्च एकसय बोकेर इटहरीतिर लाग्ने तरखर गर्छिन् । कुबेर पार्टीको काममा मिटिङ (बैंठक) तर्फ लाग्छन् । आमा सरस्वती महिला स्वास्थ्य कार्यकर्ताको तालिमतर्फ लाग्छिन् । ज्ञानु पासाङ् ल्हामु, सीता जस्तै बन्नु र अन्याय अत्याचारका बिरुद्धमा शिर ठाडो पार्न सिक्नु, धेरै पढ्नु, राम्रो पढ्नु जस्ता उपदेश लिएर इटहरीतिर लाग्छिन् ।

अङ्क एक दृश्य दुईमा कुबेर पार्टीको मिटिङबाट ढिलो घर फर्कन्छन् । घरमा दुई छोराहरू उद्धव र उमेश बुबालाई पर्खिरहेका हुन्छन् । घरमा पालेका गाईवस्तुहरू पनि भोकले कराउन थाल्छन् । उद्धव र उमेश पनि गाईहरूसागै भुलिइरहेका हुन्छन् । साािझमा अबेर गेर कुबेर घर आउाछन् । छोराहरू खुसी हुन्छन् । अघिल्लो दिन परिवारका सदस्य कतै टाढा जाादा रोटी पकाएर खाने चलन अनुसार पकाइएको रोटी खाएर कुबेर र उनका दुई छोराहरू सुत्छन् ।

अङ्क एक दृश्य तीनमा पर्दा खुल्दा ओमनाथ दुलाल (जुगे) को घरमा रातीको नौ बजेको वातावरणबाट घटना (कथा) आरम्भ हुन्छ । ओमनाथ दुलाल, लगायत  युवराज दुलाल, देवी दुलाल, युवराज दहाल, मधुनाथ दुलाल र दुर्गाप्रसाद नेम्वाङ्ग आदि एक आपसमा कुराकानी गर्छन् । जसमा ओमनाथ दुलाललाई दोषी ठहऱ्याउाछन् । कुरा घुमाएर

एउटै पार्टीका सदस्य रहेको र कुबेरका नजिकका रहेका दुर्गाप्रसाद नेम्वाङ्ग, कृष्ण दुलाल, मधुनाथ दुलाललाई समेत ओमनाथ दुलालले पैसाको लोभमा आफूतर्फ आकर्षण गर्न सफल हुन्छन् । कुबेर दुलाललाई पच्चीस हजार लगाएर कूलो खनाएर सबै गरीबलाई सहयोग गरेर अन्न उब्जाएर सक्षम बनाएकोमा आफ्नो विरोधी ठानेर दुर्गा नेम्वाङ्ग, कृष्ण दुलाल, मधुनाथ दुलाल आदिलाई बीस हजार रुपैयााको दरले इनाम दिने भनेर आफ्नो

हातमा पार्छन् । सम्पत्तिको लोभमा परेर उनीहरू ओमनाथको पक्षमा षड्यन्त्रको जालो बुन्न थाल्दछन् ।

कुबेर दुलाल नेकपा (एमाले) को कार्यकर्ता भएकोले रातीको समयमा एमालेको कार्यक्रम छ भनी पिपलबोटे भन्ने स्थानमा बोलाउने र त्यही सिध्याउने कुराचल्छ तर त्यहाा पनि उपयुक्त नहुने ठानेर तृतीया भन्ने स्थानमा एमालेको विशाल कार्यक्रम छ भन्ने जुक्ति मिलाएर एक-दुई जना आउने र तृतीयामा पुऱ्याएपछि यहाा कार्यक्रम भर्खरै सिद्धियो नेताहरूलाई भोक लागेर बाहिर खाना खान गएका छन् भन्ने र सेजेपा भन्ने ठाउामा शान्तिराम न्यौपानेका घरमा गोप्य मिटिङ्ग छ भनेर सेजेपातिर झार्ने र त्यही एकान्त ठाउामा मध्यरातमा ओमनाथ अरु साथी लिएर आउने र कुबेरलाई सिध्याउने सल्लाह हुन्छ । वि.सं. २०५० वैशाख १० गते राती यो निर्णय भएको हुन्छ । यो षड्यन्त्रको योजना भने वि.सं. २०५० वैशाख १७ गते रातीलाई मिलाइन्छ । वैशाख १७ गते राती नौ बजे सबै भेला भएर सो योजना पूरा गर्ने गरी रातको (बिहानको) तीनबजे छुट्टिन्छन् ।

यस प्रथम अङ्कको कथावस्तु अनुसार कुबेर दुलालको एउटा सामान्य सहयोगी भावना र समाजसेवामा लाग्ने परिवार आफ्नै कार्यमा तल्लीन छ । जसले समाजका जो कोही अर्थात यो नाटक पढ्ने जो कोहीलाई सकारात्मक प्रेरणा प्रदान गर्दछ । कथावस्तुको सुरुवातको यो अङ्क प्रारम्भिक भाग हो । नाटकको विस्तार र कथावस्तुले लिने मोडको सङ्केत यसमा पाइन्छ । पच्चीस हजार रुपैयाा खर्च गरेर गाउामा कूलो खनाएको कुरा ओमनाथ र उसका पक्षकाहरूलाई चित्त नबुझ्नु र कुबेरको अन्त्य गर्ने योजना बनाउनुले नाटक त्रासदी बन्छ भन्ने सङ्केत दिन्छ । ओमनाथ नाटकमा दर्शकको मनमा नकारात्मक भाव भएका व्यक्ति हुन् भन्ने भावना जगाउन सफल बन्दै जान्छन् । केही सहयोगी लिएर कौतुहलता प्रदान गर्दै कथावस्तुको गतिलाई अगाडि बढाउन सक्रिय बन्ने ओमनाथ भावी घटनाका जिम्मेवार पात्र ठहर्छन् । ओमनाथ दुलाल, दुर्गाप्रसाद नेम्वाङ्ग, युवराज दुलाल, कृष्ण दहाल, मधुनाथ दुलाल आदिलाई यस अङ्कमा कथाको विपरीत पक्षमा र दर्शकको पक्षमा कुबेर र कुबेरका परिवारलाई उभ्याइएको छ ।

सामान्य प्रतिशोध तर सम्पत्तिको धाकमा अन्याय र अत्याचारले सीमा नाघ्ने सम्भावना यो अङ्कको कथाले प्रस्तुत गर्दछ । शोषण गर्न चाहने र आफ्नो पकडमा गाउाका सोझा जनतालाई राख्न रुचाउने प्रतिनिधि भएर कुबेरको विपक्षमा ओमनाथ कथालाई

सक्रिय बनाउाछन् । नेपाली समाजमा रातारात योजना बनाएर कु-कार्य, अमानवीय कार्य गर्ने आजसम्मका खराब व्यक्तित्वका व्यवहारलाई यो अङ्कको कथावस्तुले समेटेको छ ।

अङ्क दुई दृश्य एकमा पर्दा खुल्दा कुबेर दुलालको घरमा साा‌झपखको समयमा कुबेरका भाई देवी दुलाल आइपुग्दछन् । देवी दुलाल दिदीको घरबाट आएका हुन्छन् । चेलीको घरतिरको खबरको बारेमा गफगाफ हुन्छ । केटाकेटीहरू पनि खुसी हुन्छन् । खाना खाएर उनी आफ्नो घरतर्फ लाग्छन् । सबैजना खाना खाएर सुत्ने विस्तारमा परिवारिक गफगाफ गरिरहेका हुन्छन् । यसैक्रममा कृष्ण दहाल ढोका ढक्ढक्याउन आइपुग्छन् । कुबेरले ढोका खोले पश्चात कृष्ण दहालले पिपलबोटेमा रातको बाह्र बजे सम्ममा पुग्नुपर्ने, जि.क.का कमरेडहरूले भन्नु भएको भनेर जानकारी दिएपछि त्यतातिर जाने तरखर हुन्छ । दुर्गा नेम्वाङ्ग पनि आइपुग्छन् । मधुनाथ दुलाललाई पनि खबर गरेर कुबेर दुलाल, कृष्ण दहाल, दर्गा प्रसाद नेम्वाङ्ग पिपलबोटेतिर लाग्छन् र अङ्क दुई दृश्य एक समाप्त भएर पर्दा बन्द हुन्छ ।

अङ्क दुई दृश्य दुईमा कथानक रातको वातावरणमा अगाडि बढ्छ । रातको एघार बजे पछाडि (११:२३ बजे) पिपलबोटेमा पुग्छन् तर त्यहाा कोही हाुदैनन् । त्यसै समयमा युवराज त्यहाा आइपुग्छन् र तृतीयामा (एमालेका) नेताहरु आएका रहेछन्, तपाइाहरू नआएकोले लिन आएको भनेपछि तृतीयातिर सबै जना लाग्छन् । देवीसाग पनि भेट हुन्छ । सेजेपा भन्ने ठाउाको शान्तिराम न्यौपानेको घरमा नेताहरू खाना खान गएका छन् भनेर त्यतैतिर सबै जना जान्छन् । कुबेर दुलालले पार्टीमा लाग्दाका, संघर्ष गर्दाका कुराहरू बाटामा सुनाउाछन् । प्रायः जसो समकालीन देशको सन्दर्भको कुरा चल्छ । महान् नेताका भनाइहरू पनि कुबेरले सुनाउाछन् र क्रान्तिकारी भाव व्यक्त गर्दछन् र राती हिड्दै गर्दा सेजेपाको कुलोमा पुगेपछि एक्कासी “हान, ...ठोक, साले चोरलाई, ठाउा यही हो”[४४] भन्ने आवाज आउाछ । कृष्ण दहालले कुबेरको गर्दनमा चुप्पी प्रहार गर्छन् । दुर्गा नेम्वाङ्ग पनि कुबेरको भाुडीमा चुप्पी प्रहार गर्छन् । कुबेर दुलाल “ने.क.पा. (एमाले) जिन्दावाद” बहुदलीय प्रजातन्त्र अमर रहोस्” भन्दै ढल्छन् र यो संसारबाट बिदा हुन्छन् । जुागेले अन्यलाई मनपरी गर्न लगाउाछ र आफू चाहि कुबेरको खुन (रगत) पिउाछ र पर्दाबन्द हुन्छ ।

अङ्क दुईको कथावस्तुले झण्डै नाटकको अन्त्य भए जस्तो अनुभव गराउाछ । अझ यसमा कुबेरको हत्या भए पश्चात् नाटक सकिएको हो कि जस्तो लाग्छ किनकि यस

---

[४४] देवी ‘क्षेत्री’ दुलाल **‘साहस’** पृ. २७ ।

अघिको कथानकले त्यही कुराको सङ्केत गरेको हुन्छ तर अझ तीन अङ्क नाटक बााकी नै रहन्छ । षड्यन्त्रकारी जुगोले आफ्नो योजना सफल बनाएर कुबेरको हत्या गरे पश्चात दर्शकमा फेरि अब के हुन्छ ? कथाले कस्तो मोड लिन्छ? हत्यारा पात्रहरू कताकता जान्छन् के गर्छन् ? भन्ने तर्कनाहरू भने पक्कै उब्जन्छन् । यो अङ्कको कथानकले त्रासदीपूर्ण र विभत्सपूर्ण वातावरणको झल्को दिन्छ । यहाा पूर्वीय नाट्य सिद्धान्तको “वियोगान्तं ननाटकम्” को सिद्धान्त विपरीत हत्या र हिंसाको प्रत्यक्ष घटना मञ्चमा देखाइन्छ । यो अङ्कको कथानकले बााकी रहेका तीन अङ्कको कथानक र समग्र नाटकलाई दुःखान्त नाटक बनाउन सहयोग गर्दछ । यो अङ्कमा छोटा-छोटा दुई दृश्य छन् । अङ्क दृश्य विभाजनको पूर्वीय र पाश्चात्य नाट्य सिद्धान्तको कसीभित्र यो अङ्कको कथामा स्पष्ट छ । दर्शकहरू भाव विह्वल भएर नाटकबाट सहानुभूति गरिरहेको अवस्था सिर्जना गर्न यसको कथानक सक्षम बनेको छ । यसमा राजनैतिक बहस, महान नेताहरूका विचार तथा मर्ने बेलामा कुबेरले बोलेको वाक्यका आधारमा राजनैतिक वातावरण र क्रान्तिकारी विचारको प्रस्तुति गरिएको छ । यसको कथानकले तत्कालीन सामाजिक राजनैतिक वातावरणलाई लिएर अगाडि बढेको छ ।

अङ्क तीन दृश्य एकमा पर्दा खुल्दा रातको समयमा कुबेर दुलालको हत्या गरेपश्चात जुगे लगायतका हत्यारा षड्यन्त्रकारी पात्रहरू लाशलाई हेर्दै हुन्छन् । जुगे अझै आवेशमै हुन्छ र “बजियालाई बल्ल सिध्याइयो, ‘.............’ म जस्ता अन्य सयौं पूजीपतिको विजयको रात हो यो”[द्धछ]जस्ता वाक्य बोल्दछ । सबै जना लुगामा लागेको रगत पखाल्दछन् । लाश शान्तिरामको घरमा लगेर लडाइदिने सल्लाह हुन्छ तर त्यसो गर्दैनन् र त्यहााबाट हिंड्छन् । दुर्गा नेम्वाङ्ग, कृष्ण दहाल, लाशलाई अभिवादन गर्दछन् र जुगेमाथि तैंले गर्दा हामीले यस्तो पाप गर्नुपर्‍यो भनेर झम्टन्छन् तर जुगेले सम्हाल्छ र अघि बढ्छन् अनि पर्दा बन्द हुन्छ ।

अङ्क तीन दृश्य दुईमा रातको समयमा पञ्चमी दोभानमा सबैजना बस्छन् र कुराकानी चल्छ । दुर्गा नेम्वाङ्ग र कृष्ण दहालले जुगेलाई तेरो बीस हजारको लोभमा परेर आफ्नो पार्टीको नेता मार्न बाध्य भयौ भनेर चुप्पी लिएर हान्न तम्सन्छन् तर जुगेले गोजीबाट हजारिया नोट निकाल्छ अनि उनीहरू मत्थर हुन्छन् । अब भोलि के गर्ने भन्ने निर्णय हुन्छ । मुग्लानतिर भाग्ने सल्लाह पनि हुन्छ । उनीहरूलाई पछुतो हुन्छ । दुर्गा

[४५] ऐजन पृ. २८ ।

नेम्वाङ्ग, कृष्ण दहाल लगायतका पात्रहरू रुन्चे अवस्थामा हुन्छन् । जागेले फेरि कुबेरको परिवारलाई सिध्याउने योजना निकाल्दछ । दुईवटी छोरी बाहिर भएकोले बााच्ने परे भन्ने कुराकानी चलेपछि जागेले कृष्ण दहाल, दुर्गा नेम्वाङ्ग लगायतलाई तिनीहरू पनि कहाा जालान् र भनेपछि सबैजना कुबेरको घरतर्फ राक्षसी प्रवृत्ति र कुरा प्रस्तुत गर्दै लाग्दछन् र पर्दा बन्द हुन्छ ।

अङ्क तीन दृश्य तीनमा पर्दा खुल्दा रातको ३:१० बजे कुबेरको घरमा जागे, कृष्ण दहाल, देवी (धर्म), हरिप्रसाद दहाल, मधुनाथ दुलाल खासखास खुसखुस गफ गर्दै हुन्छन् । कृष्ण दहालले ढोका ढक्ढक्याउाछ । दुर्गा नेम्वाङ्गले "भाउजू ए भाउजू उठ्नुस् न हओ अब त" भन्छन् र भाउजू सरस्वतीले ढोका खोलेपछि सरस्वतीमाथि आक्रमण गर्छन् । पाशविक तरिकाले जबर्जस्ती करणी पनि गर्दछन् । सरस्वती चिच्याउाछिन् । छोरा उमेश व्यूाझिएर आमालाई नमार्नुहोस् भन्दै आउाछ उसलाई पनि राक्षसी प्रवृत्तिले मार्दछन् । कृष्णमाया (छोरी) लाई पनि मार्छन् र हर्षोल्लास मुद्रामा धनमाल खोज्दछन् । राक्षसी भावले भान्सा घरमा भएको चिनी पनि लुछालुछ गरेर खान्छन् । अब सबै मारेपछि दुई जना छोरीहरू पढाइको क्रममा घरबाहिर रहेकोले बााच्दछन् । षड्यन्त्रकारी जागे, देवी, कृष्ण, मधुनाथ, हरि प्र. दहाल, लगायतले रहेका छोरीलाई शङ्का गरे चुप्पी हानिन्छ भन्छन् । यसै क्रममा भित्तातिर मरीमरी सर्दै गरेको उद्धबलाई देखेपछि जागेले तानेर मार्दछ । सबैजना बिहानको उज्यालो हुने बेला भयो अब कोही पनि विचलित नहुने, सारो सारो रोइकराइ गरेर अरूलाई दोष लगाउनु पर्छ र बच्नुपर्छ भनेर आ-आफ्नो घरतिर लाग्दछन् । जागे पनि कुरो चुहिएला नि केटा हो भन्दै घरतर्फ लाग्दछ ।

यस तेस्रो अङ्कले नाटकको मध्य अवस्थालाई जनाउादछ । यसको कथावस्तुले विभत्सपूर्ण अतिमार्मिक घटनालाई बोकेको छ । पात्रहरूको अत्यन्त पाशविक र चरम राक्षसी प्रवृत्ति यसमा प्रस्तुत भएको छ । यसले कथालाई निष्कर्षतिर लैजान सहयोग गर्दछ । यो अङ्कको कथावस्तु नै नाटकको चरमोत्कर्ष भाग हो । दोस्रो अङ्कमै कुबेर दुलालको हत्या भइसके पनि यो तेस्रो अङ्कमा उसका परिवारका श्रीमती सरस्वती छोरा उमेश र उद्धव तथा छोरी कृष्ण मायालाई सखाप पर्दछन् । खलनायकका रुपमा देखिने जागेको पैसा र उक्साइमा परेर अन्य व्यक्तिहरू कृष्ण, दुर्गा, हरि, देवी लगायतका पात्रहरू पनि सोही अनुरुप कार्य गर्दछन् र दर्शक वा पाठकको मनमा राक्षसहरू हुन् भन्ने छाप छोड्दछन् । यसमा मानवले गर्ने अति राक्षसी कार्य प्रस्तुत छ । एकातर्फ सरस्वती भाउजू (आमा

समान)लाई जुगे लगायतले गिद्धे स्वभावले जबरजस्ती करणी गरेर मार्दछन् भने अर्कातर्फ छोरी समानकी कृष्णमायालाई पनि त्यसै गरेर हत्या गर्दछन् । उद्धव र उमेश निर्दोष बालकलाई पनि बाबुको गाउामा भएको मान सम्मानको रिसमा पाशविक तरिकाले अण्डकोष निचोरेर पछारेर मार्दछन् । जो-कोहीले यो नाटक पढ्यो भने वा मञ्चन भएर हेऱ्यो भने विश्वकै मानवको घृणित कार्यको प्रस्तुति रहेछ भन्ने ठम्याउन यो तेस्रो अङ्कको कथानक सफल छ । नेपाली समाजका शोषक वर्गको प्रतिनिधि पात्र भएर जुगेले यस अङ्कको कथानकलाई पूर्ण त्रासदीपूर्ण र विभत्स रसपूर्ण बनाएर करुण भावनामा अश्रुपूर्ण अवस्थाको सिर्जना गरेको छ । समाजको एउटा राक्षसी प्रवृत्ति भएको व्यक्तिले पैसाको मोहमा पारेर, अन्य गाउालेहरूलाई गलत कार्य गराउादछ । एउटै परिवारका पाुच जना सदस्यको हत्या भएपछि दर्शकहरूका आाखामा आाशु आउाछ नै, मनको भक्कानो फुट्छनै र चस्का पर्छनै । तसर्थ यो तेस्रो अङ्क नाटकीय स्वरुपमा अलिक हेरफेर गरेर प्रस्तुत गरिदिए हन्थ्यो जस्तो लाग्दछ । स-साना तीन दृश्यमा संरचित यो अङ्कमा छोटो समयको दर्दनाक कथानक छ ।

अङ्क चार दृश्य एकमा पर्दा खुल्दा बिहानको समयमा सेजेपाको सरकारी कुलामा बैकुण्ठ न्यौपाने हिडिरहेका हुन्छन् । उनले मरेको लाश देख्छन् । उनी लक्ष्मी न्यौपानेकोमा जान्छन् र लाशको बारेमा कुरा गर्छन् । गाउालेहरूमा खबर फैलन्छ । आठ, दश जना गाउालेहरू त्यहाा पुग्दछन् र लाशको पहिचान गर्छन् । भेषराज र लक्ष्मीलाई कुबेरको घरमा पठाएर अन्य गाउालेहरू लाशको रेखदेखमा खटिन्छन् र पर्दा बन्द हुन्छ ।

अङ्क चार दृश्य दुईमा पर्दा खुल्दा कुबेरको घरमा बिहान ९ बजेको समयमा सुनसान वातावरण हुन्छ । भेषराज र लक्ष्मी कुबेरको घरमा आउाछन् । भाई देवीलाई खबर गर्दछन् । उनी त्यस्तो घटना र लाश देखेर रोइकराइ गर्छन् । त्यस पश्चात गा.वि.सं. अध्यक्षको उपस्थिति हुन्छ । त्यसपछि अध्यक्षले जि.प्र.का. पााचथर जाने भन्छन् तर सेजेपाको सरकारी कुलोको डिलमा कुबेरको लाश लडेको छ भनेर त्यतैतिर लाग्छन् । जिल्ला, छिमेकी जिल्ला र अञ्चलमा विस्तारै घटनाको बारेमा थाहा हुन्छ । इटहरीमा रहेकी ज्ञानु र पिपलबोटेमा रहेकी मनु पनि घरमा आउाछन् । सबैजना आाशु झार्दछन् रुन्छन्, कराउाछन्, मुर्छा पर्छन् । गाउालेहरू पानी छ्यापेर सहानुभूति प्रकट गर्छन् र पर्दा बन्द हुन्छ ।

अङ्क चार दृश्य तीनमा सम्बन्धित निकायबाट लाशको प्रकृति, मुचुल्का र पोष्टमार्टम, गरेपछि पााचवटै लाशलाई एकै चोटी घाटमा लगिन्छ । दुःखको (मृत्युको)

सूचक शंख बजाएर पार्टीको झण्डा आधा झुकाइ कुबेरको लाशलाई नारा घन्काउदै घाटतिर लगिन्छ । छोरीहरू ज्ञानु र मनु मुर्छित हुन्छन् । ओमनाथ दुलाले (जुागे) सम्झाए जस्तो गर्छ र "न रोओ म टुहुरो हुन दिन्न" भनेर शोकाकूल भएजस्तो गरेर भन्छ । उता घाटमा लाश जलाउन चिता निर्माण भइरहेको हुन्छ र पर्दा बन्द हुन्छ ।

अङ्क चार दृश्य चारमा पञ्चमी दोभानमा पााचवटा लाशको दाहसंस्कारको तयारी हुन्छ । मृतआत्माको चिर शान्तिको कामना गर्दछन् । मलामीहरूले श्रद्धाञ्जली अर्पण गर्छन् । छोरी ज्ञानु मर्छु; बााचेर के काम भनेर रुादै हुन्छिन् । मलामीहरूले सम्झाउाछन् । देवी दुलालले छोरीहरूलाई डोऱ्याउादै दागबत्ती दिन्छन् । आगोको ज्वालासागै पााचै जनाको भौतिक शरीर यस संसारबाट समाप्त हुन्छ । छोरी मनु पनि मुर्छित हुन्छिन् र पर्दा बन्द हुन्छ ।

यो अङ्क चारको कथावस्तुले ठूलो दुघर्टना र त्यस पश्चात् शोकपूर्ण अवस्थालाई दर्शाएको छ । यस अङ्कले घटनाको चरमोत्कर्षपछि कथानक विस्तारै फलप्राप्तितिर झर्दछ । यसमा करुण रसको प्रस्तुति छ । पााचपााच जनाको हत्या भएपश्चात उनीहरूको दाहसंस्कार गर्दाको अवस्था धेरै दुःखपूर्ण अवस्था हो । यसमा एउटा पार्टीको कार्यकर्ता मर्दा वा मारिदा पार्टीले र समाजले गर्ने सम्मान एकातर्फ छ भने अर्कातर्फ "एउटा मान्छे मर्दा स्वास्नी विधवा हुन्छे र छोराले बरखी बार्छ तर एउटा योद्धा मर्दा राष्ट्र विधवा हुन्छ र इतिहासले बरखी बार्छन्" भन्ने क. मदन भण्डारीको भनाइ उद्धृत गर्दै मलामीहरू एउटा निर्दोष सज्जन तथा सच्चा योद्धा गुमाएको महशुस गर्दछन् । यो नाटक पढ्ने जो कोहीले पनि त्यो अनुभव पक्कै गर्दछन् । यसको चौथो अङ्कको कथानकमा हत्याराहरू शोकपूर्ण भएको भाव देखाउादै आफूहरू पानी माथिको ओभानो बन्ने प्रयास गर्दछन् तर कथानकको माग त्यति मात्र हुादैन दर्शक वा पाठकको मनमा लागेको कथावस्तुगत नाटकीय घाउमा मलम लगाउनु नाटककारको उद्देश्य रहेको देखिन्छ र कथानक अझ अगाडि बढ्दछ । आफ्ना परिवार गुमाएका दुई छोरीहरू ज्ञानु र मनुको भविष्य र जीवनको प्रश्न चिन्ह यो कथानकले खडा गर्दछ । फेरि पाठकलाई/दर्शकलाई षड्यन्त्रकारी पात्रहरू प्रति प्रतिशोधको भावना जाग्न थालिसकेको हुन्छ किनकि मलामीहरूले क्रान्तिकारी विचार व्यक्त गरिरहेका हुन्छन् । सबैको चासोको विषय षड्यन्त्रकारी हत्याराहरूको खोजी बन्दछ त्यसले कथानकलाई अझ लम्ब्याउने सङ्केत गर्दछ ।

यो चौथो अङ्क अन्य अङ्क भन्दा लामो कथानक भएको अङ्क हो । समग्र कथानकको बढी भाग बोकेर यो अङ्क चार दृश्यको संरचनात्मक कथानकमा अघि बढेको छ ।

अङ्क पाँच दृश्य एकमा टिम्मुरे गाउँमा सुरक्षाकर्मी प्रहरीहरू हत्यारा पत्ता लगाउन हिँड्छन् । हत्यारा पत्ता लगाउन विभिन्न संघ संस्थाहरूको सहयोगमा अपराधी अनुसन्धानमा निपूर्ण कुकुरहरू समेत प्रयोग गरेर खोजी कार्य तीब्र पारिन्छ । प्रहरीले हत्यारा पत्ता लगाउने क्रममा ओमनाथ दुलाल, दुर्गाप्रसाद नेम्वाङ्ग, हरिप्रसाद दहाल, कृष्ण दहाल, मधुनाथ दुलाल, देवी दुलाल, युवराज दहाललाई बयान लिन्छन् । विभिन्न तरिका अपनाएर उनीहरूको बयान लिइन्छ । बयानबाट हत्याको सम्पूर्ण विवरण सहितको प्रतिवेदन तयार पारेर प्रहरी कार्यालयले जिल्ला अदालतमा पठाउँदछन् । प्रहरीहरू अभियुक्तहरूलाई लिएर अदालततिर लाग्दछन् र पर्दा बन्द हुन्छ ।

अङ्क पाँच दृश्य दुईमा पाँचथर जिल्ला अदालतको दृश्यमा पर्दा खुल्छ । अदालतमा न्यायधीश, वकिल लगायतका व्यक्तित्वहरू उपस्थित हुन्छन् । दर्शकहरू पछिलतिर हुन्छन् । वादी र प्रतिवादीको तर्फबाट आ-आफ्ना वकिलहरूले तर्क प्रस्तुत गर्दछन् । प्रतिवादीले अभियुक्तहरूलाई बचाउन आफ्ना तर्कहरू राखेपछि भीडबाट एक महिलाले आफ्नो नानीलाई देखाएर "यहाँ जसरी जसले मार्दा पनि हुन्छ भने म यो पाँच महिनाको छोरालाई यहीँ पछारेर मार्छु र आफूपनि आत्महत्या गरेर मर्छु" भनेपछि दर्शकहरूले पनि ताली बजाएर साथ दिन्छन् र न्यायधीशले शान्त रहन आग्रह गर्दछन् । सरकारी वकिलले सम्पूर्ण घटनाको विवरण र घटनामा संलग्न अभियुक्तहरूको कार्य हेरी मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३.१ नं. र १३.३ नं. बमोजिम जवरजस्ती करणी, धनमाल डाका गरेको र हत्या गरेको सजायका लागि सर्वस्वहरण सहित जन्म कैदको सजाय दिनुपर्ने कुरा न्यायधीश समक्ष अदालतमा पेश गरेपछि अदालतले रु बीस  हजारको लोभमा परेर ओमनाथको नेतृत्वमा रहेका कृष्ण दहाल, दुर्गाप्रसाद नेम्वाङ्ग, मधुनाथ दुलाल, धर्म प्रसाद दुलाल, युवराज दुलाल र हरिप्रसाद दुलाललाई जन्मकैदको सजाय सुनाउँदछ । अभियुक्तहरू मुर्छित हुन्छन् र पर्दा बन्द हुन्छ ।

अङ्क पाँच दृश्य तीनमा कुबेरका बचेका दुई सन्तान ज्ञानु र मनु आँखा भरी आँशु खसाल्दै कानुनी पुस्तक हातमा खेलाउँदै हुन्छन् । उनीहरू डेरा लिएको घरमा रहेका हुन्छन् । के गर्ने के नगर्ने ? स्थितिमा उनीहरू पुग्दछन् । ज्ञानुले बहिनी मनुलाई शत्रुहरूले हाम्रा आमा, बुबा, भाइबहिनीहरूलाई सखाप पारे तसर्थ हामीलाई पनि के बाँकी राख्लान् र ?

त्यसैले हामी पनि यो धर्ती त्यागेर आमाबाबुसागै जानुपर्छ भनेपछि बहिनी मनुले दिदीलाई कायर हुनुहादैन साहस बटुल्नुपर्छ भन्छे तर दिदीले बहिनीको कुरा काटेर मर्नु पनि त साहस नै हो भन्छे र मर्नुपर्छ भनेर जोड गर्छे तर मनुले मर्नु कायरता हो भनेर क्रान्तिकारी नारी बन्नुपर्छ भनेर साहस जुटाउन थाल्छिन् । उनीहरू छोरा र छोरीमा अन्तर छैन तसर्थ विश्व इतिहासलाई हेरेर साहसिक नारी बनेर जन्मस्थान गएर आफ्ना बुबा, आमा, भाइ, बहिनीको रातो रगत पोतिएको पुर्खाको पसिनाले सिंचित भएको ठाउामा गएर मातृभूमिको टीका निधारमा लगाउने निर्णय गर्छन् । उनीहरू अन्याय र अत्याचारको अन्त्य गरी बुबाको इतिहास ताजै राख्ने निर्णय गरी जन्मस्थान टिम्मुरे फर्कन्छन् र नाटकको अन्त्य हुन्छन् ।

यो पााचौ अङ्कमा जम्मा तीन दृश्य छन् । गहिरो घाउ लागेका गाउालेहरू र दुई छोरीहरू ज्ञानु र मनुको दुःखपूर्ण अवस्था बोकेर यो अङ्कको कथानक अगाडि बढ्छ । पहिलो अङ्कदेखि चौथो अङ्कसम्मका सम्पूर्ण घटनाहरूको दर्शक/पाठकहरूको मनमा लागेको घाउमा यो अङ्कले मलहमको काम  गर्दछ । नाटकको अन्तिम अङ्कको हिसाबले यसको कथानक गम्भीर छ । प्रायः सुनसान अवस्थाको अर्थात मृत्युपश्चात् घर रित्तिए पछि परिवारमा छाउने सन्नाटाको अनुभव हुन्छ । प्रकृतिको विभत्सपूर्ण घटनाले ल्याउने स्थितिको अनुभव गराउन पनि यस अङ्कको कथानक भरपुर छ । गाउामा घट्ने घटना र त्यसपछि प्रहरी चौकी र अदालतमा मुद्दा परेको र अभियुक्तहरू माथि उचित कारबाही गराएर ज्ञानु र मनु तथा समाजप्रति परेको अन्यायबाट मुक्ति दिने काम अदालतले गरेको छ । यो कथानकले सम्पूर्ण दर्शक तथा पाठकप्रति नै न्याय गरे जस्तो लाग्दछ । कथानकले निष्कर्षमा पुग्दा ज्ञानु र मनुलाई सच्चा क्रान्तिकारी, देशभक्त, न्यायप्रेमी बनाउन साहस थप्दै गाउा फर्कने वातावरणमा पुऱ्याएर छाड्दछ ! अन्त्यमा केही सुखान्त भाव बोकेको हो कि जस्तो यो पााचौ अङ्कको कथानक रहेको छ ।

### ५.१.१.३.२.१ साहस नाटकको कथावस्तुगत विश्लेषण

'साहस' नाटकको कथावस्तुको संरचनात्मक अवस्था हेर्दा आदि, मध्य र अन्त्यको खण्डमा विभाजन गर्न सकिन्छ तर यहाा कमजोर संरचना पाइन्छ किनकि अङ्क र दृश्यमा विभाजन भएपनि घटनाको तारतम्यता नमिलेको पाइन्छ । कुबेर दुलालको हत्यासम्मको भागलाई आदि भागमा राख्दा त्यसपछिको घटनालाई मध्य भागमा राख्नुपर्ने हुन्छ तर विशेष घटना कुबेरको हत्या र परिवारको हत्या दुवै हो । त्यसैले त्यहाा नाटककारले संरचना र कथावस्तुको तारतम्यता नमिलाएको पाइन्छ । तसर्थ कुबेर दुलालको हत्यासम्मको भाग वा अङ्क एक र दुईलाई 'आदि' भागमा राख्न सकिन्छ र अङ्क तीनलाई मध्य भाग र अङ्क चार र पााचलाई अन्त्य भागमा राख्न सकिन्छ । अङ्क तीनमा सरस्वती कृष्णमाया, उद्धव र उमेशको हत्या भएको र घटनाले अत्याधिक गति प्राप्त गरिसकेकोले यसलाई मध्य भागमा राख्न सकिन्छ । त्यसै गरी मुख्य घटनाको समाप्ति भएकोले र नाटक अन्त्य हुने तरखरतर्फ लागेको चौथो अङ्क र अन्त्य भएकोले पााचौं अङ्कलाई अन्त्य भागमा राख्न सकिन्छ । "साहस नाटक सामान्य पारिवारिक दाउपेच र वंश नष्ट हुने गरी एकै रातमा गरिएको निर्मम र पाशविक हत्या देखाइ हत्यारालाई यथोचित कारबाही भएको कथानक बोकेको नाटक हो । आफ्नै पार्टीका नेतालाई कार्यकर्ताले कुत्सित हत्या गरिएको देखाइएको हुादा वर्ग चेतना नभएको वर्गीय पक्षधरता समेत नरहेको नाटकीय संरचना र शिल्पशैलीमा समेत कमी कमजोरी रहे पनि लेखनमा प्रगतिवादी सोच र चिन्तन रहेको कथानकमा नाटक रहेको देखिन्छ ।"[द्धट] धारणागत रुपमा 'साहस' नाटकको कथावस्तु प्रगतिशील खेमाभित्र पर्न गएको देखिन्छ ।

कथावस्तुले सामान्य रुपमा आरम्भ, संघर्ष विकास, चरमोत्कर्ष, सङ्घर्ष ह्रास र उपसंहार जस्ता पााच अवस्थाको विकास स्थिति समेट्न पुगेको छ । प्रथम अङ्कले आरम्भ, दोस्रो अङ्कले संघर्ष विकास, तेस्रो अङ्कले चरमोत्कर्ष चौथो अङ्कले संघर्ष ह्रास र पााचौं अङ्कले उपसंहार अवस्थाको विकसित कथानक देखाउादछ । कथावस्तुले लिने गतिमा दोस्रो अङ्क पछि पुनः बीचमा अर्को योजना आकस्मिक थपेर जागेको कार्य योजना अनुरुप चरमोत्कर्षताको अवस्था विकसित भएको हो ।

---

[४६] कपिल लामिछाने, "प्रगतिवादी नेपाली नाटक परम्परा, विकास र सम्भावना" **प्रलेस** (वर्ष ७ पूर्णाङ्क १३, २०५९, फाल्गुन) पृष्ठ ६३ ।

अङ्क र दृश्यको प्रयोगका दृष्टिले 'साहस' नाटक पाँच अङ्क र पन्ध्र दृश्यमा संरचित गाउँको यथार्थ घटना बोकेर सामान्य कथात्मक संरचना अङ्गाल्न पुगेको मौलिक नाटक हो । यसलाई यथार्थपूर्ण प्रगतिशील नाटक भन्न सकिन्छ । पाँचथर जिल्लाको लुङरुपा गा.वि.सं. टिम्मुरेको ऐतिहासिक बर्बरपूर्ण घटनालाई बोकेर यो नाटकको कथावस्तु संरचित छ । भिन्न दुई स्वभावका २५ भन्दा बढी पात्रहरूको उपस्थितिमा कथानक सुगठित भएको छ । आधुनिक नाट्य मान्यताकै सेरोफेरोमा केही कमी कमजोरीका साथ 'साहस' नाटकको नथावस्तु संयोजन भएको छ ।

रस भावगत रुपमा 'साहस' नाटकको कथावस्तुले करुण रसलाई मुख्य र विभत्स तथा भयानक रसलाई सहायक बनाएको छ । नाटक दुःखान्त नै हो तर अन्त्यमा षडयन्त्रकारी पात्रहरूको कारवाही पश्चात सामान्य सुखान्त बनेको छ तसर्थ लेखक पनि यो नाटकलाई आफू दुःख सुखान्त भन्न रुचाउँछन् ।

## ५.१.१.३.३ चरित्र-चित्रण

'साहस' नाटक कथावस्तु प्रधान नाटक हो । द्वन्द्वात्मकताका दृष्टिले वर्गीय द्वन्द्व पाइन्छ । पात्रहरू बहुल संख्यामा प्रयोग भएपनि त्यसले नाटकलाई अप्ठ्यारो महसुस गराएको छैन । एक-दुई ठाउँमा मञ्चन समेत भएको आधारमा यो नाटकको पात्रयोजना त्यति अप्रभावकारी रहेको भन्न सकिँदैन । प्रतिनिधि पात्र र वर्गगत पात्र भएपनि वर्ग चेतना नरहेका पात्रहरूको प्रस्तुति पाइन्छ । गरीब र धनीवर्ग तथा समाजमा सुधार चाहने र विनास चाहने शोषित र शोषक वर्गका पात्रगत द्वन्द्वले नाटक भरिपूर्ण रहेको छ । पात्रहरूमा वैचारिक प्रवलताले द्वन्द्वात्मकताको स्थिति सिर्जना गरेको छ । अनुकूल र प्रतिकूल पात्र तथा नारी र पुरुष तथा बाल पात्रहरूको प्रयोग छ । जसले नाटकलाई पात्रयोजनामा सक्षम बनाएको छ । एक ठाउँमा कुकुर समेतको उपस्थिति भन्ने जनाइएकोले मञ्चनमा त्यसको पनि अतिसामान्य गौण प्रस्तुति देखिन्छ ।

५.१.१.३.३.१ मुख्यपात्र

कुबेर दुलाल

कुबेर यस नाटकको मुख्य पात्र हो । दोस्रो अङ्कमै उसको अन्त्य भएपनि उसलाई मुख्य पात्र वा नायक भन्न सकिन्छ । नाटकका पात्रहरू मध्ये अनुकूल पात्र हुन् । सामान्य गाउाले वातावरणमा हुर्किएका, कम्युनिष्ट सिद्धान्तप्रति निष्ठावान भई ने.क.पा. (एमाले) साग सम्बन्धित कार्यकर्ता र देशका एक योद्धा पनि हुन् । उनको स्वभाव सोझो र सरल छ । सधैं गाउालेहरूको हितमा लाग्ने न्यायको पक्षमा लाग्ने गरिबहरूको भलाई र उत्थानमा लाग्ने सच्चा क्रान्किारी भाव कुबेरमा पाइन्छ । शान्त स्वभावमा पार्टीको नियम र मर्यादा भित्र रहेर २५ हजार खर्च गरी कुलो खनाई गाउाका गरीबहरूको उत्थानमा लागेको कुबेर गरीबहरूका गुरु बनेको छ । उसमा महान् नेताहरूको महान् कार्य र वाणीहरूको तथा देशका समकालीन अवस्थाको ज्ञान रहेकाले बौद्धिक पात्र मान्न सकिन्छ । एकातर्फ घरपरिवारमा सुनौलो वातावरण निर्माण गराएर छोराछारीलाई धेरै पढाएर विद्वान् बनाउने लक्ष्य लिएर कम्बर कसेर कुबेर लागेको छ भने अर्कातर्फ देशोत्थानमा रातारात नसुती नसुती समर्पणको भावले लागिरहेको छ ।

यसरी आफ्नो मजबुत स्थान गाउामा बनाइसकेको कुबेरले षडयन्त्रको पत्तो पाउादैन । फेरि आफ्नै पार्टीका सहकर्मी कार्यकर्ताले पार्टी हित र वर्ग चेतना विपरीत उसको हत्या गर्दछन् । उसमा शङ्का भाव उब्जन नपाउादै ठूलो दुर्घटना निम्तिन्छ र उसको अन्त्य हुन्छ तर अन्त्यपछि पनि पााचजनाको लाश जलाएका ठाउामा सबभन्दा बढीसम्मान पाउने पात्र पनि कुबेर नै हो । उसलाई पार्टीको झण्डा झुकाएर नारा घन्काएर मलामीहरूले दाहसंस्कार गर्नु नेपाली परम्परालाई नाटकीय ढङ्गमा कुबेरको पात्रीय स्वभावको सम्मान हो । कुनै पनि समस्यमा गाउालेहरूलाई सहयोग गर्न तत्पर रहने कुबेर नाटकको गतिशील पात्र हो । नाटकको दोस्रो अङ्कसम्म जीवित र तेस्रो, चौथो अङ्कमा मृत पात्रका रुपमा मञ्चमा देखा पर्ने कुबेर समाजको नेतृत्व लिन सक्ने नेपालीहरूको प्रतिनिधि पात्र हो ।

ओमनाथ वा जुागे

ओमनाथ (जुागे) नाटकको मुख्य प्रतिकूल पात्र हो । उसले मुख्य खलनायकको भूमिका निभाएको छ । नेपाली समाजमा गरीबहरूको शोषण गर्ने, राम्रो काम गर्नेको अन्त्य गर्ने र धनको आडमा समाजमा नायक बन्न खोज्ने शोषकहरूको प्रतिनिधि पात्रका रुपमा

जुागे प्रस्तुत छ । 'साहस' नाटकको मुख्य घटनाको योजनाकार वा नाइके जुागे राक्षसी प्रवृत्ति भएको अहङ्कारी पात्र हो । आफू एक्लै केही गर्न नसक्ने तर पैसाको भरमा सहकर्मीको हत्या गराउनसम्म पछि नपर्ने जुागे दर्शक/पाठकको प्रतिकूल पात्र हो । दैत्य स्वभाव भएको र समाजमा आफ्नो प्रगतिमा बाधक बने समान्य निहुामा त्यसको रगत चुस्न पछि नपर्ने अतिशोषक पात्र हो । एकातर्फ यस्ता सम्पूर्ण कुराको प्रतिनिधित्व गर्दछ भने अर्कातर्फ आमा समानकी गाउामा स्वास्थ्य कार्यकर्ता भएकी कुबेरकी श्रीमती सरस्वतीमाथि जबरजस्ती करणी गर्ने अति राक्षसी र पाशविक व्यवहार गर्ने पृथ्वीकै सबभन्दा घृणित पात्रका रुपमा ओमनाथ यस नाटकमा प्रस्तुत छ ।

गाउामा ठूलो दुघर्टना निम्त्याएर आफू पानीमाथि ओभानो बन्न खोज्ने र आफ्ना पक्षका सहकर्मीलाई पनि सोही अनुकूल बनाउन चाहने ओमनाथले नाटकमा मुख्य प्रतिपक्षी भएर द्वन्द्वात्मक भूमिका निभाएको छ । उसको त्यस किसिमको पात्रगत प्रस्तुति र कार्ययोजना नभएको नाटकले यति सम्मको (विभत्सपूर्ण चरम हत्या) अवस्था प्राप्त गर्ने थिएन । कानुन आफ्नो हातमा लिएर कानुनकै आाखामा छारो हाल्न खोज्ने पात्र जुागे अन्त्यमा जन्मकैदको सजाय सुनाउादा मुर्छा पर्ने कमजोर मानसिकता भएको पात्र हो । यथार्थवाद र प्रगतिशीलतामा बाधक बन्ने समाजको कुतत्वको रुपमा ओमनाथ आफ्नो रवाफ खोखाउाछ तर अन्त्यमा आफ्नै कार्यका कारण नारकीय जीवन भोग्न बाध्य बन्नुपर्ने प्रस्तुतिमा पुगेपछि जुागेबाट असन्तुष्ट र कष्टमा परेका ज्ञानु र मनुको मनमा शान्ति मिल्दछ र त्यो किसिमको भूमिका नाटककारले नाटकमा दिएकोले प्रमुख खलनायक बनेको हो ।

## ५.१.१.३.३.२ सहायक पात्रहरु

### कृष्ण दहाल

कृष्णप्रसाद दहाल यस नाटकको सहायक पात्र हो किनकि जुागेसाग नाटकको सुरुदेखि अन्त्यसम्म मञ्चमा देखा पर्ने र भूमिका निभाउने भएकोले ऊ सहायक पात्र हो । यो पात्र पनि प्रतिकूल पात्र हो । सुरुमा एउटै पार्टीमा रहेका कुबेरको विरुद्धमा जुागेले योजना सुनाउादा जुागेमाथि जाइलागे पनि पैसाको लोभमा परेर आफ्नै पार्टीका सहकर्मी योद्धा तथा एउटै वंशका कुबेर र उसका परिवारको विभत्स हत्यामा संलग्न हुने र करणी गर्ने जस्तो घृणित कार्यमा संलग्न हुन पछि नपर्ने अवसरवादी पात्र हो । बीचमा कुबेरको

हत्या पछि उसको लाशलाई अभिवादन गरे पनि र जुागेप्रति पुनः आक्रोश व्यक्त गरे पनि पैसा पाएपछि फेरि पाशविक कार्य गर्न पछि नपर्ने राक्षसी प्रवृतिकै चरित्र हो । एउटै पार्टीका कार्यकर्ताको हत्या गर्ने वर्गीय चेतना नभएको क्रुर स्वभावको पात्र हो कृष्ण दहाल ।

दुर्गाप्रसाद नेम्वा ▪

दुर्गाप्रसाद नेम्वाङ्ग पनि सहायक पात्र नै हो । कृष्ण दहाल जस्तै जुागेको पैसाको लोभमा परेर एउटै पार्टीका कार्यकर्ता र उसको परिवारलाई सखाप पार्ने प्रतिकूल स्वभावको पात्र हो । जबरजस्ती कारणी गर्ने र चुप्पी प्रहार गर्ने कार्यमा संलग्न रहने गिद्धे स्वभावको दुर्गा पैसाको लोभमा जुागेको विरुद्धमा जान नसक्ने अवसरवादी पात्र हो । उसले आफ्नो कारवाहीमा अदालतले सुनाएको फैसला सुन्दा मुर्छित हुनु कमजोर मानसिकता भएको पात्रको प्रस्तुति हो  तसर्थ दुर्गा नेम्वाङ्ग पनि कृष्ण दहाल जस्तै किसिमको पात्र हो ।

सरस्वती

सरस्वती ‘साहस’ नाटककी महिला पात्र हो । नाटकमा अनुकूल स्वभाव भएकी एक कुशल गृहिणी, पतिभक्तिमा समर्पित पत्नी, योग्य आमा र गाउामा महिला स्वास्थ्यकर्ता भएर महिला दिदी बहिनीको उत्थानमा लागेकी सहयोगी स्वभावकी पात्र हो । कुबेर जस्तै छोराछोरीको पढाइ लेखाइमा सहयोग गर्दै सबैलाई सम्मानित व्यवहारको प्रस्तुति नाटकमा छ ।  जुागे लगायतको आक्रमणमा परी जबरजस्ती करणी भोग्न बाध्य हुादै गर्दा “मलाई जस्तो अपराध तिम्रो सन्तानले पनि नपाओस्” भन्ने सरस्वती एक महान् नारी पात्रका रुपमा दर्शकको सहानुभूति प्राप्त गर्ने पात्र हो ।

ज्ञानु

ज्ञानु अर्की नारी पात्र हो । माध्यमिक तहको पढाइका लागि इटहरीतर्फ जाादा खुसी भएर पासाङ ल्हामु र सीता जस्तै बन्ने सपना बोकेकी बालकपनबाट विस्तारै अगाडि बढेकी पात्र हो । पढाइमा लगनशील हुने र ठूलो मान्छे बन्ने भावना भएकी अनुकूल पात्र हो । परिवारको बुबा आमा र भाइबहिनीको हत्या पश्चात् अति भाव विह्वल भएर आत्महत्या गर्ने मानसिकताको विकास भएकी ज्ञानु आफ्नी बहिनीको साहसिक बचनले

क्रान्तिकारी बनेर शत्रुसाग लड्न र बुबाआमाको सपना साकार पार्न गाउा फर्कने र नाटकको शीर्षकसाग मेल खाने स्वभावको अन्त्यमा विकास भएकी सामान्य नारी चरित्र हो । उ नाटकमा अङ्क चारदेखि अङ्ग पााच अर्थात अन्त्यसम्मै मञ्चमा उपस्थित हुने पात्र हो ।

### ५.१.१.३.३.३ सहायक अन्य पात्रहरु

मनु

मनु नाटकको चौथों अङ्कदेखि अन्तिम अङ्कको अन्तिमसम्म देखा पर्ने नारी पात्र हो । मनु अनुकूल र स्वभाविक नारी पात्र भन्दा गहन र साहसिक भाव भएकी पात्र हो । दिदी ज्ञानुले शोकाकूल अवस्थामा मर्ने कायर कुरा गर्दा क्रान्तिको सहासपूर्ण वाक्य बोलेर दिदीलाई बााच्न र सङ्घर्ष गर्न उत्प्रेरित गर्ने कच्चा उमेरकी बौद्धिक नारी पात्र हो । ऊ शत्रुसाग प्रतिस्पर्धा गरेर लडेर आफ्नो जन्म स्थान जान तयार हुने र बुबाआमाको, भाइबहिनीको रगतले पोतिएको ठाउामा गएर उनीहरुको सपनालाई ताजै राख्न त्यसतर्फ लाग्ने ज्ञानी पात्र हो । मनुले इतिहासलाई देखाएर छोरा र छोरीमा अन्तर नभएको र छोरीले पनि छोरा समान कार्य गर्न सक्ने बताउाछे र दिदीप्रति सकारात्मक भावना र उचित मानसिक अवस्था सिर्जना गराएर नाटकको शीर्षक 'साहस'साग प्रत्यक्ष सम्बन्ध राख्न सफल नारी पात्रको भूमिका निभाएकी छे ।

**युवराज दुलाल, मधुनाथ दुलाल, हरिप्रसाद दहाल, धर्मप्रसाद दुलाल** (कृष्ण)

यी चारै जना पात्रहरू नाटकको दोस्रो अङ्कदेखि पााचौ अङ्कसम्म प्रत्यक्ष अप्रत्यक्ष रुपमा नाटकमा प्रस्तुत हुने पात्रहरु हुन् । यी पात्रहरू प्रतिकूल पात्रहरू हुन् । ओमनाथसाग लागेर लोकहित विपरीत कार्यमा संलग्न भएका र पछि सम्पूर्ण अभियुक्तसागै सजाय भोग्न बाध्य हुन्छन् । युवराज दुलाल रातारात षडयन्त्रमा संलग्न भई कुबेर र उसका परिवारको हत्यामा प्रत्यक्ष प्रस्तुत हुने पात्र हो ।

मधुनाथ दुलाल नाटकमा प्रत्यक्ष रुपमा सहभागी भएर कुत्सित कार्यमा लाग्दछ र सरस्वती तथा उद्धव, उमेश र कृष्णमायाको हत्या पश्चात भान्साघरमा पसेर "त्यो चिनीको पोको त म लाने नि .................... म सबै भन्दा गरीब पनि छु"[४७] भन्ने

[४७] देवी 'क्षेत्री' दुलाल, **पूर्ववत्** पृ. ३४ ।

मधुनाथको नाम अनुसार चिनी र व्यवहारलाई हेर्दा राक्षसी प्रवृत्तिको चरित्रमा ऊ प्रष्ट छ । हरिप्रसाद दुलाल पनि मधुनाथकै स्वभावको र चिनी खान तम्सिने अतिखराब मानसिकताको पराकाष्ठमा पुगेको पैसाको लोभमा परेर हत्यामा संलग्न हुने पात्र हो । त्यस्तै धर्मप्रसाद (कृष्ण) दुलाल पनि त्यस्तै प्रवृत्तिको पात्र हो । यिनीहरू सबै पैसाको लोभमा गरेको कार्यमा नारकीय जीवन जिउनुपर्ने अदालतको फैसला सुन्दा मुर्छित हुने कमजोर मानसिक अवस्थाका अवसरवादी पात्रहरू हुन् ।

उद्धव, उमेश, कृष्णमाया

यी तीनजना अनुकूल मञ्चीय पात्र हुन् । यी बालपात्रहरू अनाहकमा मृत्युको मुखमा पुग्छन् । कृष्णमायालाई पापी पात्रहरूले जबरजस्ती गरेर मार्दछन् भने उद्धव र उमेश स-साना बालकहरूले बरु कसैलाई नभन्ने हामीलाई नमार्नुहोस् भन्दा अण्डकोष निचोरेर र पछारेर मारिन्छन् । विचारा ! यी पात्रहरुको मृत्युको अवस्थाले सम्पूर्ण पाठकका /दर्शकका मनमा भक्कानो फुटेर आउाछ । नाटकमा यिनीहरूको दुःखपूर्ण प्रस्तुति छ । अङ्क एकदेखि अङ्क तीनसम्म प्रत्यक्ष रुपमा थोरबहुत देखापर्ने र अङ्क चारमा मृतक पात्रका रुपमा देखिने यी पात्रहरू निर्दोष पात्रहरू हुन् ।

भाइ देवी

देवी दुलाल कुबेरको भाइ हो । ऊ नाटकको अङ्क दुई र अङ्क चारमा देखापर्ने सहायक सामान्य मञ्चीय पात्र हो । ऊ अनुकूल स्वभावको पात्र हो । ऊप्रति दाजुका छोराछोरीले र दाजुभाउजूले देखाएको व्यवहार र घटना पश्चात उसको कार्य हेर्दा मिलनसार तथा कर्तव्य परायण पात्रका रुपमा नाटकमा लिन सकिन्छ ।

### ५.१.१.३.३.४ गौणपात्रहरु

वैकुण्ठ न्यौपाने

अङ्क चारको दृश्य एकमा देखा पर्ने वैकुण्ठ कुबेर दुलालको लाश सेजेपाको कूलोमा लडिरहेको देख्ने र गाउालेरूलाई खबर गर्ने पात्र हो उसको गौण भूमिका छ ।

लक्ष्मी न्यौपाने

विष्णु न्यौपानेको दाजुभाइ साइनो र कुबेरको भान्जा पर्ने लक्ष्मीको नाटकमा चौथो अङ्कको प्रथम र दोस्रो दृश्यमा उपस्थिति रहेको छ । ऊ कुबेरको घरमा जानकारीका लागि जाने सामान्य भूमिका भएको पात्र हो ।

भेषराज न्यौपाने

भेषराज पनि लक्ष्मी न्यौपाने जस्तै भूमिका भएको गौण पात्र हो ।

गा.वि.सं. अध्यक्ष, गाउालेहरू, पिताम्बर मलामीहरू प्रहरी जवान डि.एस.पी. जस्ता पात्रहरूको पनि नाटकमा गौण भूमिका रहेको छ । मृत लाशको दाहसंस्कार र षड्यन्त्रकारीको खोजीमा संलग्न भई भूमिका निर्वाह गर्न यी पात्रहरू नाटकमा प्रयोग भएका छन् ।

चन्द्र पोखेल, विष्णु न्यौपाने, न्यायाधीश, दर्शक

यी पात्रहरू नाटकको चौथो अङ्कको दोस्रो दृश्यमा मञ्चमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा देखापर्ने पात्र हुन् । चन्द्र पोखेल र विष्णु न्यौपाने वादी र प्रतिवादी तर्फका वकिल हुन् । न्यायाधीशको भूमिका नाटकमा अभियुक्तहरूलाई उचित कारबाहीको घोषणामा रहेको छ । दर्शकहरूको पनि केहीको प्रत्यक्ष र केहीको अप्रत्यक्ष गौण प्रस्तुति नाटकमा रहेको छ ।

## ५.१.१.३.३.५ सारांश

सारांशमा ‘साहस’ नाटकको पात्र योजनालाई विश्लेषण गर्नुपर्दा अनुकूल र प्रतिकूल पात्रहरू प्रयोग भएका छन् । अनुकूल पात्रहरू सत्यको पक्षमा छन् भने प्रतिकूल पात्र त्यसको विपरीत छन् तर अन्त्यमा जित सत्यकै भएको छ । प्रतिकूल पात्रहरू जुागे

लगायतको मानसिकतामा केही अनौठो र अपत्यारिलो भाव देखा पर्दछ । सरस्वती लगायतलाई मारिसकेपछि भान्छा घरमा पसेर सबैले चिनी खानु यथार्थभन्दा परको कुरा जस्तो लाग्दछ । फेरि यता घरको दुर्घटनापछि इटहरी र पिपलबोटेमा रहेका ज्ञानु र मनुसाग सागै घरमा आइपुग्नु अलिक अपत्यारिलो देखिन्छ  किनकि पिपलबोटे टिम्मुरेबाट नजिक पर्छ भने इटहरी धेरै टाडा पर्दछ । अन्य पात्रहरूको प्रस्तुती भने स्वभाविक नै रहेको छ ।

### ५.१.१.३.४ संवाद

'साहस' नाटक गद्य नाटक हो । गद्य भाषामा पात्रहरूले कार्यव्यवहार सञ्चालन गर्दछन् । पात्र अनुकूल भाषिक प्रयोग भएको पाइन्छ । यो नाटक सामाजिक पृष्ठभूमिमा शहरदेखि परको वातावरणमा संरचित भएको कारण गाउालेहरूको भाषिक अवस्थालाई संवादमा प्रयुक्त गरिएको छ । कुबेरको संवाद अन्य भन्दा अलिक बौद्धिक किसिमको छ । तर अन्य पात्रले भने सरल स्वभाविक संवादको प्रयोग गरेका छन् । बाल पात्रहरूले तोते बोलीमा संवाद गर्दछन् भने षड्यन्त्रकारी पात्रहरूले घटनाको समयमा त्यही किसिमको डरलाग्ने संवाद गर्छन् भने अघिपछि चिप्लो घस्ने किसिमले संवाद गर्दछन् । उता नाटकको अन्त्य भागमा ज्ञानु र मनुका बीचमा संवाद हुादा शोकाकूल अवस्थामा रहेपनि क्रान्तिकारी र साहसिक भाषा झल्कने संवाद गरेका छन् । कतै लामा र कतै छोटा छोटा संवादको प्रस्तुति पाइनु नाटकको आफ्नै विशेषता रहेको छ । पूर्ण रुपमा संवाद मात्र नभएर अन्त्यमा 'अदालतको ठहर' भनेर अदालतको घोषणा सुनाइन्छ । काल्पनिक भन्दा पनि वास्तविक गाउालेहरूको संवादको आभास नाटक पढ्दा पाइन्छ । प्रायः जसो छोटा र सरल स्पष्ट संवाद नै यस नाटकको प्रमुख पक्ष हो । संवाद प्रयोगका हिसाबले यसमा बाबु आमा, छोरा छोरी, दिदी, बहिनी तथा षड्यन्त्रकारी र गाउालेहरू तथा प्रहरी जवान र डि.एस.पी. तथा वकिल र दर्शकका बीचमा संवाद भएको देखिन्छ ।

### ५.१.१.३.५ द्वन्द्व विधान

'साहस' नाटक द्वन्द्वको हिसाबले केही कमजोर छ किनकि पहिलो अङ्कबाट द्वन्द्व सुरु भएपनि एक पक्षीय षड्यन्त्र हुनु र त्यसको केही पत्तो अन्यलाई नहुनु पनि हो । हुन त शोषक वर्ग र शोषित वर्गका बीचको भेद र त्यसमा शोषकले आफ्नो प्रभुत्व कायम राख्न

चालेका कदमका आधारमा शोषक र शोषितका बीचमा द्वन्द्व देखिन्छ । नाटकका लागि आवश्यक तत्व द्वन्द्वमा कमजोर नाटक सफल हुन पनि सक्दैन तर त्यसो भन्दैमा यो नाटक पूर्ण रुपमा त्यस्तो छैन ।

पहिलो अङ्कको तेस्रो दृश्यबाट द्वन्द्व विस्तारै सुरु हुन्छ । विपक्षी मानिएका ओमनाथले दुर्गा, कृष्ण लगायतका पात्रलाई कुबेरका विपक्षमा उभ्याउनुबाट नै यसको सुरुवात हुन्छ । यो बाह्य द्वन्द्व हो । दृश्य दुई अङ्क दुई र तीनमा पनि शोषक वर्गका पात्रहरूमा बाह्य रुपमा शोषित वर्गमाथि विजय प्राप्त गर्ने स्वभाव देखा परेको छ ।

अङ्क तीन दृश्य दुईबाट फेरि द्वन्द्वमा केही प्रवलता देखा पर्दछ । कुबेरको हत्या पश्चात उसको परिवारका सदस्यको हत्या गर्न तम्सिनु र हत्या गर्नुले एकपक्षीय द्वन्द्व प्रवल भएको देखिन्छ । अङ्क चार र अङ्क पाँचमा भने नाटकको द्वन्द्वमा शिथिलता देखा पर्दछ तर पात्रहरूको आन्तरिक मनोद्वन्द्व भने प्रवल बन्दछ ।

आन्तरिक रुपमा दुर्गा नेम्वाङ्ग र कृष्ण दहाल बढी आन्दोलित छन् किनकि उनीहरू जागेको योजनामा लाग्ने कि नलाग्ने मनोद्वन्द्वमा फसेपनि पछि त्यतैतिर लाग्दछन् । फेरि कुबेरको हत्यापछि जागेप्रति जाइलाग्ने र त्यसको कार्य नगर्ने छोटो समयको स्वभाव देखाए पनि फेरि कुकार्यतिर नै लाग्दछन् । यसले बाह्य द्वन्द्वको प्रभावले आन्तरिक द्वन्द्वलाई जितेको पुष्टि गर्दछ । जीवन र मृत्युका बीचमा द्वन्द्व छ किनभने मर्नबाट जोगिन सरस्वती तथा उद्धव र उमेशले भरपूर प्रयास गर्छन् तर सम्भव हुँदैन । फेरि यता ज्ञानुको सोचाइ र क्रियाकलाप तथा बहिनीसँगको संवादमा आन्तारिक जीवन र मृत्युको द्वन्द्व देखा पर्दछ । त्यहाँ बहिनी जीवनका पक्षमा छे भने दिदी ज्ञानु मृत्युको पक्षमा छे तर जीवनको पक्षको विजय देखाइएको छ । अदालतमा वादी र प्रतिवादीका वकिलको तर्क र प्रस्तुतिमा सामान्य द्वन्द्व देखिन्छ तर दर्शकको दवावले वादीकै जित हुन्छ । यस किसिमले यो नाटकमा द्वन्द्वको क्रम कतै प्रवल कतै शिथिल बनेको छ ।

ओमनाथ दुलाल (जागे) शक्तिशाली बन्नु नै दुर्गा र कृष्णले जागेको प्रस्ताव स्वीकार्नु हो । यसले मूल समस्या खडा गर्दछ र नाटक द्वन्द्वात्मकतातिर बढ्दछ । जागेले हान ठोक भनेर आदेश दिएपछि अन्यपात्रले आक्रमण गर्नु उग्रद्वन्द्वात्मकताको अवस्था हो । हरेक अवस्थाबाट जागे, कृष्ण, दुर्गा लगायतका पात्रले आफू बच्न खोजे पनि अन्त्यमा असक्षम

हुन्छन् जीवनभर नारकीय जीवन जिउनु पर्ने सजाय पाउादा मुर्छित बन्छन् र आत्मग्लानि सहित आन्तारिक द्वन्द्वमा फस्दछन् ।

निष्कर्षमा भन्नु पर्दा ‘साहस’ नाटकको पात्रगत द्वन्द्व वर्ग द्वन्द्व नै हो । विपरीत दुई वर्ग बीचमा द्वन्द्व भई सुरुमा प्रतिकूल चरित्रको विजय भएपनि अन्त्यमा अनुकूल वा सत्यको जित भएको छ । केही पात्रहरू आफ्नै मनोद्वन्द्वमा फसे पनि अन्त्यमा ज्ञानु र मनुको मानसिक द्वन्द्व कडा रुपमा प्रस्तुत भएर बाहिरी शत्रुसाग प्रतिस्पर्धा गर्न सक्ने मानसिक विकासमा पुग्दछन् । तसर्थ सत्य, असत्य, धर्म, अधर्म तथा परिवर्तनकारी र पुरातनवादी बीचको द्वन्द्व नै यस नाटकको मूल द्वन्द्व हो ।

### ५.१.१.३.६ देश काल वातावरण

‘साहस’ नाटकको देश काल वातावरणको पक्षबाट विश्लेषण गर्नुपर्दा यसको स्थान पूर्वी नेपालको पााचथर जिल्लाको लुङरुपा गा.वि.सं. स्थित टिम्मुरे गाउा मूल स्थान हो यसले पााचथर जिल्लाको पिपलबोटे, तृतीय, सेजेपा र पााचथर जिल्ला अदालतसम्मको स्थानलाई समेटेको छ । इटहरीलाई भने सङ्केत मात्र गरेको छ । यस सन्दर्भमा यसको स्थान वास्तविक नेपालका ठाउाका आधारमा यथार्थपूर्ण रहेको छ । विशेष गरी कुबेर दुलालको घर र ओमनाथ दुलालको घरलाई मुख्य स्थान बनाइएको यो नाटकमा सान्दर्भिक अन्य स्थानको वर्णन पाइन्छ ।

(काल) समयको हिसाबले यो नाटकले वि.सं. २०५० साल वैशाख १० गते देखि मार्ग २३ गते सम्मको लामो समयलाई सङ्केत गरे पनि त्यस भित्रका केही दिन र रातको घटना मात्र प्रस्तुत छ । दिनको र रातको समयको कथानक बोकेको यो नाटकको मुख्य घटना भने रातको समयमै घटेको छ । कुबेर र उसका परिवारको हत्या तथा हत्याको योजना पनि रातको समयमा नै भएको हो । नेपालमा प्रजातन्त्र पुर्नस्थापना भए पश्चातको वि.सं. २०५०/५१ साल तिरको समयलाई नाटकमा देखाइएको छ ।

सामाजिक परिवेशको सन्दर्भमा नेपालको पूर्वी भागमा राजनीतिले ल्याएको परिवर्तन र पार्टीका कार्यकर्ताले समाजमा सकारात्मक परिवर्तन ल्याउन गरेका कार्यगत प्रयासका विरुद्धमा जुागे लगायतले गरेको कार्य समकालीन नेपालको अवस्थाको वातावरण हो । हालमा पनि समाजमा राम्रा काम गर्न चाहने व्यक्तिका विरुद्धमा रातारात योजना बनाएर

आफू अनुकूल चाहनेले षड्यन्त्र गरेर फसाउने र हत्या गर्ने कुराहरु भइराखेका छन् । तसर्थ यो नाटकले नेपालको समसामयिक सन्दर्भलाई बोकेको छ । अन्याय अत्याचार मच्चाएर सोभ्रा-साभ्रा गरीब गाउालेहरूलाई धम्क्याउने र आफ्नो बसमा पारेर शोषण गर्ने, हत्या गर्ने, करणी गर्ने जस्ता कार्यले नाटकलाई आजको यथार्थ पूर्ण नेपाली समाजको चित्र बोक्न सफल बनाएको छ । नाटकले वर्तमान युगको सामयिक सामाजिक परिस्थितिको उद्घाटन गरेको छ । त्यस्तै नाटकले न्यायको पक्षमा लाग्ने र कानुनी सिद्धान्तमा विश्वास राख्ने नेपाली समाज र अड्डा अदालतको पनि वर्तमान परिस्थितिकै सन्दर्भमा व्याख्या गरेको छ । नारीहरूलाई पढ्न पाउने अधिकारको प्रयोग गर्न दिएको तथा पुरुष समान कुनै पनि कार्य गर्न सक्ने बनाउने नेपाली समाजको वर्तमान वातावरणीय सोचको उद्घाटन गरेको छ । यस नाटकले राजनीतिक परिस्थितिको उद्घाटन गरेको छ किनकि कुबेर दुलाल जस्ता सच्चा कार्यकर्ता र कृष्ण तथा दुर्गा नेम्वाङ्ग जस्ता अवसरवादी कार्यकर्ताको पात्रगत प्रस्तुति गराएर हत्यामा संलग्न भई पार्टीको सिद्धान्त र वर्गचेत विपरीत कार्य गर्ने केही व्यक्तिहरूको स्वभावको पनि वर्तमान सन्दर्भकै आधारमा उद्घाटन गरिएको छ । राजनैतिक पार्टीको वास्तविक नाम र सोही अनुरुप सिद्धान्तगत कार्य पनि भएको देखाइएबाट यसले यथार्थ सन्दर्भलाई प्रस्तुत गरेको भन्न सकिन्छ ।

तसर्थ देशकाल वातावरणको आधारमा नेपालको पूर्वी जिल्ला पााचथर र आसपासमा घटेको वास्तविक घटनालाई नाटकीय समय र परिवेश दिएर यो नाटक लेखिएको छ ।

### ५.१.१.३.७ भाषाशैली

'साहस' नाटकको भाषाशैली सरल किसिमको बोलचालको भाषिक प्रयोगमा आधारित छ । सहज, स्वभाविक, मार्मिक भाषिक प्रयोगले नाटक रोचक बनेको छ । बौद्धिक पाठकको अपेक्षा गरिरहनु नपर्ने सामान्य साावा नेपाली अक्षर पढ्न सक्नेले पनि बुझ्ने किसिमको भाषिक प्रयोग छ । सामान्य घरगाउाले भाषाको प्रयोग भएपनि कुबेरको कताकताको भाषिक प्रयोग केही स्तरीय छ । साथै अन्त्यमा ज्ञानु र मनुको संवादमा प्रयुक्त भाषा बढी मार्मिक र संवेध रहेको छ । अदालतले गरेको घोषणामा अदालतीय कानुनी भाषाको प्रयोग छ । पात्रहरू आफ्नो स्तर अनुसारको भाषा बोल्दछन् । ओमनाथ जुागेले अन्यपात्र भन्दा तुच्छ किसिमको भाषा प्रयोग गर्दछ । जस्तैः- हान ठोक, चोरलाई, कसैले

च्यात, कसैले बजियाको खुन पेओ, कसैले बजियाको कपडा च्यातचुत पार, म पनि बजियाको, एक घुड्की खुन पिउाछु ।" त्यस्तै अर्को ठाउामा "ठोक केटा हो । बेश्यालाई .......... ता बेश्यालाई चाहियो दाई ।" यसरी यस नाटकमा भाषाको प्रयोग स्वभाविक रहेको देखिन्छ ।

शैलीका दृष्टिले 'साहस' नाटक वर्णनात्मक र संवादात्मक शैलीमा प्रस्तुत छ । यसले पूर्वीय नाटयमान्यता भन्दा पाश्चात्य नाटयमान्यताकै नाट्य शैलीलाई अङ्गीकार गरेको देखिन्छ ।

## ५.१.१.३.८ उद्देश्य

अतिमार्मिक यथार्थ घटना जो कोहीको मनमा चस्का दिने र आाखा रसाउने घटनालाई काल्पनिक कुरा दिएर समाजको यथार्थ कुरा समाज सामु छर्लङ्ग पार्नु यस नाटकको मूल उद्देश्य रहेको छ । समाजमा पापी, राक्षसी प्रवृत्ति भएका व्यक्तिहरूले कतिसम्म अन्याय, अत्याचार गर्नसक्छन् भन्ने कुरा देखाएर त्यसप्रति सचेत हुने चेष्टा पनि यस नाटकको उद्देश्य रहेको छ । ऐतिहासिक वास्तविक घटनाको प्रस्तुति गरी निर्दोष रहेका देशका एक कर्मठ योद्धा प्रति समर्पणको भाव राखेर रचना गरिएको यो नाटकको उद्देश्य कुवेर र कुवेरको परिवारको सम्मान तथा ने.क.पा. (एमाले)को केही राजनैतिक जनभावनाको प्रस्तुति पनि हो । यसले समाजमा क्रान्ति (परिवर्तन) आवश्यक भएको देखाउादछ । साथै अभियुक्तलाई उचित कारबाही भएको जानकारी दिएर गहिरो चोट लागेका व्यक्तिलाई मलमको काम भएको छ ।

यस नाटकको वास्तविक शीर्षक 'साहस' भएकोले जस्तोसुकै आपत परे पनि छोरा छोरी जे भएपनि धैर्यता अपनाएर जीवनवादी धारणाका साथ क्रान्तिकारी बनेर अगाडि बढ्नु पर्छ भन्ने धारणाको विकास गराउनु पनि मुख्य उद्देश्य रहेको पाइन्छ । "यसरी उद्देश्यमा सामान्य नै रहेको यो नाटकलाई ने.क.पा. (एमाले) पार्टीको हित विपरीत लेखेको भनेर केही ठाउामा जलाएको जानकारी पनि छ तर यो दर्शक/पाठकको मायाले अमर कृति बन्दैछ ।"[४८]

## ५.१.१.३.९ अभिनय

---

[४८] शोधनायकबाट प्राप्त जानकारी ।

केही दिनको घटनालाई बहन गर्ने यो नाटक बहुल पत्र भएको तर थोरै सामग्रीको माग गर्ने भएकोले अभिनयका दृष्टिले सफल नै छ । सामान्य बोलचालको भाषा प्रयोगले अभिनयमा थप सहयोग पुगेको पनि छ । तर रङ्गमञ्चमा देखाउन समस्या पर्ने हत्या र करणीका दृश्यले यसलाई केही अप्ठयारोमा पारेको छ । दर्जनौ पटक सफल प्रदर्शन भएको यो नाटक अभिनयका दृष्टिले उत्कृष्ट नाटक बनेको छ ।

### ५.१.१.३.१० शीर्षक र ‘साहस’ नाटकको सम्बन्ध

‘साहस’ शब्दको शाब्दिक अर्थ कठिन काम गर्ने आाट वा हिम्मत भन्ने बुझिन्छ । वास्तवमा यो नाटकको सार पनि त्यही बनेको छ । तर नाटकको सुरुवात र अन्त्यको घटनाको स्थिति हेर्दा अन्त्यमा मात्र यो ‘साहस’ केही सान्दर्भिक देखिन्छ । कुबेर दुलालको हत्या गर्ने र परिवार सखाप पार्ने जुागे लगायतका पात्रको कार्य उनीहरूको आफू अनुकूल साहसिक कार्य बनेपनि समाज र न्यायको आाखामा दुस्सहास बनेको छ । दुस्सहासपूर्ण कार्य वा घटनापछि ज्ञानु र मनु दुई छोरीहरूमा साहसको भावना जगाएर नाटकले शीर्षकसाग तालमेल मिलाएको छ । ज्ञानु जस्ती पढाइमा लगनशील एक सच्चा देशभक्त योद्धाकी छोरीले कलिलो उमेरमा ठूलो दुघर्टना बेहोर्नु पर्दा साहस गुमेको देखाइएको छ । तर बहिनी मनुले विश्व इतिहासमा नारीहरू पुरुष समान छन् भनेर आाट, हिम्मतका साथ क्रान्तिकारी धारणाको विकास गराउादछे । मर्नु कायरता हो; शत्रुसाग लडेर बााच्नु ‘साहस’ हो तसर्थ न्यायको पक्षमा लागेर बुबाआमाको सपना अनुरुप देशको सेवा गर्न सक्नु पर्छ भन्ने उत्साही वाक्य मनुले गरेपछि दुवैजना साहसिक कार्य गर्ने निर्णय गर्छन् र शत्रुसाग लड्न आफ्नो गाउा फर्कन्छन् । तसर्थ ‘साहस’ शब्दको शाब्दिक अर्थ नाटकीय घटनाको अन्तिम कथावस्तुमा मनु र ज्ञानुको अवस्थामा मेल खाएको आधारमा शीर्षक सार्थक छ । जो कोहीलाई दुःखमा नआतिई साहस बटुलेर जस्तोसुकै घटना दुघर्टना सम्हाल्न सक्नुपर्छ र महान विचार लिएर परिवर्तन र न्यायमुखी बन्न सक्नुपर्ने पनि सन्देश र शीर्षक तथा नाटकको अन्तरसम्बन्ध रहेको छ ।

## ५.१.२ एकाङ्कीकारका रुपमा देवी ‘क्षेत्री’ दुलाल

### ५.१.२.१ आमुख

देवी 'क्षेत्री' दुलालको प्रकाशित पुस्तकाकार एकाङ्की सङ्ग्रह 'सेतो परेवा' (२०५५) हो । यसमा जम्मा ६ वटा एकाङ्कीहरू सङ्ग्रहित छन् ।

देवी 'क्षेत्री' दुलाल साहित्य क्षेत्रमा नाटक र एकाङ्की विधामा प्रखर रुपमा प्रस्तुत भएका व्यक्तित्व भएका कारण एकाङ्कीहरू सङ्ख्यात्मक र गुणात्मक रुपमा उत्तिकै प्रभावकारी बनेका छन् । खासमा भन्ने हो भने दुलालको मुख्य साहित्यिक उपलब्धिको विधा नै एकाङ्की हो किनकि अन्य प्रकाशित कृति र फूटकर रचनाहरूका तुलनामा सङ्ख्या र गुण दुवै आधारमा एकाङ्की रचना बढी मात्रामा उत्कृष्ट छन् । जो कोही समीक्षक, पाठक तथा दर्शकको विश्लेषणमा पनि उनी एकाङ्कीकारका रुपमा नै बढी चिनिन्छन् । उनको 'सेतो परेवा' एकाङ्की सङ्ग्रहमा सेतो परेवा, जोखाना, सासू-बुहारी, रुने मान्छे, बााच्ने रहर तथा सगरमाथाकी छोरी 'सारु' शीर्षकका एकाङ्कीहरू समाविष्ट छन् । "फुटकर रुपमा 'म जेठो छोरा किसान जन्माउाछु', 'मुख्य समाचार', 'घाास खाने मान्छे', 'ता बोक्सी', 'अन्तिम दृश्य', 'दशै', 'खप्पर', 'पाथीभरा देवीको उत्पत्ति', तथा 'अभिनन्दन', शीर्षकका एकाङ्की रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भैसकेका छन् । त्यस्तै 'आमाको चित्कार', 'विहे', 'कस्तो छ प्रजातन्त्र तिम्रो स्वाद' ? 'चोखो प्रीति' लगायत दर्जनौ एकाङ्की रचनाहरू अप्रकाशित रुपमा रहेका छन् ।"[४९] एकाङ्की बढी रुचाउने दुलाल वर्तमानमा पनि एकाङ्की लेखनमा उत्तिकै सक्रियताका साथ लागेका छन् । यस आधारमा देवी 'क्षेत्री' दुलालको साहित्यिक परिचयको पर्यायवाची विधाका रुपमा एकाङ्की विधा रहेको स्पष्ट हुन आउाछ ।

दुलालको सेतो परेवा एकाङ्की संग्रह भित्रका एकाङ्कीहरूको एकाङ्कीगत तत्वका आधारमा परिचयात्मक विश्लेषण गरिएको छ । वर्तमान युगीन समाजको विविध पक्षप्रति एकाङ्की सङ्ग्रहका आधारमा ध्यानाकर्षण गरिएको छ ।

## ५.१.२.२ 'सेतो परेवा' एकाङ्की सङ्ग्रह भित्रका एकाङ्कीहरूको अध्ययन र विश्लेषण

### ५.१.२.२.१ 'सेतो परेवा' एकाङ्कीको अध्ययन र विश्लेषण

---

[४९] ऐजन ।

प्रस्तुत 'सेतो परेवा' एकाङ्की यसै सङ्ग्रहको प्रथम एकाङ्की हो । यो एकाङ्की सङ्ग्रहको प्रतिनिधि एकाङ्की पनि हो । लेखकको प्रतीकात्मक शीर्षक र कथावस्तुमा अन्तरसम्बन्ध भएको यो एकाङ्की शान्तिको पक्षमा उभिएको छ ।

५.१.२.२.१.१ कथावस्तु

प्रस्तुत एकाङ्की एउटा परिवारको सिकुवामा बसेर परिवारिक गफगाफ र विशेष गरी जीवा रामेश्वरको १०० औं जन्मदिन मनाउादै गरेको अवस्थाबाट घटनाक्रमको सुरुवात भएर विस्तारै अगाडि बढ्छ । यो सामाजिक मौलिक कथावस्तु भएको एकाङ्की हो ।

रामेश्वर बाबु १०० औं जन्म दिवस मनाउादै छन् । १०० वर्षको (एक शताब्दीको) विश्वका सुख दुःखलाई उसले आफ्नो जीवनसाग जोडेर आफ्ना सन्तानलाई इतिहास बनाउाछन् । उसमा १०० वर्षको नेपालको र विश्वको र विशेष गरी युद्धले विक्षिप्त पारेको अवस्थाको ज्ञान छ । छोरा कैलाश, बुहारी टिनु, नाति आकाश, नातिनी सितबिन्दु, नातिनी बुहारी सिरेटो र पनाति भूगोल सबै जना आफ्नो युग अनुसारको भाषा भेषमा जन्मदिन मनाउाछन् । जीवालाई सम्मान गर्छन् र जीवाबाट प्रेरणा ग्रहण गर्दछन् ।

यस एकाङ्कीका नायक रामेश्वरबाबु (जीवा) भएकोले उनकै सेरोफेरोमा कथा अघि बढ्छ । जन्मदिनको दिन एकै परिवारका सातजना पात्रहरूको उपस्थितिमा जन्मोत्सव मनाउन एक जोडी परेवा ल्याइएको हुन्छ । परम्परागत विधि अनुसार दियो, कलश, रातो-अक्षता लगायत जन्मदिनमा स्वेच्छाले दिइने उपहारका साथ घरको सिकुवामा जन्मदिन मनाइन्छ । जीवाले आशीर्वाद दिन्छन् र आफ्नो जीवनको इतिहास सुनाउाछन् साथै शान्तिको कामना गर्दै आफ्ना पुस्तालाई शान्ति स्थापनामा लाग्न र देश विदेशमा शान्तिको सन्देश छर्न आग्रह गर्छन् । एक जोडी 'सेतो परेवा' मेरो जीवनको एकाङ्की भनेर आकाशमा उडाउाछन् । सबै जना क्षितिजमा परेवा हेर्छन् र पर्दा बन्द हुन्छ ।

यस एकाङ्कीको कथावस्तुले एकाङ्कीगत समय र पात्रलाई अनुशासित रुपमा पालन गर्दै गहन विषय वा विचारलाई प्रस्तुत गरेको छ । एकाङ्कीले एउटा पुष्ट विषय वा विचारको प्रतिपादन गर्नुपर्ने मान्यता बमोजिम यो एकाङ्की पनि महान विचारमा अडिग रहेको छ ।

तीन पुस्ताका पात्रगत जीवनको कथावस्तु र त्यसभित्रका विश्वको स्थिति र घटनाको सङ्केत र विश्वमानव समुदायका लागि आवश्यक शान्तिको कामना यस एकाङ्कीको

मूल विषय हो । एक शताब्दीका विश्व मानव समुदायका परिवारमा युद्धले दिएको पीडा र जर्जर अवस्थाबाट गुज्रिादै आएको जीवा शताब्दीकै शान्तिका बाहक बन्ने प्रयासमा छन् । आफू एक शताब्दीको पर्यायवाची रुपमा प्रस्तुत हादै यसको विषयवस्तुमा आफूले केही दिन नसकेको जनाउाछन् । विश्वको एक शताब्दीको प्रतीकात्मक बूढो मान्छेका रुपमा जीवाले एकाङ्कीको विषयको प्रतिनिधित्व गर्दछन् ।

यो भूगोललाई केही दिन नसकेको अवस्थामा एक शताब्दी बितेको र जात-जात बीचको द्वन्द्व चर्क्यो, प्यालेष्टाइनी, इज्रायली, भियतनामी, जापानी, चिनियाा, अङ्ग्रेजी आदि देशका जातित्व र देशभक्तिका नाममा युद्ध भएको र त्यसले मानवलाई असर गरेको कुरा एकाङ्कीको कथामा रहेको छ । मण्डेला, टेरेसा सबै भएर युद्धमा रोएको, मारेको, मरेको, साथै हाासेको, हसााएको खराब इतिहासलाई नै नयाा शताब्दीलाई उपहार भनेर एकाङ्कीकार ती अवस्थालाई वर्तमानमा देखाउाछन् ।

'सेतो परेवा' एकाङ्की सङग्रहकै प्रतिनिधि एकाङ्की हो । यसमा सेतो परेवा शीर्षक जो विश्वमा शान्तिको प्रतीक मानिन्छ, त्यसलाई जनाइएको छ । आफू शताब्दी कै अवशेष भएको विषय प्रस्तुत गर्दै रामेश्वर बाबु लेखककै प्रतीकात्मक पात्र हुन पुगेका छन् किनकि मेरो यो जीवनको एकाङ्की उपहार भनेर लेखकले 'सेतो परेवा' समानको एकाङ्की सङ्ग्रह पस्किएर विश्व भर विशेष गरी नेपालका नयाा पुस्तालाई नेपालमा शान्ति ल्याएर सोही सन्देश छर्ने प्रेरणा प्रदान गरेका छन् । जातजाति धर्म गोत्र, थर र अन्धविश्वासका पर्दा च्यात्नु पर्ने धारणा व्यक्त गर्दै एकाङ्की उपहार दिएका छन् । नेपालका फेमे, हेवाा, सन्तपुर र सगरमाथालाई साक्षी राखेर भौगोलिक एकता र विश्वमानवका विभेदका पर्खाल तोडेर सबै विश्वमानव समुदायमा विश्वबन्धुत्व र शान्तिको कामना गर्ने सन्दर्भमा एकाङ्कीको कथावस्तु सक्षम बनेको छ । नयाा शताब्दीलाई, नयाा विश्वलाई जीवाको जीवनयात्राबाट विश्व इतिहासका कष्टप्रद यात्राबाट टाडिादै त्यो इतिहास उपहार दिएर प्रयोग नगरी संजाउान आग्रह गरिएको छ । यस्तै विश्व परिवेश र मानवसमुदाय, युद्ध, सन्त्रास, धर्म, जात, वर्गभेद, अन्धविश्वास आदिको छत्रछाायामा हुर्केको एक शताब्दीको विश्वको अवस्था अवगत गराएर अब शन्ति सद्भाव तर्फ ढल्कने प्रेरणा प्रदान गरिएको मूल विचार नै यस एकाङ्कीको मूल विषय बनेको छ ।

यो एकाङ्कीको कथानकले नेपाली भेषभूषालाई पनि समेटेको छ । हजुरबाको समयको, बुबाको समयको, छोरा नातिको समयको भेषभूषा र भाषाको बारेमा पनि थोर

बहुत जानकारी दिन्छ । नेपाली समाज कसरी परिवर्तन हुादैछ । आफ्नो मौलिकता कसरी हराउादै छ भन्ने कुराको सङ्केत पनि यस एकाङ्कीको कथावस्तुले गरेको छ । यो कथावस्तु प्रधान एकाङ्की हो । घटना भन्दा पनि भइसकेका कुराको प्रस्तुति मुख्य रहेको छ । छोटो कथानक भएको करीब साढे चार पृष्ठको छोटो कलेबरमा सजिएको यसको कथानक उत्कृष्ट रहेको छ ।

५.१.२.२.१.२ पात्रयोजना (चरित्रचित्रण)

५.१.२.२.१.२.१ मुख्यपात्र

रामेश्वरबाबु

यस एकाङ्कीका नायकका रुपमा मञ्चमा प्रस्तुत हुने पात्र रामेश्वर बाबु हुन् । उनी उमेरमा शताब्दीकै जेठा व्यक्तित्वका रुपमा एकाङ्कीमा उपस्थित हुन्छन् । छोरा, छोरी, नाति नातिनी तथा पनातिलाई समेत हुर्काउन पाएका रामेश्वरबाबु 'एक शताब्दी' नै हुन् । उनले शताब्दीको विश्वलाई चिनेका छन् । विश्व यात्रामा सहभागी भएर रक्ताम्मै हुने जीवन यात्रामा हिाडिरहेका छन् । उनी प्रतीकात्मक पात्र पनि हुन् । एक त शताब्दीका विश्व देख्ने पात्र पनि हुन् र सेतो परेवा एकाङ्की पस्कने लेखककै प्रतीकात्मक पात्र पनि हुन् । एकाङ्कीमा पात्र प्रतीकात्मक हुनु उचित मानिन्छ त्यही अनुरुप रामेश्वर बाबु पनि रहेका छन् । यस एकाङ्कीमा रामेश्वरको मुख्य भूमिका रहेको आधारमा नायकत्वको भूमिकाका साथै एकाङ्कीको मूल विचार प्रत्यक्ष र परोक्ष रुपमा प्रस्तुत गर्ने पात्र पनि हुन् । समुदायका मानिसहरूको विश्व एउटा घर हो र त्यो घरका प्रेरणा पात्र जीवा हुन् । उनले यस एकाङ्कीमा आफ्ना परिवारका तीन पुस्ताका सदस्यलाई युद्धको विरोधी भएर शान्तिको आवाज दिनु विश्वका तीन पुस्ताका आजका सन्तानलाई आवाज दिएको हुन्छ तसर्थ जीवा धर्म, संस्कृति जातिपाति आदि अन्धपरम्पराको साङ्लो चुडाएर मार्क्सको वर्गविहिन समाजको परिकल्पना गर्ने पात्र हुन् । बुढो क्रान्किारी विचार भएका जीवा प्रगतिशील विचार धाराका व्यक्तित्व हुन् । लेखकको एकाङ्की शान्ति छर्न सहयोगी बनोस् भन्ने सङ्केत गर्ने पात्र पनि जीवा नै हुन् । यसमा जीवाकै सेरोफेरामा अन्य पात्रहरूको सहायक र गौण भूमिका रहेको छ । जीवा पात्रकै प्रस्तुति र विचारमा समर्थनका लागि अन्य पात्रहरू मञ्चमा सहयोगी भएर आउाछन् ।

### ५.१.२.२.१.२.२ सहायक पात्र

कैलाश

यस एकाङ्कीको सहायक पात्रका रुपमा लिन सकिने कैलाशको एकाङ्कीमा सामान्य भूमिका रहेको छ । बुबाको जन्मदिनको क्षणलाई गौरवको क्षण भन्न रुचाउने कैलाश आफ्ना बुबाको मान गर्ने र मर्यादामा रहने सच्चा नेपाली छोराको भूमिका निभाउने पात्र हो । आफ्ना पिताजीको लामो अनुभवपूर्ण इतिहास सुनेर सकारात्मक सोच राख्न चाहने पात्र हो । उसको भेषभूषामा टाइसुट रहेकोले ऊ शिक्षित पात्रको रुपमा एकाङ्कीमा मञ्चमा प्रत्यक्ष देखिने पात्र हो ।

टिनु

नारी पात्रको रुपमा एकाङ्कीमा देखिने टिनु एउटा परिवारकी बुहारी पात्र हुन् । परिवारको गृहिणीका रुपमा प्रस्तुत भएर जीवाबाट आशीर्वाद थाप्ने र अङ्ग्रेजी भाषा मिसाएर कुरा गर्ने मञ्चीय पात्र हो ।

भूगोल

यस एकाङ्कीमा उपस्थिति, संवाद र मञ्चीयताका हिसाबले भूगोल सहायक पात्र हो । उसले यस एकाङ्कीमा आजका हुर्कदै  गरेका बालकहरूको प्रतिनिधित्व गरेको छ । यसको भाषा प्रयोग र व्यवहार सामान्य नेपाली व्यवहार भन्दा फरक छ । फोटो खिच्ने, रमझम गर्न रुचाउने भूगोल आजको विश्व (भूलोग) कै प्रतिनिधित्व गर्ने पात्र हो । बढी मात्रामा अङ्ग्रेजी भाषा मिसाएर बोल्ने भूगोल वर्तमान सन्दर्भकै पात्र हो ।

सिरेटो

सिरेटो भनेको चिसो चर्को हावा हो जसले शितलता नभएर चिसो दिन्छ तर यहााकी सिरेटो जीवाकी नातिनी बुहारी पात्रका रुपमा प्रस्तुत छ । यसको एकाङ्कीमा सामान्य भूमिका रहेको छ । भाषामा अङग्रेजी मिसाएर बोल्ने आधुनिक प्रवृत्तिकी नारी पात्रका रुपमा मञ्चमा उपस्थित हुने सिरेटो मञ्चीय पात्र हो ।

शितबिन्दु र आकास

शितबिन्दु रामेश्वर बाबुकी नातिनी पात्रका रुपमा एकाङ्कीमा प्रस्तुत छ । यसको पनि भाषाभेष आधुनिक किसिमको छ । उसको थोरै संवादको सामान्य भूमिका रहेको छ । आकास नाति पात्रको रुपमा प्रस्तुत हुने मञ्चीय पात्र हो । शितबिन्दु र सिरेटो जस्तै प्रवृत्ति भएको आकास एकाङ्कीमा सामान्य भूमिका भएको पात्र हो ।

## ५.१.२.२.१.३ संवाद

प्रस्तुत एकाङ्कीमा प्रस्तुत संवाद सरल किसिमको छ । जीवा बाहेकका पात्रहरू छोटा-छोटा वाक्य भएका संवाद प्रयोग गर्छन् भने जीवा चाहि विस्तारपूर्ण केही लामा संवाद प्रस्तुत गर्छन् । सामान्य बोलीचालीको भाषा र विशेष गरी जीवा बाहेकका पात्रहरू अङ्ग्रेजी भाषा मिश्रित संवाद प्रयोग गर्छन् । पात्र अनुकूल संवाद स्वभाविक छ । गद्य भाषामा यसको संवाद आधारित छ ।

## ५.१.२.२.१.४ द्वन्द्व

द्वन्द्व तत्वका आधारमा यो एकाङ्की कमजोर छ । यसमा आन्तारिक र बाह्य दुवै प्रकारको द्वन्द्व नभएर पूर्व स्मरणको सङ्केत मात्र छ । शान्त र एकै किसिमका अनुकूल पात्ररू भएकोले पात्रगत द्वन्द्वको विकास हुनै पाएन तर यस एकाङ्कीले एकसय वर्षको समयका युद्ध तथा सन्त्रासपूर्ण अवस्थाको सङ्केत गरेर सामान्य स्मृतिगत द्वन्द्वलाई जनाएको छ । जीवाको मनमा द्वन्द्व भन्दा पनि चिन्ता छ तसर्थ यो एकाङ्की द्वन्द्व तत्वमा कमजोर छ ।

## ५.१.२.२.१.५ देशकाल वातावरण

कुनै एउटा परिवारको सिकुवा र घरलाई मूल स्थान बनाइएको यो एकाङ्कीको स्थानले सम्पूर्ण विश्वलाई सङ्केत गर्दछ भने समयको हिसाबले यो एकाङ्की छोटो समयको पृष्ठभूमिमा संरचित छ तर एकसय वर्ष अगाडिदेखि भावी भविष्यको समयको समेत सङ्केत भने यसमा छ । त्यस्तै युद्धको विभिषिका र कष्टपूर्ण जीवन भोग्ने मानव समुदायको

वर्तमान पर्यावरणीय परिवेश यस एकाङ्कीको परिवेश हो । आधुनिक तर प्रगतिशील यथार्थपूर्ण परिवेश उद्घाटन गर्ने भाव बोक्ने एकाङ्कीका रुपमा यो एकाङ्की उभिएको छ ।

### ५.१.२.२.१.६ भाषाशैली

साधारण बोलचालको नेपाली भाषा लगायत अङ्ग्रेजी शब्द मिश्रित भाषाको प्रयोग छ । तर त्यति गाह्रो भने लाग्दैन । नेपाली मात्र लेखपढ गर्नेलाई भाषामा सामान्य समस्या पर्न सक्छ । जन्मदिनलाई 'बड्डे' धन्यवादलाई 'थोक्स' जस्ता शब्द प्रयोग गर्नु र कतै त 'आइ ओ टू यू सिरेटो' जस्ता वाक्यनै अङ्ग्रेजीका प्रयुक्त छन् । आधुनिक सोच र पर्यावरणको प्रभावलाई एकाङ्कीले भाषागत रुपमा ग्रहण गरेको छ । थेगो समेत प्रयोग गरिएको र कतै गद्य कवितामय भाषिक प्रयोगले एकाङ्कीको भाषालई रोमाञ्चपूर्ण बनाएको छ ।

शैलीका हिसाबले संवादात्मक र पूर्वस्मृति शैली अङ्गालिएको छ । प्रतीकात्मक पात्र र व्यवहारको विषयवस्तुको पुष्टि गर्दै 'सेतो परेवा' एकाङ्कीय स्वरुपलाई संरचित तुल्याएको छ । यसमा केही दुःखपूर्ण अवस्थाको वर्णन भएपनि सुखान्तीय प्रवृत्तिको शैली अङ्गालिएको छ ।

### ५.१.२.२.१.७ उद्देश्य

यो एकाङ्कीमा मुख्य रुपमा शान्तिको कामना गर्दै सम्पूर्ण मानवलाई त्यसतर्फ जागरुक हुने उद्देश्य राखिएको छ । धर्म, जात अन्धविश्वासले मान्छेलाई देश देशको घेराभित्रबाट टाढा राखेर विश्ववन्धुत्वको भावनामा लाग्ने प्रेरणा प्रदान गर्दै नेपाली भूमिमा सेतो परेवा उडाएर काठमाण्डौं लगायत देशमा शान्ति छर्दै अन्यत्र पनि शान्तिको कामना गर्न र सन्देश छर्न लाग्नु पर्ने प्रेरणा प्रदान गर्नु नै यस एकाङ्कीको मुख्य उद्देश्य हो । एक शताब्दीको कुरा प्रस्तुत गर्दै भिन्न शैलीमा छोटो नाटिकाको रुपमा प्रस्तुत र आफ्नै मौलिक पृष्ठभूमिमा संरचित हुनु पनि यसको उद्देश्य हो ।

### ५.१.२.२.१.८ अभिनेयता

यो एकाङ्की रङ्गमञ्चीयताको हिसाबले थोरै साजसज्जापूर्व सामाग्रीका साथ मञ्चन गर्न सकिने देखिन्छ । छोटो समया सातजना पात्रले सानो सिकुवा वा सो जत्रै रङ्गमञ्चमा

यो एकाङ्की प्रदर्शन गर्न सकिन्छ तसर्थ सामान्य किसिमको गाउाघरकै मञ्चमा पनि प्रस्तुत गर्न सकिने यो एकाङ्की मञ्चन योग्य एकाङ्की हो ।

### ५.१.२.२.१.९ शीर्षक सार्थकता

‘सेतो परेवा’ एकाङ्कीको शीर्षक एकाङ्कीको विषय र मूल भावसाग सम्बन्धित छ । विश्वमा शान्तिको वाहक मानिने ‘सेतो परेवा’ यस एकाङ्कीमा पनि शान्तिको बाहककै प्रतीकका रुपमा रहेको छ । मञ्चमा ‘सेतो परेवा’ ल्याएर प्रत्यक्ष रुपमा उडाउनु र उपहारको रुपमा सङ्केत गर्दै लेखकको एकाङ्की सङ्ग्रहलाई सेतो परेवा भन्नु र जीवाले आफ्ना सन्ततिलाई शान्तिको कामना गर्दै त्यसतर्फ उत्प्रेरित गर्नुले पनि शीर्षक अनुसार एकाङ्कीको कथानकको संरचना सम्बन्धित र सार्थक बनेको स्पष्ट हुन्छ । नेपालमा र विश्वमा युद्ध र अशान्ति फैलिएको बेला रचना गरिएको यो एकाङ्कीले भावी सन्ततिका लागि शान्ति अतिआवश्यक रहेको छ तसर्थ शताब्दीदेखिका युद्ध, हत्यालाई छाडेर इतिहासको सन्दर्भका आधारमा वर्तमानमा विश्व मानव समुदायका लागि अपरिहार्य बनेको ‘सेतो परेवा’को प्रतीकात्मक अर्थ ‘शान्ति’ बनेकोले यसको शीर्षक सार्थक रहेको प्रष्ट हुन्छ ।

### ५.१.२.२.२ ‘जोखाना’ एकाङ्कीको अध्ययन र विश्लेषण

‘सेतो परेवा’ एकाङ्की सङ्ग्रहमा दोस्रो एकाङ्कीका रुपमा पृष्ठ सङ्ख्या ६,७,८ र ९ मा प्रकाशित ‘जोखाना’ एकाङ्की वि.सं. २०५३/५४ को उत्कृष्ट रचनाका रुपमा ‘बगर’ विशेषङ्कमा प्रथम पटक प्रकाशित भएको थियो ।[५०] यो एकाङ्कीलाई हामी कथावस्तु र पात्रका आधारमा सामाजिक परम्परामा नयाा सोचको विकास गराएर आधुनिक समाज निर्माण गर्न लेखकले चाहेको र विकृत्ति विसङ्गतिप्रति व्यङ्ग्य गर्दै शैक्षिक चेतनाको बिज छर्ने जमर्को गरेको भन्न सक्छौं । समाजका मध्यम वर्गीय पात्रमार्फत गहन कुरा प्रस्तुत गराएर आफ्नो विचारलाई लेखकले एकाङ्कीमा प्रस्तुत गरेका छन् ।

### ५.१.२.२.२.१ कथावस्तु

‘जोखाना’ एकाङ्कीले नेपाली समाजमा जोखाना हेराउने र चिन्ता राख्ने सन्दर्भको कुरालाई विषयको रुपमा ग्रहण गरेको छ । पालीटारे कान्छाका घरमा चिन्ता राखिएको छ । बनझ्ााक्री (साइाला कामी) ले चिन्ता सुरु गर्छ । गाउाका खत्री बूढाले किन चिन्ता राखेको

---

५० ऐजन ।

भनेर सोधे पश्चात चिन्ताको खास उद्देश्य पालीटारे कान्छाले बताउाछन् । गाउाघरमा हैजा, देशान्तर विगविगी भएको र देशको कााचो जागित्र, हुइाचेभूत र चुडेलले खत्तम गर्न लाग्यो र बनझााक्रीलाई चिन्ता राख्न बोलाएको जानकारी गराउादछन् साथै कााचो जागित्र पूर्व पश्चिम र दक्षिणबाट दिनदाहडै पसेकोले झााक्री राखेर धपाउनु पर्ने र फेरि आउन नसक्ने बनाउने चिन्ताको उद्देश्य बताउाछन् । यसै क्रममा हर्केले पनि कथालाई जोड दिादै बाटोघाटोमा बन्देज गर्नुपर्ने, कााचो जागित्रले गाउाघर सखाप पार्न लागेको र मेची महाकालीमा लाशैलाश भएको र रक्ताम्मे भएको अवस्था जाहेर गर्दछ । चिया पिउने क्रम पनि चल्दछ । झााक्रीले चिन्ता सुरु गरेर नेपाली माथि साम्राज्यवादी विदेशी प्रभाव बढ्दै गएको र भाषामा, फेसनमा, खाइपियाइमा, बसाइउठाइमा, हसाइा, बोलाइमा नदी, पहाड, आकाश धर्ती सबैमा साम्राज्यवादले प्रभाव पारेको बताउाछ साथै त्यसको समाधानका लागि झााक्रीले सन्तानलाई शिक्षा दिनुपर्ने र साम्राज्य विस्तार गर्ने चुडेललाई ज्ञानले बान ठोक्ने सुझाव पनि दिन्छन् । यस एकाङ्कीको कथामा झााक्रीले भाषामा अङग्रेजी प्रभाव, संस्कृतिमा हिन्दी प्रभाव बढेको र मेचीकोशीसम्म जताततै साम्रज्यवादको प्रभाव र विस्तार बढदै गएको र त्यसका लागि भावी सन्ततिलाई कलम, मसी, किताब, कापी दिएर ज्ञानको ज्योतिले बान ठोकेर हटाऊ भनेर सुझाव दिन्छन् । नेपाली गीत सङ्गीतमा पनि हिन्दी भाषाको प्रभाव बढेको प्रति व्यङ्ग्य गर्दै झााक्रीले चिन्ता अन्त्य गर्दछ ।

यस प्रकार 'जोखाना' एकाङ्की अभिधात्मक अर्थमा कमजोर भएर लक्षणात्मक अर्थमा बेजोड छ । गाउाघरमा ठूलो समस्या वा विरामी पर्दा धामी झााक्री लगाउने चिन्ता राख्ने, जोखाना हेराउने र त्यसबाट तान्त्रिक उपचार गराउने चलन रहेको छ तर त्यो प्रथा अन्धविश्वासपूर्ण भनिादै आएको वर्तमान सन्दर्भमा यस एकाङ्कीले मूल विषयका रुपमा राष्ट्रका समस्या उठाएर झााक्री मार्फत जनचेतना जगाएको कथानकलाई मञ्चमा प्रस्तुत योग्य बनाएको छ । चिन्ता राख्दा आवश्यक पर्ने सामाग्रीका साथ नेपालमा विदेशी प्रभावले हाम्रो आफ्नो मौलिक भाषा, संस्कृति, परम्परा, राष्ट्रियतामा अधिकार जमाउन थालेको विकृत अवस्थालाई सचेत भएर त्यसको विरुद्धमा लाग्न प्रेरण दिएको छ । विशेष गरी राज्य प्राप्तिका लागि साम्राज्य विस्तार गर्ने विदेशी अङग्रेजी तथा हिन्दी र अन्य भाषा तथा संस्कृतिले हाम्रो मौलिकतामा ह्रास ल्याएकोले सन्ततिलाई शिक्षित पारेर त्यससाग प्रतिस्पर्धा गर्न सक्ने बनाउनुपर्छ र शिक्षारुपी बान ठोकेर पूर्व, पश्चिम, दक्षिण सबैतिर छेक्नुपर्छ भन्ने चेतनामूलक उच्च ज्ञानदिन यो एकाङ्कीको कथावस्तु सक्षम बनेको छ । साथै यो एकाङ्की

रचना भएको समयमा र वर्तमान समयमा त्यस्ता विदेशी विकृतिले नेपाली भूमिमा विभिन्न डरलाग्दा रोगको प्रभाव र विस्तार भएर नेपालीहरूले मृत्युवरण गर्न पुगेको सन्दर्भलाई कोट्याएर मेची महाकालीमा लाशैलाश भएको कुरालाई विषयभित्र समावेश गरिएको छ ।

तसर्थ यस एकाङ्कीको विषयवस्तु समसामयिक र वर्तमान समयमा अतिसान्दर्भिक बनेको छ । अहिले नेपालमा यस्ता विदेशी प्रभावले ल्याएको विसङ्गत अवस्थालाई दर्शाएर त्यसको समाधानको उपाय समेत बताउने यो एकाङ्कीको कथानक प्रेरणामूलक र ज्ञानवर्धक छ ।

## ५.१.२.२.२.२ पात्रयोजना

यस एकाङ्कीमा मूल पात्र वनझाांक्री (साइला कामी) एंव पालीटारे कान्छा र सहायक खत्रीबुढा र हर्के तथा गौण पात्र कान्छी, ढोले र पारु रहेका छन् । यस एकाङ्कीमा जम्मा सात पात्र रहेका छन् । ती पात्रहरूको भूमिका, स्वभाव र एकाङ्कीमा प्राथमिकता सबैको चर्चा निम्नानुसार गरिन्छ ।

### ५.१.२.२.२.२.१ मुख्यपात्र

वनझाांक्री

साइला कामी बनझाांक्रीको रुपमा नाटकको प्रमुख पात्र भएर मञ्चमा उपस्थित हुन्छ । एकाङ्कीको कथानकको मुख्य समस्या र समाधानको आधार नै बनझाांक्री हो । अन्धविश्वास पूर्ण जोखाना हेरेर नेपाली जनतालाई दुःख दिने भन्दा भिन्न स्वभावको आधुनिक शैक्षिक चेतना दिने वनझाांक्री यस एकाङ्कीमा प्रमुखताका साथ उपस्थित हुने मञ्चीय पात्र हो । उसमा शैक्षिक ज्ञान छ, नेपालीपन छ साथै नेपाली मौलिक भाषा, धर्म, संस्कृतिलाई जोगाएर विदेशी विकृतिलाई पन्छाउनु पर्छ भन्ने सोच छ, तसर्थ यो झाांक्रीपात्र अन्य नेपाली झाक्री भन्दा भिन्न सोच र शिक्षा नै ज्ञानको ज्योति र सम्पूर्ण भूत, प्रेत, जागित्र रोक्ने मुख्य तत्व हो भन्ने पात्र भएकोले बौद्धिक झाांक्रीका रुपमा एकाङ्कीमा प्रस्तुत छ । देशमा साम्राज्यविस्तार हुनु शिक्षाको कमी हुनु हो तथा यस्तो साम्राज्य विस्तार राज्य कब्जा मात्र होइन कि भाषा, गीत सङ्गीत, भेषभूषा, संस्कृति, धर्म सबैमा परेको प्रभाव हो भन्ने ठहर गर्नु र सचेत हुन आग्रह गर्ने झाांक्री मुख्य बौद्धिक झाांक्री पात्र हो । समाजलाई चेतनामूलक कार्यमा अग्रसर गराउने र व्यवहारिक ज्ञान दिने झाांक्री समयानुकुल रहेको पात्र हो ।

पालीटारे कान्छा

कान्छा पनि यस एकाङ्कीको मुख्य पात्र हो । आफ्नो घरमा चिन्ता राखेर समाजका वैदेशिक विविध भूतप्रेतले ल्याएका समस्याको समाधानार्थ लाग्ने सचेत पात्र हो । उसलाई समाजमा आफ्ना मौलिक कुरा गुमाएर विविध समस्या भोग्नुपरेको कुराको ज्ञान छ तसर्थ झााक्रीमार्फत चेतना जगाउन लागिपरेको पात्र हो । आफ्नो घर र छिमेकी हर्के तथा खत्रीबूढा मार्फत गाउामा चेतना जगाउन र गाउाको तथा देशको मूल समस्या झााक्रीबाट बुझेर त्यसलाई समाधान गर्न लाग्ने प्रेरणा दिने मञ्चीय पात्र हो ।

### ५.१.२.२.२.२ सहायक पात्रहरू

हर्के

यस एकाङ्कीमा सामान्य बौद्धिक पात्रका रुपमा प्रस्तुत छ । उसले कााचो जागित्रले गाउाघर सखाप पारेको र मेची महाकालीमा मान्छेको मृत्युको साथी नभएको र लाशैलाश भएको जानकारी दिएकोले ऊ सचेत पात्रका रुपमा एकाङ्कीमा प्रस्तुत छ । एकाङ्कीमा मञ्चमा चिन्तामा धुप थप्न सहयोग गर्ने र के माथि साम्राज्य विस्तार हुदैछ ? भनेर झााक्रीलाई सोध्ने सचेत पात्र हो ।

खत्रीबुढा

गाउाले खत्री पालीटारे कान्छाका घरमा चिन्ताको विषय बुझ्न र चिन्ता हेर्न आएको पात्र हो । ऊ झााक्रीबाट के-के गर्नुपर्ला ? कसो कसो गर्नुपर्ला ?भनेर सोधेर कुरा बुझ्न खोज्ने विवेकी पात्र पनि हो ।

पालीटारे कान्छी, ढोले र पारु,

कान्छी मञ्चीय पात्र हो । उसमा बोक्सी लाग्ने र भूतप्रेत चढ्ने कुरामा विश्वास छ । घरमा झााक्रीले चिन्ता बस्दा चिया बााड्ने र घरको काममा सहभागी हुने स्त्री पात्र हो । ऊ गृहिणीका रुपमा यहाा उपस्थित छे । ढोले जोखानाको व्यवस्था मिलाउने झााक्रीको सहयोगी पात्र हो । उसले चिन्ता सञ्चालनमा सहयोग गरेको छ । पारुको एकाङ्कीमा अति गौण भूमिका रहेको छ ।

### ५.१.२.२.२.३ संवाद

प्रस्तुत एकाङ्कीमा सरल नेपाली भाषाका अभिधात्मक भन्दा लक्षणात्मक अर्थ लाग्ने शब्दको प्रयोग भएका संवाद छन् । झााक्री कान्छा तथा हर्केले वौद्धिक किसिमका संवाद र अन्यले सामान्य गाउाघरको भाषिक संवाद प्रस्तुत गर्छन् । पात्रको स्तर अनुसारको संवाद प्रयुक्त नभएर केही भिन्न किसिमको छ ।

### ५.१.२.२.२.४ द्वन्द्व

यो एकाङ्की पात्रगत द्वन्द्वमा कमजोर छ तर विचारात्मक रुपमा द्वन्द्व रहेको छ । समाजका विसङ्गत पक्षमाथि सोचविचार गरेर शिक्षा दिएर त्यसको विरुद्ध लाग्ने प्रेरणाले विचारमा द्वन्द्व भएको पुष्टि गर्दछ । कथावस्तुले त्यस्तो खासै विपरित वा प्रतिकूल पात्र लिने विषय ग्रहण नगरेकोले द्वन्द्वमा यो एकाङ्की कमजोर देखिन्छ ।

### ५.१.२.२.२.५ देशकाल वातावरण

नेपाली समाजको गाउालाई स्थानका रुपमा ग्रहण गरेर कुनै एक व्यक्तिको घरलाई मूल स्थान बनाएको यो एकाङ्कीले वर्तमानको नेपाली समसामयिक परिस्थितिलाई नै सङ्केत गरेको छ । समकालीन नेपाली समाजको वास्तविक परिस्थिति उप्काएर नेपाली युगको प्रतिनिधित्व गर्न यो एकाङ्की सफल छ । वर्तमान परिवेशमा नेपालीले भोग्नु परेका समस्या र विदेशी वातावरणले पारेको प्रभावका आधारमा समकालीन नेपाली समाजलाई देशकाल वातावरण भित्र समेटिएको छ ।

### ५.१.२.२.२.६ भाषाशैली

साधारण बोलचालको गद्य भाषाले यो एकाङ्की सजिएको छ । पात्रको स्तर अनुसारको भाषिक प्रयोग भए पनि झााक्री, कान्छा र हर्केले लक्षणात्मक अर्थ लाग्ने भाषा प्रयोग गर्दछन् । साथै अन्त्यमा झााक्रीले नेपाली, हिन्दी र अङ्ग्रेजी तीनवटै भाषाका शब्दको मिश्रण गरेर बोल्दछ । त्यो व्यङग्यात्मक भाषा हो । समाजमा धामीझााक्री चिन्ता राख्दा प्रयोग गरिने नेपाली भाषाका शब्द पनि छन् ।

शैलीका हिसाबले वर्णनात्मक शैलीमा प्रस्तुत एकाङ्कीले लक्षणात्मक शैलीलाई अवलम्बन गरेको छ । विशेष गरी चेतनामूलक भाव र शैलीभित्र यो एकाङ्की संरचित छ ।

## ५.१.२.२.२.७ उद्देश्य

छोटो भएपनि यो एकाङ्कीको उद्देश्य भने पुष्ट र गहन छ । एकातर्फ शिक्षाको महत्व दर्शाउने र चेतनामूलक समाजको निर्माण गर्ने उद्देश्य छ भने अर्कातर्फ नेपाली परम्परा भित्रै रहेर सोही किसिमका विषय टिपेर समाजका विकृति विसङ्गतिमाथि व्यङ्ग्य गर्दै चेतना जगाउनु पनि यसको उद्देश्य हो । नेपाली समाजले बुझ्ने चिन्ता राख्ने वातावरणको सिर्जना गरी त्यस मार्फत जनचेतना जगाएर नेपाली मौलिक विविध पक्षमा सचेत बनाउनुपर्ने यो एकाङ्कीको उद्देश्य रहेको छ । तसर्थ अन्धविश्वास चिर्ने प्रगतिशील तर यथार्थपूर्ण चेत अङ्गाल्नु यसको अभिष्ट हुन पुगेको छ ।

## ५.१.२.२.२.८ अभिनेयता

थोरै पात्र, थोरै रङ्गमञ्चीय सामाग्रीको माग गर्ने यो एकाङ्की मञ्चन योग्य छ । छोटो समयमा अभिनय प्रस्तुत गर्न सकिने र कुनै एउटा घरलाई मञ्च बनाउन सहजै सकिने आधारमा साजसज्जापूर्ण ठूलो मञ्चको आग्रह यो नाटिकाले गर्दैन । गाउाघरका सामान्य व्यक्तिले पनि कलाकारको भूमिका निभाउन सक्ने यो एकाङ्की ग्रामीण रङ्गमञ्चमा प्रयुक्त हुने देखिन्छ ।

## ५.१.२.२.२.९ शीर्षक सार्थकता

'जोखाना' शब्दले "ग्रह नक्षत्र आदिबाट हुने शुभाशुभको विचार 'भूत' प्रेत आदिको दोष विचार तथा कुनै तात्कालिक परिणाम जान्नका लागि कुण्डलीमा चामल खसालेर वा त्यस्तै अरु कुनै तरिकाले शुभाशुभ फल विचार गर्नेकाम तथा गढेर विचार गर्ने काम, मनन" भन्ने अर्थ बोकेको हुन्छ । नेपाली परम्परागत मान्यतामा आधारित समाजमा विभिन्न समस्याग्रस्त चलनहरू आजसम्म रहेका छन् । तसर्थ लेखकले त्यो किसिमको अन्धविश्वासबाट माथि उठेर धामी झााक्रीहरूले आधुनिक वास्तविक चेतनाको प्रचार गर्न सक्छन् र सक्नुपर्छ भन्दै जोखाना शीर्षकको एकाङ्कीमार्फत वर्तमान नेपालका विविध विषय क्षेत्रमा देखिएका विकृति, विसङ्गति र अप्ठ्यारा समस्याहरूको जोखाना हेरेर त्यसको समाधानको उपाय पनि बताएका छन् । यसको कथा र शीर्षक बीच तारतम्यता रहेको छ ।

कयौं नेपालीहरूले विदेशी संस्कृतिले हाम्रो मौलिक संस्कृति, परम्परा तथा भाषा आदि क्षेत्रमा आक्रमण गरेर रोगी बनाएको थाहा नपाएकोले त्यसको शुभ अशुभ फल देखाउने काम जोखाना मार्फत भएको छ । साथै 'जोखाना' हेर्नेले समस्या र समाधान गर्ने परम्परा अनुसार यहाा पनि समस्या समाधानको उपाय र शिक्षाको महत्व जनाइएकोले यो एकाङ्कीमा लक्षणा अर्थमा विषयवस्तु र शीर्षक बीच भरपुर अर्न्तसम्बन्ध रहेको स्पष्ट हुन्छ ।

## ५.१.२.२.३ सासू-बुहारी एकाङ्कीको अध्ययन र विश्लेषण

प्रस्तुत सासू-बुहारी एकाङ्की सर्वप्रथम 'सुम्हालुङ्ग' पत्रिकामा वर्ष २, अङ्क २, वि.सं. २०५४ मा प्रकाशित भएको थियो । पछि वि.सं. २०५५ मा सेतो परेवा एकाङ्कीमा सङ्ग्रहित यो एकाङ्की ग्रामीण सामाजिक विषयवस्तुमा आधारित छ ।[५१] यसले ग्रामीण जीवनमा दुःख भोग्न बाध्य भएका र परम्पराको निर्वाह गर्ने जिम्मा लिएका कुरामा नेपाली आमा र वर्तमानमा शहर गएर केन्द्रित भएका युवा पुस्ताबीचको जीवनशैली र अन्तरलाई प्रष्ट पार्दै जन्मभूमिप्रति माया राख्न गाउा फर्कनुपर्छ र गाउाको सेवा गर्नुपर्छ भन्ने भावनाको विकास गरिएको यो एकाङ्की करीब साढे तीन पृष्ठको छोटो कलेवरमा तीन पात्रको संयोजनमा संरचित सामाजिक यथार्थ बोल्ने एकाङ्की हो ।

## ५.१.२.२.३.१ कथावस्तु

सासू-बुहारी एकाङ्कीले विशेष रुपमा ग्रामीण विषयलाई नै उठाएको छ । नेपाली समाजका धेरै परिवारसाग सम्बन्धित बन्न सक्ने मौलिक कथावस्तुलाई यो एकाङ्कीले मूल विषयका रुपमा उठाएको छ । यस एकाङ्कीकी मूल नायिका आमा हुन् । उनकै सेरोफेरोमा यसको कथानक घुमेको छ । रातको समयमा घरमा कााचो मकै पिधेर फ्याप्लो खानका लागि उनी लागेकी छिन् । दश वर्षपछि घरमा बुहारी लिएर घरमा आएको छोरासागको भेटमा उनी ज्यादै खुसी हुन्छिन् । उनले गाउाघरमा प्रचलित गरगहना लगाएकी छिन् । बुहारीले गहनाको बारेमा कुरा गर्छिन् । सासूले आफ्नो जीवनका कष्टपूर्ण मोडहरू सुनाउाछिन् । उनले सानैदेखि आाशु पिउन बाध्य भएको माइतमा बस्दा पनि सानीआमाको जगल्टायाई खाएको, आमाबाबु पनि सानैमा खसेका, पराइ घरमा आएपछि सासु-ससुराको कडा शासनमा परेको तथा उनीहरूको राम्रो सेवा गर्नुपर्ने, बिहान चााडै उठ्नुपर्ने, सौताका

---

५१ ऐजन ।

छोराछोरीलाई पनि हेरविचार गर्नुपर्ने इत्यादिका अनेक दुःख खपेको बताउाछिन् । दिपेन्द्र घरमा आएको छ तर अन्य छोराहरू घर छोडेर आसाम लगायतका ठाउामा पुगेकोले आफू एक्लै गाउामा जसोतसो बााच्न बाध्यछिन् तर छोरालाई भने वास्ता छैन भन्ने कुरा आमाले बताएपछि छोरा दिपेन्द्रले तपाइाको आशीर्वादले दशवर्षपछि काठमाण्डौबाट एम.ए.पास गरेर बुहारी स्काईलाई लिएर आएको र अब गाउामा बसेर गाउाकै सेवा गर्ने बताउाछ । आमाले एउटा भएको घर टालटुल पारेर राखेको र ठेकी, तोलुङ्ग, मदानी, जाातो, ढिकी, भााडा कुाडा, महाभारतको पुस्तक साथै बाबुको कोट, टोपी, खुकुरी, बाासुरी बिनायो सबै जतन गरेर राखेको र भोलिदेखि छोरालाई जिम्मा लगाएर आफ्नो धर्म पूरा गर्ने बताउाछिन् । स्काई पप गीतको क्यासेट सुन्ने कुरागर्छिन् तर यहााको घर मार्वलवाला रहेछ भन्दै व्यङ्ग्य गर्दै दिपेन्द्रलाई चाााडै काठमाण्डौं जाऊ भन्छिन् तर दिपेन्द्र आमा र जन्मभूमि विश्वको प्रथम भगवान हो भन्दछ । रातको समयमा स्काईले आमालाई मकै पिध्न सघाउाछु भन्छिन् तर जाातोको मानीले हात चेप्टयाउाछ र चिच्याउछिन् । दिपेन्द्रलाई भोलिनै काठमाण्डौं जानुपर्छ यो गाउाघरमा बस्न सकिदैन भनेर आमालाई पनि जान आग्रह गर्दा आमाले म जान्न तिमीहरू जाओ म रोक्दिन भनेर बाउबाजेको परम्परा चाहि जोगाउन आग्रह गर्दछिन् । एक दिन मेरो पनि सास जाला भनेर आमाले आाशु खसालेपछि पर्दाखस्छ र एकाङ्कीको कथा अन्त्य हुन्छ ।

सामाजिक विषयवस्तुलाई अङ्गालेर तीनजना पात्रको संयोजनमा कथावस्तु निर्माण भएको यो एकाङ्की गाउाले जीवन र सहरिया जीवनको प्रसङ्गमा संरचित छ । यसको कथानकले मुख्य रुपमा गाउामा आमाबुबा गुमाएर माइतीमा सानीआमाको दास्ती खप्नुपरेको र पाराइघरमा गएपछि सासू-ससुराको कडाशासन भोगेर छोराछोरी हुर्काएको साथै सौताका छोराछोरी पनि हुर्काएको तर वर्तमानमा कोही घरमा नभएको र आफू जसोतसो एक्लै आाशु पिएर बााच्न बाध्य भएको मार्मिक कथालाई एकाङ्कीमा प्रस्तुत गरेको छ । हजारौ नेपाली आमाका दुःख, पीर, व्यथा बोक्ने प्रतिनिधि भएर आमा यस एकाङ्कीको कथानकमा नायिकाका रुपमा प्रस्तुत छिन् । उनले आफ्नो श्रीमान्को मृत्युपश्चात उनको परम्परागत प्रयोग योग्य सामग्रीहरु जतनसाथ राख्नाले देशको राष्ट्रिय भेषभूषा र पहिचानलाई जोगाएर राखेको प्रष्ट हुन्छ । उनी ढिकी जाातो गरेर नेपाली किसानका घरमा प्रयोग गरिने सामानहरू जतनसाथ आफ्ना सन्तानलाई सुम्पन चहन्छिन् र परम्पराको निर्वाह गर्नचाहन्छिन् । यो हाम्रो नेपाली किसानका

घरको यथार्थता पनि हो । यस एकाङ्कीको कथावस्तुमा एकातर्फ आमा मार्फत नेपालीपन, परम्परा, नेपाली किसानका मौलिकता र गाउाले सरसामानको संरक्षण देखाइएको छ भने एकातर्फ दिपेन्द्र सहरमा पढ्न गएर सहर केन्द्रित बनेको तर दसवर्षपछि घरमा आएर गाउाघरमै रहेर गाउालेको सेवा गर्ने त बताउाछ तर बुहारी स्काई भने पूरै आधुनिक छे । ऊ सहरमा हुर्किएको, बढेकी, पढेकी भएकीले उसलाई गाउामा बस्न गाह्रो हुन्छ र काठमाण्डौं फर्कने आग्रह गर्दछिन् । गाउालेका दुःख सामान्य रुपमा बुझ्दा नै कष्टपूर्ण ठानेर शहर जान आमालाई पनि आग्रह गर्दछिन् । यसबाट यो एकाङ्कीमा नयाा पुस्ता र पुराना पुस्ता बीचको अझ भनौ शहर केन्द्रित शिक्षित युवा पुस्ता र गाउा केन्द्रित बृद्ध पुस्ताबीचको अन्तर र त्यसले उब्जाएको समस्यालाई सरलताका साथ प्रस्तुत गरिएको छ ।

## ५.१.२.२.३.२ पात्रयोजना

प्रस्तुत एकाङ्कीमा जम्मा तीन चरित्र छन् । जसमा मुख्य भूमिकामा आमा (सासू) छिन् भने स्काई (बुहारी) र दिपेन्द्र (छोरा) सहायक पात्रका रुपमा रहेका छन् । जसको चर्चा यहाा क्रमशः यसरी प्रस्तुत गरिन्छः-

आमा

आमा यस एकाङ्कीकी प्रमुख पात्र हुन् । उनकै ग्रामीण कुरामा यो नाटिका संरचित छ । आमा हामी सम्पूर्ण नेपाली ग्रामीण किसान परिवारकी आमा हुन् । उनमा बर्षौंदेखि माइतामा सानी आमा र पराइघरमा सासू-ससुराको कडा नियम भोगेको अनुभव छ । तरपनि उनी आफ्नो कर्मभूमि र गाउाले जीवनलाई मृत्युपर्यन्त बााच्न चाहन्छिन् । छोरा छोरी टाडा गएकोले एक्लो जीवन र श्रीमानको मृत्युको पीडा भोगेको अनुभव उनमा छ । किसान परिवारका सम्पूर्ण कुरा बचाएर झुप्रो टालटुल पारेर बााचेकी सोझो प्रवृत्तिकी नारी पात्र हुन् । आमा ग्रामीण नारीले गर्नुपर्ने जिम्मेवारी र कर्तव्यबाट टाडा नरही साधैं सोझो बाटोमा हिाडेकी नारी पात्र हुन् । आमा जो बृद्ध अवस्थामा पनि एक्लै छोराछोरी भएर पनि बिहिन भएर ढिकी जाातो गरेर जीवन भोग्न बाध्य छिन् । दर्शक/पाठकका मनमा सहानुभूति, सद्भाव र नेपालीपन तथा ग्रामीण माया छर्न सफल पात्रका रुपमा हामी आमालाई लिन सक्छौं । उनी मुख्य मञ्चीय पात्र हुन् ।

स्काई

स्काई यस एकाङ्की नाटककी अर्की नारी पात्र हो । ऊ बुहारीको रुपमा काठमाण्डौंबाट आफ्ना पतिसाग गाउाको घरमा आएकी हुन्छे । उसको यस एकाङ्कीमा सामान्य भूमिका रहेको छ । गाउाका धेरै कुराको ज्ञान नभएकी तर सहरिया परिवेशको ज्ञान भएकी आधुनिक प्रवृत्तिकी नारी पात्र हो । अङ्ग्रेजी पढेकी र आफ्ना पतिसाग अङ्ग्रेजीमै कुरा गर्ने नयाा पुस्ताकी नारी पात्र हो स्काई । ऊ गाउामा जीवन जिउन नसक्ने तर सहयोगी भावना भएकी नारी पात्र हो ।

दिपेन्द्र

यस एकाङ्कीको एकमात्र पुरुष पात्र दिपेन्द्र हो । उसको पनि एकाङ्कीमा सामान्य भूमिका रहेको छ । तर एकाङ्कीको भ्कण्डै मध्य भागबाट मञ्चमा उपस्थित भएर अन्त्यसम्म रहने पात्र हो । ऊ गाउामा जन्मेर, हुर्केर शिक्षाका लागि सहर गएको र दशवर्षपछि गाउामा रहेकी आमा भेट्न बुहारी लिएर आएको छ । उसले एम.ए. पास गरेर आएकोले ऊ बौद्धिक र शिक्षित पात्र हो । उसले अब जन्मभूमिमा रहेर गाउाको सेवा गर्ने बताउाछ र श्रीमती स्काईलाई आफू जन्मेको ठाउा र आमा विश्वकै प्रथम भगवान हो भनेर भन्दछ, तसर्थ युवा पुस्ताले शिक्षा लिएर गाउामा पसेर गाउाको विकास र सेवामा लाग्नुपर्छ भन्ने प्रेरणा दिने भूमिकामा प्रस्तुत दिपेन्द्र मञ्चीय पात्र हो ।

### ५.१.२.२.३.३ संवाद

प्रस्तुत एकाङ्कीको संवाद सरल र स्वादपूर्ण छ । मार्मिक र आकर्षणयुक्त संवाद रहनुले पनि एकाङ्कीको संवाद योजनामा सफल देखिन्छ । दिपेन्द्र र स्काईले छोटा-छोटा संवाद गर्छन् भने आमाले लामा लामा संवाद प्रस्तुत गर्छिन् । पात्रको स्तर अनुसारको संवाद भएकाले स्वभाविक बन्न पुगेको छ ।

### ५.१.२.२.३.४ द्वन्द्व

यो एकाङ्कीमा गाउाले परिवेश र सहरिया परिवेश बीचमा समान्य द्वन्द्व देखापर्दछ । साथै पुरानो पुस्ता र नयाा पुस्ता बीचमा पनि त्यो क्रम छ । एकातर्फ आमा गाउाको

पक्षमा छिन् भने अर्कोतर्फ स्काई (बुहारी) सहरको पक्षमा छिन् । तसर्थ यहाा सामान्य द्वन्द्वको विकास भएको पाइन्छ । त्यस्तै आमाले पुरानो ग्रामीण पुस्ताको प्रतिनिधित्व गरेकी छिन् भने दिपेन्द्र र स्काईले नयाा पुस्ताको प्रतिनिधित्व गरेर द्वन्द्वको स्थिति देखापरे पनि दिपेन्द्रले संयोजन गर्न खोजेको देखिन्छ ।

### ५.१.२.२.३.५ देशकाल वातावरण

प्रस्तुत एकाङ्की वर्तमान समयको नेपाली ग्रामीण सामाजिक वातावरणमा संरचित छ । यसले गाउाको एउटा कुनै घरलाई स्थान बनाए पनि समग्र ग्रामीण समाज यसको स्थानका रुपमा रहेको छ । रातको समयलाई एकाङ्कीमा देखाइए पनि वर्तमान नै यसको समयका रुपमा लिन सकिन्छ तर एकाङ्कीले सामान्य रुपमा रातको १० बजेको सुनसान वातावरण भित्र तीन जना पात्रको प्रस्तुतिलाई लिएकोले थोरै समयको कालिक पर्यावरणलाई जनाउादछ ।

यस एकाङ्कीले यथार्थ जीवनको यथार्थ र पुराना कुरा र नयाा कुरा अर्थात गाउा र सहरका विभेद भित्रको गाउाले परिवेशलाई उजागर गरेको छ । ग्रामीण नेपाली नारीका वास्तविकता र गाउाले जीवनकै सेरोफेरोमा रचित यो एकाङ्की सामाजिक यथार्थमा आधारित भएर वर्तमान नेपालको पर्यावरणमा यथार्थवादमा आधारित एकाङ्की हो ।

### ५.१.२.२.३.६ भाषाशैली

नेपाली पात्रहरूले बोल्ने बोलचालको सामान्य गद्य भाषाको प्रयोग यस एकाङ्कीमा छ । सरल र मर्मस्पर्शी तथा भाव संवेद्य शब्द प्रयोग गरिएको छ । भाषामा मिठास छ साथै नम्र भाषाको प्रयोग छ । नेपाली र अङ्ग्रेजी भाषाका शब्द र वाक्य मिश्रित भएपनि धेरै नेपाली भाषा प्रयोग भएकोले सामान्य पाठकले सजिलै बुभ्न सक्छन् । पात्र अनुरुपको भाषिक प्रयोग हुनुले भाषा स्वभाविक रहेको छ ।

शैलीका आधारमा यो एकाङ्की वर्णनात्मक र पूर्व स्मृतिशैलीको संरचनामा रचित छ । सोभ्रो रुपमा एकाङ्कीको विषय प्रस्तुत भएकोले सरल किसिमको संवाद रहनु र आमाले विगतको कुरा भन्नुले पूर्व स्मृतिशैली रहेको भन्न सकिन्छ । यो सरल शैलीमा संरचित एकाङ्की हो ।

### ५.१.२.२.३.७ उद्देश्य

प्रस्तुत एकाङ्कीले गाउाठाउा तथा जन्मभूमि प्यारो हुन्छ तथा जन्मदिने आमा सबै भन्दा पहिलो भगवान हो भन्ने ज्ञान दिने उद्देश्य राखेको स्पष्ट हुन्छ । साथै हाम्रा कयौा आमाहरू सानैदेखि विविध दुःखकष्ट सहेर गाउामा परम्पराको निर्वाह गर्दै बााचेका छन् र हामी सन्ततिले त्यो दुःख बुझ्ने गर्नुपर्दछ र परम्पारगत नेपाली मौलिकतालाई बचाउनुपर्छ भन्ने सन्देश दिनु पनि यस एकाङ्कीको उद्देश्य रहेको देखिन्छ। फेरि एक पुस्ताले अर्को पुस्तालाई परम्परा, संस्कृति, मौलिकता हस्तान्तरण गर्नुपर्ने र अर्को पुस्ताले ग्रहण गर्नुपर्ने तर ग्रहण गर्न नसकेको अवस्था देखाएर हाम्रो गाउा समाजलाई युवा पुस्ताले सहर पसेर बिर्सेको देखाउादै गाउामा बसेर युवाहरूले गाउाको विकासमा लाग्नुपर्ने सन्देश दिएको छ । आमा तथा परिवारको दुःख बुझ्न हरेक सन्तान सक्षम बन्नु पर्ने र जन्मभूमिप्रति निभाउनु पर्ने कर्तव्य र जिम्मेवारी निभाउनु पर्छ भन्ने ज्ञान दिने उद्देश्य पनि यस एकाङ्कीको हो ।

### ५.१.२.२.३.८ अभिनेयता

रङ्गमञ्चीय व्यवस्थापनका हिसाबले मञ्चन योग्य बनेको यो एकाङ्कीले ग्रामीण परिवेशको भेषभूषा र साजसज्जालाई बढी महत्व दिएको छ । दिपेन्द्र र स्काईको संवाद र भेषभूषामा सहरीपन देखिए पनि अन्य सबै कुरा ग्रामीण हुनुपर्छ । तर विशिष्ट उच्च स्तरको मञ्चको माग भने यसले गर्दैन । थोरै पात्र भएको र छोटो भएकोले छोटो समयमा मञ्च तयार गरेर पात्र संयोजन गरेर मञ्चन गर्न सकिन्छ ।

### ५.१.२.२.३.९ शीर्षक सार्थकता

सासू र बुहारी नेपाली समाजका महिला वर्गको प्रतिनिधित्व गर्ने स्त्रीहरू हुन् तसर्थ यो एकाङ्कीले नारी जातिका घरायसी कुरा र वर्तमान समयका गाउाका केही सासूहरू र आधुनिक शिक्षित वातावरणका बुहारीहरूको स्थितिलाई उप्काएर विषय ग्रहण गरेको छ । सहरमा धेरै पढेर छोराले सहरिया वातावरणमा हुर्केकी बुहारी लिएर घरमा आएको तर घरमा सानैदेखि विविध कष्ट खेपेर ढिकी, जाातो गरेर एक्लै जीवन गुजारा गरेर आफ्ना सन्तानका लागि घरव्यवहार थामेकी आमा (सासू)को अवस्थालाई दर्शाएर आजका बुहारी र ग्रामीण सासू (आमा) बीचका

अन्तरलाई स्पष्ट पार्ने काम गर्ने विषय बोकेको यो एकाङ्कीको शीर्षक विषयानुकूल रहेको छ ।

### ५.१.२.२.४ 'रुने मान्छे' एकाङ्कीको अध्ययन र विश्लेषण

'रुने मान्छे' एकाङ्की समता वाङ्मयमा प्रथम पटक प्रकाशित र पछि 'सेतो परेवा' एकाङ्की सङ्ग्रहमा सङ्ग्रहित गन्धर्भ जातिसाग विशेष सम्बन्ध राख्ने एकाङ्की हो ।[५२] सेतो परेवा एकाङ्की सङ्ग्रहमा चौथो एकाङ्कीका रुपमा पेज नं. १४,१५ र १६ मा अटेको यो एकाङ्की मार्मिक कथानक बोकेको एकाङ्की हो । यसले गन्धर्भ जाति र परिवारको सेरोफेरोमा निम्न वर्गीय नेपालीको जीवनलाई देखाउन खोजेको छ साथै उनीहरूको देशप्रतिको योगदानलाई देशले नदेखेको कुरा स्पष्ट पार्न यो एकाङ्की सफल छ । निम्न वर्गलाई कथानकले समेटेर एकाङ्की प्रगतिशील धारमा बग्न चाहेको छ साथै सामाजिक यथार्थको घेराभित्र पनि रहेको छ ।

#### ५.१.२.२.४.१ कथावस्तु

'रुने मान्छे' एकाङ्कीमा नेपाली समाजको यथार्थपूर्ण कथानकलाई विषयका रुपमा ग्रहण गरिएको छ । कथानक क्षितिज गन्धर्भको घरमा संवादबाट सुरु हुन्छ । क्षितिजले एउटा नयाा गीत सुनाउाछ । श्रीमती (रेखा) ले व्यङ्ग्य गर्छे । क्षितिजले देशको गाथा बोल्ने सारङ्गी भएकोले सारङ्गीमार्फत देशको गाथा बोलाउने जेठो सन्तान भनेर सारङ्गीको महिमा बताउाछ तर रेखाले बालबच्चाको घरमा हालत् भएको र घर व्यवहारमा श्रीमानले सहयोग नगरेको साथै पैसा नकमाएको भनेर रुादै भनेपछि क्षितिजले पहिले यही सारङ्गी र आफ्नो स्वरमा लट्ठिएर जीवन सन्धि गरेको र आज तिरस्कार गरेको भनेर दुवै बीचमा भनाभन चल्छ । रेखाले फेरि श्रीमानको गीतमा परिवर्तन किन आयो भन्दै "साच्चिनै हिजो तिम्रो सारङ्गी मेरो जीवनको यथार्थमा पूर्णताको बिम्ब थियो, ब्राह्मणको टीका र कछाड भन्दा तिम्रो गला तिम्रो थियो तर आज तिमीले टेकेको माटोमा किन रगत गजगजायो हा ?" भनेपछि क्षितिजले देशमा जताततै रगतै रगत भएको, मेचीकाली, अरुण सबैतिर प्रहार भएर थिचोमिचो बढेको छ त्यसैले आफूलाई रुन मन लागेको र सारङ्गी पनि रुन बाध्य भएको बताउाछन् । रेखाले लुगाफाटो फेर्न नसकेका घरायसी समस्या देखाउाछिन् र क्षितिज भ्वाक्किएर आफू भयग्रस्त भएको र

---

[५२] ऐजन ।

मृत्युको पखाईमा रहेको अनि संसार हल्लाउन सारङ्गी फिट्दैछु भन्छ । नेपाली माटोको मायामा यतिञ्जेल गाएको तर अब म देश बेच्छु भन्दै नेतालाई पैसा देऊ भन्छ । रेखाले "बिनापूजी नताकोस कसैको गुजी" भन्छे र नेतालाई देश बेचेर हामीलाई बन्दक नराख भनेपछि रेखा र क्षितिज त्यसै भन्छन् र आफूहरू रोएरै नेताहरूलाई बेचिदिन्छौ भन्दै रुन्छन् र पर्दा बन्द हुन्छ ।

यसरी एउटा छोटो कथानकमा संरचित प्रस्तुत एकाङ्कीले जातीय आधारलाई राष्ट्र र राष्ट्रियतासागै जोड्दै देशको समकालीन अवस्था र तत्कालीन राजनेताको क्रियाकलापप्रति तिखो व्यङ्ग्य गरिएको छ । नेपालमा गन्धर्भ जातिका व्यक्तिहरूको सारङ्गी बजाउने र गीत गाउने परम्परागत पेशा रहेको छ । अहिले त्यो लोप हुने अवस्थामा पुगे पनि विगतको नेपालको इतिहासमा सम्पूर्ण नेपालीका दु:ख पीडाको स्वर बोल्ने र नेपाली स्वतन्त्रताको इतिहास बोल्ने गन्धर्भ जातिलाई सरकारले उपेक्षित गरेको भन्ने मूल भाव एकाङ्गीको कथानकले बोकेको छ ।

घरमा जहान बच्चालाई खान लगाउन धौ-धौ पर्दा पनि उनीहरु देशप्रति आफ्नो जिम्मेवारी निभाउादै आएका छन् । पारिवारिक समस्या र लोग्ने स्वास्नी बीचको सामान्य भनाभनभित्र राष्ट्रिय सन्दर्भ जोडेर नेताप्रति व्यङ्ग्य गर्न यसको कथावस्तु सक्षम बनेको छ । आजका गन्धर्भ जातिका व्यक्तित्वहरू जीवनकथा सम्झादै देशको अवस्था सम्झादै रुन बाध्य भएका र उनीहरूको उत्थान र देशको उत्थान आवश्यक भएको देखाउन यस एकाङ्कीको कथानकले बरु रोएरै देश बेच्ने र नेताहरूलाई पनि बेच्ने बताउादै भावनात्मक रुपमा मार्मिक अवस्थाको उद्घाटन गरेको छ । देशमा अशान्ति फैलिएको र देश रगतले पोतिएको वास्तविकतालाई पनि देखाएको छ । गन्धर्भसाग उपाध्यायकी छोरीको विवाह भएर परिवार चलेको देखाएबाट जातीय विभेदलाई हटाउने प्रयास पनि  एकाङ्कीको कथानकले गरेको छ  ।

## ५.१.२.२.४.२ पात्रयोजना

प्रस्तुत एकाङ्कीमा क्षितिज, उसकी स्वास्नी रेखा, र नानीहरू टिनु र लोचन गरी चारजना पात्रको संयोजनमा कथानकले गति पाएको छ । तर मुख्य भूमिकामा क्षितिज र रेखा छन् भने टिनु र लोचनको अतिगौण भूमिका रहेको छ । तसर्थ यहाा क्षितिज र रेखाको मात्र चर्चा गरिन्छ ।

क्षितिज

क्षितिज गन्धर्भ एकाङ्कीको मूल पात्र हो । उसकै सेरोफेरोमा एकाङ्कीको कथानक घुमेको छ । ऊ सम्पूर्ण नेपाली गन्धर्भ जातिको प्रतिनिधि पात्र हो । उसको सारङ्गी बजाउने र गीत गाउने परम्परागत मुख्य पेशा छ तर उसको जीविकोपार्जनको दरिलो पेशा नभएकोले आर्थिक रुपमा एकदम कमजोर छ । स्वास्नी र छोराछोरीको आधारभूत आवश्यकता पूरा गर्न सकेको छैन । ऊ दुःखपूर्ण जीवन भोग्न बाध्य पात्र हो । एकातर्फ यस्तो अवस्थामा छ भने अर्कातर्फ देशको इतिहास र नेपाली जनताका पीर व्यथाको गीत गाएर ऊ बूढो हुादैछ र मृत्युतिर धकेलिादैछ । राष्ट्रप्रति उसको प्रगाढ माया छ । उसले गीतमा परिवर्तन ल्याउाछ किनभने विश्वमा शान्ति छर्ने देश नेपाल गृहयुद्धमा फसेर मेचीदेखि कालीसम्म जताततै रगतै रगत भएको अवस्थाले ऊ विक्षिप्त छ साथै राजनेताले देशप्रति र गन्धर्भ जातिप्रति गर्नुपर्ने कर्तव्य नगरेकोले ऊ चिन्तित छ । त्यसैले स्वभिमानी नेपाली गन्धर्भ जातिको सम्पूर्ण आवाज बोलेर राष्ट्र, राष्ट्रियताप्रति सम्मान भाव राख्दै भाव विह्वल भएर रुन बाध्य भएको पुरुष पात्र हो । ऊ मञ्चीय प्रमुख पात्र पनि हो । निम्न वर्गीय गरीब परिवारको सोझो र सरल स्वभाव भएको पात्र पनि हो ।

रेखा

यस एकाङ्कीमा नायिका पात्रका रुपमा भूमिका निर्वाह गर्ने रेखा प्रमुख नारी पात्र हो । ऊ सरल स्वभाव भएकी उपाध्ययकी छोरी र पछि गन्धर्भसाग विवाह गरेकी पात्र हो । सुरुमा श्रीमान्ले गीत मात्रै गाएको र परिवार चलाउन अर्थव्यवस्था गर्न नसकेकोले परिवार चलाउन गाह्रो भएको भनेर रिसाउने सामान्य नारी सुलभ गुण देखाउने रेखा विस्तारै पति क्षितिजको विचारमा सहमत हुन पुग्छे । ऊ परिवारकी गृहिणी पनि हो । खान लाउन गाह्रो परेको अवस्थामा आाशु पिएर बााच्न विवश भएकी र मार्मिक भूमिका निर्वाह गर्ने मञ्चीय पात्रका रुपमा रेखा यस एकाङ्कीमा प्रस्तुत छ ।

## ५.१.२.२.४.३ संवाद

यस एकाङ्कीको संवाद सरल बोलचालको नेपाली भाषामा आधारित छ । मार्मिक दुःखपूर्ण र व्यङ्ग्यात्मक भाव बोल्ने संवादले एकाङ्कीलाई रोचक बनाएको छ । यथार्थपूर्ण

तर कष्टपूर्ण जीवनका बाध्यताको माझमा गन्धर्भ जातिका व्यक्तिले जीवन भोगाइबाट सिकेको कुरालाई सरल भावमा संवादमार्फत पात्र अनुसार प्रयोग गरिएको छ ।

### ५.१.२.२.४.४ द्वन्द्व

यस एकाङ्कीमा क्षितिज र रेखा पात्रका बीचमा आन्तरिक र बाह्य रुपमा द्वन्द्व देखा पर्दछ । एकातर्फ क्षितिज र रेखाबीच पारिवारिक समस्याका बीचमा मतभेद देखापर्छ र भनाभन चल्छ भने अर्कातर्फ क्षितिज र रेखामा देशको बारेमा मानसिक चिन्ता छ जातीय चिन्ता छ र छोराछोरीको भविष्यको चिन्ता छ । त्यसैले मानसिक द्वन्द्व उब्जाएर अन्त्यमा देशप्रति नेताहरूले गरेको बदनामीलाई उठाएर निम्न वर्गका जनतलाई रुन बाध्य बनाएर देश बेच्छौ भन्ने मनस्थितिको सिर्जना हुने वातावरणको पैदा हुनुबाट द्वन्द्वको क्रम देखिन्छ । यहाा अप्रत्यक्ष रुपमा माथिल्लो वर्गको तल्लो वर्गले उपेक्षा गरेको सन्दर्भ प्रस्तुत छ । तर द्वन्द्वको अवस्था दुर्वल नै रहेको छ ।

### ५.१.२.२.४.५ देशकाल वातावरण

प्रस्तुत एकाङ्कीले वि.सं. २०४६ देखि २०५५ बीचको नेपालको अवस्था र विशेष गरी जातीय रुपमा तल परेका हालसम्मकै नेपालको वास्तविक गन्धर्भ जातिको कुरालाई पर्यावरणका रुपमा समेट्न सकेको पाइन्छ । जातीय यथार्थ प्रसङ्ग समेत जोड्ने यथार्थपूर्ण निम्न वर्गीय पर्यावरणमा कष्टप्रद जीवन भोग्न बाध्य भएको परिस्थितको उद्घाटन गरिएको छ । जातजातिको विभेदले आक्रान्त सङ्क्रमणकालीन नेपालको वास्तविक परिवेश भित्र पारिवारिक जीवन र जातीय समस्यालाई देखाउादै सामाजिक समस्यापूर्ण विपन्न परिवेशको वास्तविकता देखाउने यथार्थपूर्ण एकाङ्कीका रुपमा यो एकाङ्की देखिएको छ ।

### ५.१.२.२.४.६ भाषाशैली

यो एकाङ्की सरल बोलीचालीको नेपाली गद्य भाषामा सजिएको छ । “हिजो मरिन् सासू आज आए आाशु, जुन गोरुको नाम छैन त्यसैको नाम तिखे” जस्ता उखानहरूको प्रयोगले भाषिक मिठास थपेको छ । पात्रको स्तर अनुसारको भाषा हुदाहुादै पनि केही गम्भीर अर्थपूर्ण शब्द र वाक्यको प्रयोगले सामान्य बौद्धिक भाषाको प्रस्तुति दिएको छ ।

विपन्न र गरिबले बोल्ने निम्न वर्गीय जीवन भोगाइ अनुरुपका भाव व्यक्त गर्ने भाषिक प्रयोग छ ।

शैलीका दृष्टिले पात्रगत वर्णनमूलक र व्यङ्ग्यात्मक शैलीको प्रभावपूर्ण अवस्था सिर्जना भएको छ । सामान्य मानसिक अवस्था र समस्याग्रस्त कारुणिक भाव बोक्ने पद्धतिको शैलीको निर्वाह पनि भएको छ ।

### ५.१.२.२.४.७ उद्देश्य

निम्नवर्गीय विपन्न गन्धर्भ जातिको कष्टपूर्ण जीवन भोगाइ र राष्ट्रप्रति उनीहरूको योगदान तथा देशको समकालीन अवस्था तथा नेताहरूको मनोमानी क्रियाकलापप्रति व्यङ्ग्य गर्दै निम्न वर्गप्रति समाज र सरकारले गर्नुपर्ने कर्तव्य नगरेको कुरालाई उदाङ्गो पार्नु नै यो एकाङ्कीको मुख्य उद्देश्य रहेको देखिन्छ । गन्धर्भ लगायतका केही जातिले देशको संस्कृति र परम्पराप्रति दिएको योगदानको कदर नभएकोले उनीहरू गरिबीको रेखामुनि रहेर कारुणिक दुःखद जीवन भोग्न विवश भएको मुख्य कुरालाई राष्ट्रको समकालीन अवस्थासाग जोडेर व्यङ्ग्यपूर्ण शैलीमा पारिवारिक समस्या सहित एकाङ्कीमा प्रस्तुत गर्नु यसको उद्देश्य देखिन्छ ।

### ५.१.२.२.४.८ अभिनेयता

यो एकाङ्की छोटो समयमा एउटा निम्नवर्गीय पारिवारिक वातावरयणमा भएको कुराकानीमा आधारित भएकोले सजिलै मञ्चन गर्न सकिन्छ । फेरि चार जनामात्र पात्र आवश्यक पर्ने र साजसज्जापूर्ण रङ्गमञ्चको माग नगर्ने हुादा घरको आागन, चौरी, कुनै खुल्ला ठाउा, सडक जहाा पनि प्रस्तुत गर्न सकिने भएकोले अभिनेयताको दृष्टिले उपयुक्त देखिन्छ ।

### ५.१.२.२.४.९ शीर्षक सार्थकता

'रुने मान्छे' शीर्षकले पीडामय अवस्थालाई दर्शाउाछ । जब कोही भाव विह्वल भएर रुन्छ त्यहाा धेरै पीडा हुन्छ । वास्तविकता र मार्मिक अवस्था अवस्य हुन्छ । सोही अनुसार यस एकाङ्कीमा गन्धर्भ जातिका क्षितिज रेखा र उनीहरूका नानीहरू धेरै-रुन बाध्य छन् । उनीहरूमा देशको चिन्ता छ । यो एकाङ्की रचना भएको समयमा देशमा अहिले भन्दा

नराम्रो राजनैतिक अवस्था र द्वन्द्वको स्थिति रहेकोले सो प्रसङ्ग जोड्दै अत्याधिक भाव विह्वल भएर रुन्छन् तसर्थ 'रुने मान्छे' शीर्षक सार्थक रहेको छ ।

### ५.१.२.२.५ ँबााच्ने रहर' एकाङ्कीको अध्ययन र विश्लेषण

यो एकाङ्की वि.सं. २०५५ साल वैशाख १० गते रचना भएको र पछि सेतो परेवा एकाङ्की सङ्ग्रहमा पााचौ रचनाका रुपमा प्रकाशित एकाङ्की हो ।[छघ] यो एकाङ्की 'सेतो परेवा' एकाङ्की सङ्ग्रहका अन्य एकाङ्की भन्दा फरक किसिमको छ । यहाा पात्रहरूमा पनि नौलो प्रयोग छ । पात्र एक दुई गर्दै सातसम्मका पात्रहरू देखाइएको छ । पात्रहरूका बीचमा संवाद कम र लेखकको वर्णन र विवरण नै बढी भएकोले अन्य एकाङ्की भन्दा फरक छ । फेरि यसमा घिन लाग्दा जीवनको प्रस्तुति र अतियथार्थवादी प्रवृत्तिको प्रस्तुति पनि रहेको छ । सामाजिक र सहरिया यथार्थलाई उद्घाटन गर्दै दुई पृष्ठको छोटो कलेवरमा संरचित यो एकाङ्कीले मान्छेको बााच्ने रहर भित्रका विसङ्गत जीवन भोगाइको प्रस्तुति गरेको छ ।

#### ५.१.२.२.५.१ कथावस्तु

बिहानको सुनसान वातावरणमा लाकुरी चौतारमा सबै पात्र आ-आफ्ननै जीवन शैलीमा आउने क्रम चल्छ र व्यवहार प्रस्तुतिसागै कथानक अगाडि बढ्छ । यस एकाङ्कीमा वर्तमान मानव जीवनको विसङ्गत पक्षको कथानकलाई नवीन रुपमा प्रस्तुत गरिएको छ । सर्वप्रथम पात्र १ (एक) सापे मान्छे आउाछ र चारैतिर हेरेर रुन्छ त्यसपछि पात्र २(दुई) तीन खुट्टे छाउरी कुकुर आउाछ र सापेलाई चाटेर ठाडो-घााटी लगाएर रुन्छ । त्यस्तै अर्को पात्र ३ का रुपमा अन्धी आइमाई आउाछे र सापेलाई सुम्सुम्याएर मर्नकाल नआएको, बााच्न खान नपाएको, लाउन नपाएको र संसार सौता भएको बताउाछे । पात्र चारका रुपमा लङ्गडो आएर रुन्छ, कराउाछ, लडीबुडी गर्छ र आमा भन्दै चिच्याउाछ । पात्र पााचका रुपमा धमरधुस कालो पागल मान्छे सर्वाङ्ग नाङ्गो आएर छि...छि...छि...छि.. र थु...थु....थु..... गर्दै संसार मेरी बुढी हो भन्दै उचालिादै पछारिादै गर्छ र कन्टेनरको फोहोर खन्छ । पात्र ६ का रुपमा एक जोडी आधुनिक दम्पती आउाछन् । युवतीको जिउमा थोरै मात्र प्वालै प्वाल भएको जालीबाट बनेको लुगा भएकोले उसका गोप्य अङ्गहरू स्पष्ट देखिन्छन् र केटीले त्यहाा रहेका पात्रहरुलाई देखाएर लाज नभएका भनेर युवकसाग कुरा गरेपछि पात्र ४ ले उसको गोप्य अङ्ग

---

[५३] ऐजन ।

देखियो भनेर जिस्क्याउाछ । एउटा गाइने आएर सारङ्गी बजाएर गीत गाउाछ लङगडोले रु एक दिन्छ र अरु अशक्त पात्रहरू हेरिरहन्छन् ।

यसरी विविध पात्रको संयोजनमा रचित यो एकाङ्कीको कथावस्तु आधारित छ । यो चरित्र प्रधान विषयको एकाङ्की हो । शरीरिक र मानसिक रुपमा अशक्त भएर घरवार विहीन भएर जहाा पायो त्यही डुलेर सडक पेटी तथा फोहोर ठाउामा सुत्दै जीवन भोग्न बाध्य मानिसको वास्तविक अवस्थाको प्रस्तुति यस एकाङ्कीमा छ । मानिस र पशु त्यो पनि कुकुरलाई पात्र बनाएर मान्छेको अस्तित्वमा प्रश्न चिन्ह देखाउादै पशु र मानिसमा फरक नभएको देखाउादै अतियथार्थ र नाङ्गो शरीर देखाएर प्रकृतिवादी शैलीलाई यसको कथानकले अवलम्बन गरेको छ । आखिरी जे-जस्तो अवस्था भएर पनि पशु झौ भएर पनि मान्छे बााच्न विवश छ । बााच्ने रहर सबैलाई हुन्छ भन्दै लङ्गडोबाट एक रुपैयाा गाइनेलाई दिलाएर यसमा बााच्ने प्रेरणामा सहयोग गरेको सन्दर्भ प्रस्तुत छ । तसर्थ यो एकाङ्कीको कथानक पात्रगत स्वभाव र क्रियाकलापको सेरोफेरोमा घुमेको छ ।

### ५.१.२.२.५.२ पात्रयोजना

यो एकाङ्की ‘सेतो परेवा’ एकाङ्की सङ्ग्रहकै भिन्न किसिमको पात्रयोजना भएको एकाङ्की हो । यसमा मानवीय र मानवेत्तर पात्रको प्रयोग छ । सबै पात्रको छोटो-छोटो भूमिका छ । सबै पात्रले विसङ्गत जीवनको उद्घाटन गर्दै आशापूर्ण अवस्था देखाउाछन् । यसमा जम्मा सातजना मानवीय र एउटा मानवेत्तर (कुकरु) पात्र छ ।

पात्र १ को सापे मान्छे शरीरिक रुपमा अशक्त पात्र हो । ऊ रुादै कारुणिक र आक्रान्त जीवन बााच्न बाध्य पात्र हो । पशुबाट चाटिएको अवस्थाबाट पशुसमान भोगाइ देखाउने पात्रका रुपमा एकाङ्कीमा प्रस्तुत छ ।

अन्धी आईमाई हात खुट्टा टेकेर हिाड्दै सापेलाई सुम्सुम्याउादै रुादै खान लाउन नपाएको काल नआएर बााच्न विवश भएको अवस्थाकी पात्र हो ।

पात्र ४ का रुपमा आउने लङ्गडो लौराको सहायताले हिाड्ने शारीरिक रुपमा अशक्त र विक्षिप्त मानसिकता भएको पात्र हो । आमा भन्दै रोएर सहारा खोज्ने लङ्गडो युवतीलाई जिस्क्याएर आफूहरू नाङ्गै हुनु रहर होइन बााच्ने रहर भएको बताउने पात्र हो । ऊ शीर्षकमा रहेको ‘बााच्ने रहर’ शब्द बोल्ने एकमात्र पात्र पनि हो ।

पात्र ५ का रुपमा देखिने धमरधुस कालो मान्छे सर्वाङ्ग नाङ्गो भएर एकाङ्कीमा देखिन्छ । छि...छि... र थु....थु..... भन्दै विभत्स अवस्थाको सङ्केत गर्ने र संसारलाई मेरी बुडी हो भनेर कुकुरसाग झुत्ति खेल्दै कन्टेनरको फोहोर खान बाध्य सामान्य यथार्थ भन्दा परको अवस्थामा जीवन भोग्ने पात्र हो ।

युवक र युवती आधुनिक भेषभूषमा ठाािटिएर हिाड्ने आफ्नो कमजोरी नदेख्ने अन्य कष्टपूर्ण जीवन भोग्ने मानिसको दुःख नबुझ्ने अबुझ पात्रका रुपमा एकाङ्कीमा प्रस्तुत छन् । अङ्ग प्रदर्शन गर्ने आधुनिक प्रवृत्ति युवतीमा छ भने भाषा र भेषमा अल्लारे आधुनिक प्रवृत्ति युवकमा छ ।

त्यस्तै सारङ्गी रेटेर गीत गाउादै जीवन जीउन बाध्य पात्रका रुपमा गाइने देखापर्दछ । उ यस एकाङ्कीमा मान्छेहरूको बीचको असमानता र धनी गरिब बीचको खाडल, जातपातको भेदभावको नेपाली समाज अनुकूलको गीत गाउाने पात्र हो ।

### ५.१.२.२.५.३ संवाद

यो एकाङ्कीमा संवाद कम छ तर जति छ त्यो पात्रको स्तरअनुसारकै छ । लेखकले पात्र र पात्रको क्रियाकलापको वर्णन गरेकोले कमजोर संवादात्मक संरचनामा यो एकाङ्की अडिएको छ । भएको संवाद छोटो र सरल छ ।

### ५.१.२.२.५.४ द्वन्द्व

यस एकाङ्कीमा प्रयुक्त पात्रहरू आ-आफ्नो मानसिक द्वन्द्वमा फसेका छन् । शारीरिक र मानसिक रुपमा अशक्त पात्रहरूले आफ्नो विक्षिप्त मानसिक अवस्थालाई व्यक्त गर्नुले यहाा बाह्य द्वन्द्व कमजोर देखिन्छ । कुकुरसाग झुत्ति खेल्दै धमरधुस कालो मान्छेले फोहोर खोजेर खानुले जीवन र मृत्युका बीचमा द्वन्द्व रहेको स्पष्ट हुन्छ । मर्नलाई काल नआएको तर बााच्ने रहर भएका पात्रको समग्र प्रस्तुतिले मानसिक द्वन्द्वलाई प्रस्तुत गरेको स्पष्ट छ ।

### ५.१.२.२.५.५ देशकाल वातावरण

यस एकाङ्कीले लाकुरी चौतारा र आसपासको ठाउालाई मुख्य स्थान बनाएको छ । यो स्थानले इलाम जिल्लाको सदरमुकामको सेरोफेरोलाई सङ्केत गर्दछ तर आजको समसमयिक विविध समस्यामा अशक्त पशुसमानको जीवन भोग्न बाध्य पात्रको विसङ्गत

परिवेशको उद्‌घाटन गरेको छ । सहरिया यथार्थ र पात्रको चित्कारपूर्ण आक्रान्त कुत्सित जीवनको परिवेशमा यो एकाङ्की संरचित छ ।

### ५.१.२.२.५.६ भाषाशैली

मार्मिक विक्षिप्त मानसिक सोचाइको अवस्थामा प्रयोग गरिने भाषाको प्रयोग गरिएको यो एकाङ्कीमा सरल नेपाली गद्य भाषाको प्रयोग छ । विभत्स, घिन लाग्दा अवस्था व्यक्त गर्ने यो एकाङ्कीको भाषा पनि त्यस्तै दुःखद र कारुणिक शब्दमा आधारित छ । गीत पनि प्रस्तुत गरिएकोले गीतिमय भाषाको प्रयोग पनि छ ।

शैलीका दृष्टिले यस एकाङ्कीमा वर्णनात्मक र विवरणात्मक शैली अपनाइएको छ । पात्रको क्रियाकालापको वर्णन र विसङ्गतिपूर्ण जीवन पद्धतिको शैलीमा यो एकाङ्की नाटक संरचित छ ।

### ५.१.२.२.५.७ उद्देश्य

प्रस्तुत एकाङ्कीको उद्देश्य मान्छेको जीवन भोगाइ र बााच्ने रहरसाग सम्बन्धित छ । आजको विकसित संसारमा कोही महलमा रमाउाछन् त कोही गरिब दुःखी, रोगी, अशक्त भएर सडक पेटीमा मृत्युसाग संघर्ष गर्दै बााच्नु परेको छ तसर्थ यहाा त्यस्ता बााच्न बाध्य भएका पात्रहरूको संयोजनबाट पशुसरहको जीवन भोगाइ र कारुणिक मार्मिक अवस्थामा छट्पटाउदै बााच्न बाध्य मानिसहरूको चित्र उतार्नु नै यस एकाङ्कीको मुख्य उद्देश्य रहेको छ । एकातर्फ शारीरिक र मानसिक रुपमा गरिबीले आक्रान्त भएर अशक्त नाङ्गो जीवन जिउने पात्रको नाङ्गो रुप देखाइएको छ भने अर्कातर्फ आधुनिक फेसनमा रहरका साथ सम्पन्नताले पुरिएर नाङ्गिएका पात्रहरूको प्रस्तुति गर्दै आजको मानिसको यथार्थपूर्ण संसारको प्रतिविम्व झल्काउनु यस एकाङ्कीको प्रमुख पक्ष हो ।

### ५.१.२.२.५.८ अभिनेयता

यो एकाङ्की नाटक अभिनयका दृष्टिले कठीन मोडमा उभिएको छ । पात्रहरू मञ्चमा देखाउन नमिल्ने प्रकृतवादी शैलीका नाङ्गो रुपमा प्रस्तुत हुने हुाादा अभिनय पक्षमा कमजोर छ । फेरि युवतीको हिाड्दा गुप्ताङ्ग देखिन्छ भन्ने प्रसङ्गबाट पनि त्यस्तो दृश्य

देखाउन नसकिने स्पष्ट हुन्छ । यी दुई नाङ्गा रुप बाहेकका अन्य दृश्य भने मञ्चन योग्य नै छन् ।

### ५.१.२.२.५.९ शीर्षक सार्थकता

'बााच्ने रहर' भन्नाले मृत्युबाट डराउनु र जसरी भएपनि बााच्न प्रेरित हुनु भन्ने सोझो अर्थ बुझिन्छ । पृथ्वीका मान्छेहरू कोही सापे भएर घिस्रदै बााच्न बाध्य छन् कोही अन्धाअन्धी, लङ्गडालङ्गडी, कोही नाङ्गै, कोही आधुनिक फेसनमा सजिएर र कोही दुःख पूर्ण गीत गाउने पेशामा आवद्ध भएर बााच्न विवश छन् । यो उनीहरूको रहर नभएर बाध्यता हो । तसर्थ जे जसरी भएपनि मान्छे बााचेकै छ । पशुसरहको जीवन जिउन बाध्य भएको आजका मानिसका जीवन बोधको यथार्थ प्रस्तुति गरेकोले यो एकाङ्कीको शीर्षक र कथाबीच सम्बन्ध रहेको छ । यस अर्थमा शीर्षक सार्थक भन्न सकिन्छ ।

### ५.१.२.२.६ सगरमाथाकी छोरी ˘सारु' एकाङ्कीको अध्ययन र विश्लेषण

लेखकले दिएको जानकारी अनुसार यो एकाङ्की सर्वप्रथम झरना (सामयिक साहित्यिक सङ्कलन) मेची साहित्य प्रतिष्ठान इलामद्वारा प्रकाशित वर्ष १, अङ्क १, २०५३ फाल्गुनमा प्रथम पटक प्रकाशित भएको र पछि 'सेतो परेवा' एकाङ्की सङ्ग्रहमा अन्तिम (छैठौं) एकाङ्कीका रुपमा प्रकाशित भएको एकाङ्की हो । यो एकाङ्की विशेष गरी राजदरवारसाग सम्बन्धित छ । तत्कालीन समयमा राजाहरूको विरोध गर्न नपाइने हुादा लेखकले एकदमै घुमाउरो पाराले यो एकाङ्की रचना गरेका छन् । तत्कालीन समयमा यो एकाङ्कीलाई सिधापाराले कसैले पनि बुझ्ेन भन्ने लेखकको भनाई पनि रहेको छ ।

### ५.१.२.२.६.१ कथावस्तु

यो एकाङ्कीको कथावस्तु अनुसार काठमाण्डौंको दरवारमार्गको सडकमा सगरमाथाकी छोरी 'सारु' घुम्लुङ्ग मजेत्रो ओढेर उभिएकी हुन्छिन् । उनले नेपाली सन्ततिलाई हृदयविदारक भावमा 'यता हेर' भनेपछि सडक सुनसान बन्दछ र सबै यात्रुहरू एकाग्र भएर उनको कुरा सुन्छन् । 'सारु' ले सन्ततिलाई 'म सगरमाथाकी छोरी हुा' भन्दै घरी रुादै घरी हाास्दै हजुरबुबा सगरमाथा सेतै भएर फुलिसक्यो भन्दै आफूलाई प्रसव वेदनाले च्यापेको

तर सच्चा सन्ततिको जन्म हुनेछैन जे हुनुथ्यो त्यो भैसक्यो भन्दछिन् । फेरि आफू आफ्ना सन्तान हेर्न आएकी र जेठो छोरा ठूलो घरमा बसेको माइला, साहिला आफू खुसी बस्ने र अरु भाई तथा छोरीहरू पनि कोही सहर पसेको र कोही बढ्दै गरेको कुरा गर्दछिन् । त्यस पछि उनले बुद्धिष्टहरू सौताका सन्तान क्रइष्टहरूसाग मितेरी साइनो भएको बताएकी छिन् । त्यस्तै “अति देखि चार गऱ्यो भने बाबु हो आमाले मुटु खाइदिन्छे” भन्दै दाह्रा किट्दै भन्दछिन् । त्यसपछि तरुनी छादा मेरो स्तनमा सबै सन्ततिले पान गरेको तर शत्रुहरूले विष लगाइ दिएर कुहिएको तथा दाहिने खुट्टाको दुई औंला काटिएको र देब्रे हात भााचिएको कुरा गर्दछिन् र अन्त्यमा आफू माइत गएकी फिर्ने नफिर्ने सङ्केत नभएको जनाउाछिन् र भीडमा हराउादछिन् ।

यसरी एउटा अनौठो संरचनामा संरचित प्रस्तुत एकाङ्कीको कथानकले एकातर्फ तत्कालीन राजा विरेन्द्र र राजपरिवारलाई व्यङ्ग्य गरेको छ भने अर्कातर्फ भारतले सीमा अतिक्रमण गरेको प्रसङ्ग पनि साङ्केतिक छ । राजाहरूलाई जसरी राणाहरूले राणाकालमा कमजोर बनाएर राखेका थिए त्यस्तै दिन आउन सक्छ भन्ने सङ्केत एकातर्फ मामाहरू भनेर राणालाई जनाएर प्रस्तुत गरिएको छ भने अर्कातर्फ क्राइष्ट र बुद्धिष्टहरूको कुरा उठाएर पूर्ण रुपमा धर्म निरपेक्ष राष्ट्र हुनु पर्ने माग गरिएको देखिन्छ । नेपाल अधिराज्यको तत्कालीन संविधानले यी सम्पूर्ण कुराहरूको समाधान गर्न नसकेको र राजाहरूले देशमा हाली मुहाली गरेको सन्दर्भमा त्यसको साङ्केतिक विरोध गर्दै नेपाली जनतालाई सचेत बनाउन खोजेको अनुभव यस एकाङ्कीको कथानकबाट प्रष्ट हुन्छ । यस एकाङ्कीको कथानकले प्रतीकात्मक व्यङ्ग्यपूर्ण भाव बोकेको छ ।

### ५.१.२.२.६.२ पात्रयोजना

यो एकाङ्की पात्रयोजनाका दृष्टिले भिन्न प्रवृत्तिको रहेको छ । यसमा मुख्य एक पात्र रहेको र अन्य चाहि बाटोका यात्रुहरू रहेका छन् । तर बाटोका यात्रुहरूको सुन्ने बाहेक अन्य केही भूमिका छैन । त्यो पनि काल्पनिक किसिमको छ ।

‘सारु’ यस एकाङ्कीकी एकमात्र पात्र हो । अन्य पात्र नरहेकोले उसको मात्र चर्चा यहाा गरिन्छ । नारी पात्रका रुपमा सगरमाथाकी छोरी भनिएकी ‘सारु’ नेपाल आमाकी प्रतीकात्मक पात्र हो । उ यहाा स्वभाविक भन्दा भिन्न किसिमले पीर व्यथा र राजनीतिक व्यङ्ग्य बोल्दछे । सारुले पात्रगत सङ्केतबाट राजा विरेन्द्र तथा भारतीय सीमा अतिक्रमण

लगायत हिन्दु अधिराज्य नेपाल र तत्कालीन अवस्थाका राजाका नातेदार राणाहरूप्रति तीव्र व्यङग्य गर्दछे । आफ्ना सन्तानको माया सबै आमालाई हुन्छ । सबै सन्तति राम्रो दिशातर्फ अघि बढुन् भन्ने चाहना सारुको रहेको छ । 'सारु' युगबोध भएकी पात्र हो । उसको विचार परिवर्तनमुखी रहेको छ । महान विचारलाई प्रस्तुत गर्दै राजतन्त्रात्मक शासन व्यवस्थाको विरोध गर्ने पात्रका रुपमा सारुलाई लिन सकिन्छ ।

### ५.१.२.२.६.३ संवाद

यो एकाङ्कीमा दोहोरो संवाद छैन । एकालापीय संवाद मात्र यसमा रहेको छ । सारुले आफ्ना कुराहरू एकतर्फी रुपमा भन्छे तर त्यहाा दोहोरो बात भने हुादैन । आफैले केही प्रश्न गर्दै उत्तर दिने काम सारुले गरेबाट यो एकाङ्की भिन्न संवादात्मक शैली भएको ठहर्छ । संवादमा प्रयुक्त भाषा र अर्थ व्यङ्ग्यपूर्ण छ । अर्थात सरल संवाद छैन । यसको संवाद बौद्धिक पाठकका लागि मात्र ठीक छ भन्न सकिन्छ । पात्रको स्तर (सङ्केत) अनुसारकै संवाद रहेको छ ।

### ५.१.२.२.६.४ द्वन्द्व

द्वन्द्वका हिसाबले यो एकाङ्कीमा इतिहासका घटनाको अर्थात राणाहरू र राजाहरूको बीचको सम्बन्धलाई सङ्केत गरिएको छ भने अर्कातर्फ राजपरिवारको जेठो सन्तान राजा भएपछि उसले अन्य सदस्य र जनताप्रति भााडभैलो मच्चाएको सन्दर्भ उल्लेख छ । तसर्थ यहाा मानसिक रुपमा राजतन्त्रका पक्ष र विपक्षका बीचमा द्वन्द्व सुरु भएको अनुमान गर्न सकिन्छ । धर्म निरपेक्ष राष्ट्र नहुनु, राणाकालमा राजाहरूलाई दवाउन सफल राणाहरू वर्तमानमा पनि ठूलाठूला पदमा रहनुले पनि युद्ध अथवा आन्दोलन अझ चर्कन्छ भन्ने सङ्केत गरिएको भन्न सकिन्छ तसर्थ नेपाल आमा र नेपालीपन भएका व्यक्तित्वमा सकारात्मक सोचको विकास गराएर खराब पक्षमाथि जाइलाग्न प्रेरित गर्न खोजेबाट द्वन्द्वको सामान्य क्रम मात्र देखिन्छ ।

### ५.१.२.२.६.५ देशकाल वातावरण

यस एकाङ्कीले वि. सं. २०४६ सालपछिको नेपालको अवस्थालाई समेटेको छ । बहुदलीय व्यवस्था कायम भएपनि र संविधान निर्माण भएपनि त्यसले पर्याप्तता नपाएको तर त्यसका विरुद्धमा र विशेष गरी राज्यव्यवस्थाका विरुद्धमा आवाज उठाउन नपाइने पर्यावरणीय समस्या यसमा उद्घाटित छ । दरवारी यथार्थ प्रवृत्तिमा ठूलो व्यङग्य गरिएको

यो एकाङ्कीको कथानकले बहुदलीय व्यवस्था पछिको मुख्य समय र काठमाण्डौं दरवारमार्गलाई मुख्य स्थान बनाए पनि समग्र देशको राजनैतिक वातावरणलाई जनाएको छ ।

### ५.१.२.२.६.६ भाषाशैली

यो एकाङ्कीको भाषा नेपाली भएपनि सामान्य पाठकका लागि बोधगम्य छैन किनभने यो एकाङ्कीको विषयवस्तु त्यस बेलाको प्रशासनको आाखाबाट बचाउनु पर्ने भएकोले त्यस्तो भएको हो । शब्दहरू सरल भएपनि शब्दसंयोजन र अर्थबोधमा घुमाउरो व्यङ्ग्य भेट्टिन्छ । फेरि एउटा पात्रले भाषण गरे जस्तो गरी एकोहोरो भनिरहने हुादा एकाङ्कीको सामान्य स्वरुप भन्दा भिन्न रहेको छ । बोलीचालीकै भाषा भएपनि स्तरीय रहनु र सङ्केतपूर्ण प्रतीकात्मक रहनु यसको भाषिक विशेषता हो ।

शैलीका हिसाबले एकालापीय संवादको शैली यसमा छ । दोहोरो कुराकानी नभएर भाषणमा आफ्ना कुरा सुनाए झैं घरी-घरी प्रश्न पनि गर्दै उत्तर दिने शैलीमा यो एकाङ्की अघि बढेको र अन्त्य भएको छ । प्रयोगवादी र समस्यागत असामान्य प्रस्तुतिको पद्धतिशैलीको निर्वाह पनि यसमा भएको छ ।

### ५.१.२.२.६.७ उद्देश्य

यो एकाङ्कीको उद्देश्य विषयगत रुपमा वा मूल भावगत रुपमा भिन्न संरचना भएका एकाङ्कीहरू रचना हुादैगरको सन्दर्भमा र नेपालीका सच्चा विचारहरू खुल्ला रुपमा प्रतिपादन गर्न नपाउने अवस्थामा सगरमाथाकी छोरी ‘सारु’ शीर्षक मार्फत नेपाल र नेपालीप्रति राष्ट्र भक्तिको भावना जगाउदै राजदरबारप्रति खबरदारी गर्ने उद्देश्य राख्नु यो एकाङ्कीको मुख्य उद्देश्य हो । सगरमाथाको काखमा रहेको एउटा सुन्दर देश नेपाल भित्रका कमी कमजोरी र खराब पक्षको सामान्य उद्घाटन गर्ने उद्देश्यमा यो एकाङ्की सफल छ ।

### ५.१.२.२.६.८ अभिनेयता

प्रयोगधर्मी पात्र, कथावस्तु र अन्य एकाङ्कीगत संरचना भएको प्रस्तुत एकाङ्की एकजना पात्रको उपस्थितिमा सामान्य रुपमा मञ्चन योग्य देखिन्छ । तर काठमाण्डौंको दरवारमार्गमा मध्यान्हको समयमा ‘सारु’ उपस्थित हुनु र सम्पूर्ण यात्रुहरू रोकिनु र यातायातका साधनहरू पनि ठप्प रोकिनुले स्वभाविकता र अभिनेयतामा असर पार्ने देखिन्छ ।

यस्तो दृश्य सामान्य रङ्गमञ्चमा प्रस्तुत गर्न सकिदैन तसर्थ यसले विशिष्ट मञ्चको आमन्त्रण गर्दछ भन्न सकिन्छ तर पनि यसलाई मञ्चन गर्न सकिने आधारमा अभिनेय नै रहेको छ ।

### ५.१.२.२.६.९ शीर्षक सार्थकता

यो एकाङ्की हाम्रो देशमा रहेको सगरमाथा र त्यसकी छोरी नेपाल आमा भन्ने प्रतीकात्मक अर्थसाग सम्बन्ध राख्ने एकाङ्की हो । नेपाल आमाले कहिले सगरमाथालाई सन्तान बनाउाछिन त कहिले सगरमाथाको काखमा रहेकोले आफै सन्तान बन्दछिन् । त्यस्तै अवस्थामा यसमा 'सारु' प्रतीकात्मक रुपमा तत्कालीन नेपालको राज्यव्यवस्था, राजदरवार तथा नेपालको धार्मिक र परराष्ट्र सम्बन्धका खरा पक्षमाथि घुमाउरो व्यङ्ग्य गर्न प्रस्तुत गरिएकी आमा पात्र हुन् जो नेपालकी सन्तान हुन् र आमा पनि हुन् । आमाले सन्तानलाई बाटो देखाउाछिन् । यहाा पनि राजपरिवारलाई चेतावनी दिादै राणाहरूलाई मामाको संज्ञा दिएर भिन्न शैलीमा एकाङ्की प्रस्तुत छ । तसर्थ यो एकाङ्कीको कथावस्तु र शीर्षक बीचमा प्रतीकात्मक सम्बन्ध रहेको छ ।

### ५.१.३ उपन्यासकारका रुपमा देवी 'क्षेत्री' दुलाल

देवी 'क्षेत्री' दुलालको मुख्य साहित्यिक विधा नाटक भएपनि उनले उपन्यास विधामा पनि आफ्नो कलम दौडाएका छन् । उनको एकमात्र उपन्यास 'रङधोजी' (२०६० असोज) प्रकाशित भएको छ । उनको 'एकरात' उपन्यास भने अप्रकाशित रुपमा रहेको छ ।

दुलालको औपचारिक प्रवृत्ति र विशेषतालाई औंल्याउनु पर्दा उनको एकमात्र प्रकाशित उपन्यास भएकोले औपन्यासिक विधामा ठूलो प्रभाव देखिादैन् । सामाजिक कथावस्तुमा काल्पनिकता मिसाउनु र युवावर्गका पाठकको क्षणिक आनन्दका लागि उपन्यास पस्कने विशेषताहरू मुख्य रुपमा रहेका छन् । स्थानीय परिवेशलाई अङ्गालेर आफ्ना जीवनका केही क्षणलाई समेत उपन्यासमा मिसाउने प्रवृत्ति उनमा रहेको छ । कथावस्तुलाई हतारहतारमा कुदाएर धेरै औपन्यासिक सीमाहरूको निर्माण उनको उपन्यासमा भएको पाइन्छ । प्रकृतवादी शैलीका वाक्यहरूले छाडा र बजारिया सस्तो खालको उपन्यास जस्तो लाग्ने विषयमा प्रस्तुति उनको अर्को विशेषता रहेको देखिन्छ । उपन्यास भित्र गाउाले सामान्य परिवेश र त्यहााका पात्रहरूको सामाजिक क्रियाकलाप तथा

स्थानीय रङ्गको प्रभाव पाइन्छ । यौन क्रियाकलापसाग सम्बन्धित स्थानीय बिम्ब प्रतीकहरूको प्रयोग पाइनु पनि उनको औपन्यासिक विशेषतामा पर्दछ । कथावस्तु र पात्र अनुरुपको गाउाले भाषाको प्रयोग तथा सरल भाषा शैलीको प्रयोगले उनको उपन्यासलाई सामान्य पाठकले पनि बभ्न सक्छन् । बौद्धिक र वास्तविक साहित्यिक पाठकका लागि भने खल्लो लाग्ने तर सामान्य र कमजोरजार उमेरका युवायुवतीका लागि मात्र उचित हुने उपन्यास पस्कनु उनको मूल विशेषता हो ।

## ५.१.३.१ रङधोजी उपन्यासको अध्ययन र विश्लेषण

'रङधोजी' उपन्यास दुलालको एकमात्र प्रकाशित उपन्यास हो । यो जम्मा ५८ पृष्ठमा संरचित छ । प्रकाशक श्रीमती रम्भा थपलिया (दुलाल) रहेको यो उपन्यासको आवरणः टाइम्स क्रिएसन, मुद्रणः प्रिन्ट टेक, मैतिदेवी काठमाण्डौं, कम्प्यूटरः कृष्ण बुक्स एण्ड स्टेशनरी इशारा डेक्स्टप एण्ड कम्युनिकेशन सेन्टर इलाम, मूल्य रुः बीस (२०) तथा प्रथम प्रकाशन एक हजार प्रति रहेको छ ।

"उपन्यास विधामा पहिलो चोटी कलम चलाएर रङधोजी नाम जुराएको प्रथम उपन्यास सामाजिक कथावस्तुमा आधारित आधा यथार्थ र बााकी काल्पनिक भनी स्वंय उपन्यासकारले जनौं दिइसकेको भए तापनि उपन्यासको विषयवस्तु उपन्यासकारको जीवनमा घटेका घटित घटना र यथार्थ र भोगाइ नै हो कि भन्ने पर्छ र जीवनको भोगाइ अनुभव केही तिता केही मिठा घटना र उपन्यास भित्र आफ्ना प्रतिक्रिया दुलालका उपन्यासको गुदी हो ।"[५४] "यसमा नेपालको ग्रामीण परिवेशमा हुर्केका बालबालिकाको चाञ्चल्य जीवनको सटिक कहानी प्रस्तुत गरिएको छ ।"[५५] रङधोजी उपन्यास कमजोर औपन्यासिक संरचनामा बााधिएको पाइन्छ । यसमा कथावस्तुगत, पात्रगत तथा अन्य तत्वगत कमजोरीहरू प्रशस्त पाइन्छन् तर पनि प्रयास नै साहित्यमा ठूलो कुरा हो । पाठकले मूल्याङ्कन चाहि जसरी पनि गर्दछ र गर्नुपनि पर्दछ । "रङधोजी सरसर्ती हेर्दा उपन्यासकार यौनवादी साहित्य तर्फ उन्मुख हुन खोजेको हुनकी

---

५४ डम्बर पहाडी, रङधोजी उपन्यास, **फूलबारी साहित्यिक द्वैमासिक** (२०६० पौष) (समीक्षा) ।

५५ गुरु प्र. पोखेल, रङधोजी उपन्यासः एउटा पाठकको आँखामा, **अभ्यास द्वैमासिक** (२०६२) ।

भन्ने सङ्केत मिल्छ । यौनवादी उपन्यासका पाठकहरूलाई यस उपन्यासले केही न केही स्वाद चखाउाछ नै तर पनि समाजमा घटनाहरू यसरी पनि सृजित हुन सक्दछ । सकारात्मक नकारात्मक पक्ष पाठक स्वयंले छुटयाई जीवन र जगतमा लागू गर्नु पर्दछ भन्ने सङ्कते उपन्यासकारले गरेको प्रतीत हुन्छ ।"[छट]

## ५.१.३.२ रङधोजी उपन्यासको कथावस्तुगत अध्ययन र विश्लेषण

रङधोजी उपन्यासको कथावस्तु 'क्षेत्री' परिवारको एघार वर्षको रङ्गराम र राई परिवारकी नौ वर्षकी धोजी मायाको सेरोफेरोबाट सुरु हुन्छ । दुवैजना गाउामा बाखा गोठालो गर्ने र चरन क्षेत्र पनि एकै ठाउा भए तापनि चिनजान भएको हुादैन । रङ्गेको आठवटा बाखा र एउटा बीउ बोका र धोजीको ६ वटा बाखी मात्र हुन्छ । ती औपचारिक चिनजान नभएको अवस्थामा कथाले केही गतिलिन्छ । रङ्गेको विउ बोका धोजीमायाको बाखाको बगालमा मिसिएर बगालिन थाले पनि लेखकले त्यसो हुनै दिादैनन् र रङ्गेले सिर्कनाले थुतुनोमा हानेर फर्काउाछ । गड्याङगुडुङ् गरेर पानी पर्दा एउटै ओढारमा बाखा सहित पस्दा पनि परिचय हुन पाउादैन ।

तर एक दिन रङ्गेको बोका धोजीमायाको बाखीसाग बगालिन थालेपछि धोजीमाया मुसुक्क हाासेर रङ्गेसाग बोल्दछे र उपन्याकार मालेढुङ्गाको बसाइाबाट दुवैलाई एकै ठाउामा ल्याएर कथावस्तुलाई गति दिादै दुवैको बाल्य प्रेमको सुरुवात गर्दछन् ।

आपसी चिनजान पश्चात सागसागै बाखा चराउने क्रममा एकदिन रङ्गेले आफ्नो बीउ बोका छेक्न नसक्दा धोजीमायाको बगालमा मिसिएर जान्छ । रङ्गे रुादै घर आउाछ । उसले दाजुको कुटाइ खान्छ । बीउ बोका धोजीमायाको घरबाट दाजु र रङ्गे भएर ल्याउाछन् र त्यता धोजीमायासाग बाखा चराउन लान नपाउने निर्देशन दाजुले गरे पनि भोलि पर्सिपल्टदेखि फेरि झुक्याएर लान्छ र धोजीमायासाग प्रेम लिलामा मस्त बन्दछ । उनीहरूले जुम्रा पालेर जुम्रा मिसाएर जुम्राको खेती गर्दछन् तर उनीहरूका अभिभावकले जुम्रा पनि नुहाएर लुगा धोएर मारेपछि धोजीमायाले लगेको बाासुरी र बिनायो बजाएर गीतमा सुरथप्दै रमाउछन् । "चरी चिमालमा, मायाा काा पुग्यो माथि हिमालमा" भन्दै गीत गाउादै प्रीति साटा साट गर्दछन् । झण्डै विछोडिएको कथा पुनः जोडिन्छ । प्रकृतिका चराचुरुङ्गी तथा बाखाको यौन क्रीडाबाट रङ्गे र धोजीमाया बढी उत्तेजित हुन थाल्छन् । झ्याउाकिरी लगायतको यौन क्रिडा पनि उनीहरूले देख्दछन् । समयको सङ्केत गर्ने झ्याउाकिरी घरमा

---

[५६] डम्बर पहाडी, **पूर्ववत्** ।

लगेर राती नै कराएकोले दाजुले रङ्गेलाई फाल्न लगाउछ । त्यसपश्चात बाखा गोठालोको धुनमा रङ्गे र धोजीमाया यौन आनन्दको चरम सीमामा पुग्दछन् । अन्जान यौन सम्पर्क गर्दा परिवारले दण्ड दिन्छ । विछोडको अवस्था आउाछ । रङ्गे पढ्न जान्छ । मुखियाको भनाई पनि
उसलाई ईख बन्छ । विस्तारै माध्यमिक शिक्षा पूरा गरेर उच्चशिक्षाको लागि रङ्गे काठमाण्डौं जान्छ । बीचमा स्नातक तह पूरा गरेर घरमा आउादा रङ्गेले धोजीलाई भेट्न असमर्थ हुन्छ । रङ्गे काठमाण्डौंको ठाउामा राजनीति र साहित्य दुवैतर्फ सक्रिय बन्दै पढाईलाई निरन्तरता दिादै जान्छ । स्नातकोत्तर पढ्दै गर्दा दाजुको चिठीबाट धोजीमायाले विवाह गरेको जानकारी पाएपछि ऊ भाव विह्वल बन्दछ र उसले पनि फूलमायासाग मन्दिरमा विवाह गर्दछ । गाउाबाट गएको कन्ठेलाई पनि सहरमा जागिरको व्यवस्था गरिदिन्छ ।

यसपश्चात दसवर्षपछि रङ्गे सपरिवार दशैं मनाउन जन्मघर आउाछ । दशैं मनाएर फर्कने बेलामा धोजीमायालाई भेट्न जान्छ । यत्रो वर्ष विछोडिएका रङ्गे र धोजीमाया प्रेमक्रीडामा व्यस्त बन्छन् र उपन्यास टुङ्गिन्छ । यसरी उपन्यास संयोगन्त वियोगान्त हुादै संयोगान्तमा टुङ्गिएको छ । यसरी रङधोजी उपन्यासमा सामाजिक कथावस्तु रहे पनि बढी कल्पना र कमजोर प्रस्तुति रहेको देखिन्छ । बालककालमा पशु र पंक्षीको यौन क्रीडाको अनुकरणले वयस्कतातिर लम्कंदै गरेका युवायुवतीलाई सचेत बनाउन खोजेको देखिए तापनि अन्त्यमा फेरि एकपटक रङ्गे र धोजीको आ-आफ्नो घरवार भइसकेपछि पनि यौन सम्बन्ध गराएकोले कथानकलाई श्रृङखलित र उद्देश्यमूलक भन्न सकिंदैन ।

पूर्वी पहाडी जिल्ला ताप्लेजुङ पााचथर तिरका ठाउाको सन्दर्भलाई उठाएर त्यतै तिरको सामाजिक चलनमा आधारित बाखा गोठालो गर्ने, गाउाघरमा बाासुरी बिनायो बजाउने र विशेष गरी अभिभावकको संरक्षणमा हुर्कने युवायुवतीकै सेरोफेरोमा कथानकको आरम्भ विकास हुादै अन्त्य भएको छ । रङ्गे र धोजीमायाको भेटघाट र यौन क्रियाकलाप आरम्भिक अवस्था हो भने दुवैलाई विछोड गराएर रङ्गे पढ्न विद्यालयतिर जानु कथानकको विकास भाग हो भने विकास पछि कथानक हतार-हतारमा उपसंहार वा अन्त्यतर्फ लागिहाल्छ किनकि चााडो-चााडो प्रमाण पत्र तह, स्नातक तह र स्नातकोत्तर तह रङ्गरामले पास गर्नु र फूलमायासाग विवाह गरेर दशैंमा दसवर्षपछि घरमा आउनु र धोजीमायासाग रङ्गे एकरात विताएर हतारमा अन्त्य हुन्छ । यसरी हतारमा घोड दौडको स्थितिमा कथानक

हिाडे पनि कौतुहलता भने प्रशस्त रहेको छ । रङ्गेले र धोजीको बाख्रा गोठालोमा परिचय कसरी हुन्छ भन्ने कोतुहलता बढ्दै जाादा एउटै ओढारमा दुवैजना पस्दाखेरि झन् कौतुहलताको स्थिति पैदा हुन्छ । उता दुवैको जुम्रा खेती परिवारले नष्ट गरेपछि फेरि कस्तो स्थिति आउाछ भन्ने पाठकलाई पर्दछ । त्यस्तै रङ्गे र धोजीको विछोड पश्चात विवाह हुन्छ कि हुादैन भन्ने स्थिति पनि आउाछ र अन्त्यमा रङ्गे धोजीलाई भेट्न जाादा कस्तो अवस्था सिर्जना हुन्छ भन्ने कौतुहलताका क्षणहरू भने प्रशस्त छन् ।

यसरी कथावस्तुले कौतुहलताको स्थिति सिर्जना गरे पनि धेरै कमजोरीहरू पनि छन् । कथावस्तुमा अस्वभाविकताहरू पनि प्रशस्त पाइन्छन् । रङ्गरामलाई धोजीबाट छुटाएर विद्वान बनाउन रहरले होइन करले पढाउार्दैछु भन्ने दाजुले विद्वान् बनाउनका लागि किन सुरु देखिनै विद्यालय पठाएन त ? फेरि "विद्धान् बनाउने चाहना त संकल्पका  साथ शिक्षा प्रतिको प्रतिवद्धता भएको व्यक्तिमा मात्र देखिने कुरा हो यसर्थ दाजु चाहिले विद्वान् बनाउने प्रतिज्ञा गर्नु सर्वथा अस्वभाविक छ ।"[छठ]

त्यस्तै रङ्गेले प्रवेशिका परीक्षा दिइसकेपछि काठमाण्डौं पढ्न जाने अघिल्लो दिन मात्र धोजीसाग भेट हुन्छ । परीक्षा सकिएपछि घरबाहिर बस्नुपर्ने कारण पनि देखिादैन तसर्थ नतिजा नआउन्जेलसम्मको समयमा उसको धोजीसाग भेट नगराउनु कथानकमा उपन्यासकारको कमजोरी पक्ष हो । फेरि धोजीसाग मेलाबजारको दिन बाटोमा उभिएर मुखमा मुख जोडाएर बस्ने नेपाली समाजको सामाजिकताले पनि दिादैन । त्यहाा कोही न कोही हाटबजार त हिाडिहाल्छ तसर्थ यहाा पनि अस्वभाविकता देखा पर्दछ ।

त्यस्तै "समाचारको मध्यान्तरमा त्रि.वि.वि. ले स्नातकोत्तर अध्ययनका '............'जारी गऱ्यो भन्ने वाक्यलाई लेखकले प्रेमी प्रेमिकाबीच परिस्थितिजन्य विछोडको कारकका रुपमा स्थापित गर्न सक्यो प्रयास गरेको देखिन्छ (पृष्ठ ३९) तर नाम लेखाउने फारम खुलेको सूचना पाएपछि बढीमा एकघण्टा मात्र टाढा रहेकी प्रेमिकालाई भेट्न जानै नसक्ने स्थिति कुनै पनि हालतमा हुनसक्तैन । पहिलो कुरा त सूचना निस्किने वित्तिकै कुदिहाल्नु आवश्यक हुादैन, त्यो सूचनाको पनि म्याद हुन्छ । दोस्रो कुरा लुङ्रुपाबाट काठमाण्डौं पुग्न २ दिनसम्म लाग्न सक्छ भने २ दिन समय लगाउन भ्याउने रङ्गेले एकघण्टा समय निकाल्न भयाएन भन्नु युक्तिसङ्गत हुादैन ।"[छड] त्यस्तै कथावस्तुमा

---

५७ नवराज भट्टराई (समीक्षा) (सगर मासिक २०६२) ।

५८ ऐजन ।

काठमाण्डौंमा रङ्गेको शैक्षिक, साहित्यिक राजनैतिक उन्नति आकस्मिक देखाइएको छ र प्रत्येक साल विद्यार्थीहरू दशैं विदामा घर आउादा ऊ चाहि घर नआउने यस्तो खास कारण केही देखिादैन र अस्वभाविक स्थिति देखापर्दछ ।

यसरी यस्ता धेरै कमजोरी यसको कथानकमा देखिए पनि प्रथम औपन्यासिक कृतिका रुपमा पूर्वेली साहित्यकारको एउटा कृति प्रकाशित हुनु उपलब्धिमूलक देखिन्छ । कथानकले पूर्वी पहाडी जिल्ला पााचथरदेखि नेपालको राजधानीसम्मका घटनाक्रमलाई समेटेको छ । बाखा गोठालो गर्दा होस वा अन्य अवस्थामा हुने अव्यवहारिक यौजन्य सम्बन्धबाट हुने खतराको सङ्केत पनि यसमा देखिन्छ । बढीमात्रामा युवावर्गका पाठकका लागि मात्र उचित हुने कथानक यसमा छ । बालमनोविज्ञान सागसागै प्रकृतिवादी शैली मिसाएर यथार्थ र कल्पनाको संयोजन गरिएको सामाजिक कथावस्तु नै यसको मूल विषय रहेको देखिन्छ ।

### ५.१.३.३ चरित्र चित्रण

रङ्गधोजी उपन्यासमा पात्रहरूको अधिक प्रयोग भने छैन । रङ्गराम 'क्षेत्री' र धोजीमाया यस उपन्यासका प्रमुख पात्रहरू हुन् । यी लगायत अन्य सहायक र गौण पात्रहरू पनि यसमा रहेका छन् । जसको चर्चा क्रमशः यसरी गरिन्छ ।

### ५.१.३.३.१ प्रमुख पात्रहरु

र▪राम

यस उपन्यासको प्रमुख पात्रका रुपमा रङ्गरामलाई लिन सकिन्छ । उसको उपन्यासमा प्रमुख भूमिका रहेको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्मै उसकै सेरोफेरोमा कथानक घुमेको हुादा उसको प्रमुखता स्पष्ट छ ।

उपन्यासको सुरुमा एघार वर्षको रङ्गरामको २६/२७ वर्षको सम्मको प्रमुख घटनाहरू यस उपन्यसमा छन् । ऊ सामान्य गाउाले परिवारमा जन्मेर हुर्केको र बाखा गोठाला गर्ने पात्र हो । बालसुलभ गुणसागसागै विपरीत लिङ्गी धोजीमायाप्रति अन्जानमै बालकपनमै माया प्रीति गाास्न पुग्ने बालमनोविज्ञानलाई समेत छुने किसिमको पात्र हो । 'क्षेत्री' परिवारको रङ्गे राई परिवारकी धोजीमायासाग गाउाले प्रेम गर्दै पशुपंक्षीको यौन क्रियाकलापबाट प्रभावित भएर त्यस्तै क्रियाकलापमा सहभागी भएपनि त्यस्तो कच्चा उमेरको अवैध कामबाट परिवारको सजाय पाएको पात्र हो । ऊ घरबाट दाजुले देखाएको

बाटोमा हिड्ने पात्र पनि हो । ठूलाबडाको आज्ञा पालन गर्दै कर्तव्य बोध गर्दै ज्ञानी बन्न प्रेरित भएको पात्रका रुपमा रङ्गरामलाई लिन सकिन्छ । ऊ विद्यालय र कलेजमा सफलता प्राप्त गर्न मेहनत गर्ने मेहनती विद्यार्थी पात्र पनि हो । अल्लारे बानीबेहोरा भने प्रशस्त भएकोले धोजीको विवाह पश्चात फूलमायालाई आधुनिक किसिमको मन्दिर विवाह गरेर जीवन गुजारातर्फ लागेको सक्षम युवा हस्ताक्षरका रुपमा पनि रङ्गरामलाई लिन सकिन्छ । दस वर्षसम्म घरमा नआएको प्रसङ्गले भने पात्रगत अस्वभाविकता उपन्यासमा उब्जिएको छ साथै विवाह पश्चात धोजीलाई भेट्न जाादा उसाग रातविताएर युवाप्रति नकारात्मक सन्देश प्रवाह गर्न खोज्ने पात्रका रुपमा पनि उसलाई लिन सकिन्छ । सामाजिक मर्यादा र आदर्शताका आधारमा गाउाको कण्ठेदाइलाई सहयोग गरे बाहेक अन्य पक्षमा चाहि कमजोर पात्रका रुपमा हामी रङ्गरामलाई लिन सक्छौा ।

धोजीमाया

धोजीमाया राई परिवारकी प्रमुख स्त्री पात्रका रुपमा यस उपन्यासमा उपस्थित पात्र हो । उसको पनि उपन्यासमा सुरुदेखि अन्त्यसम्म नै प्रत्यक्ष उपस्थिति देखिन्छ । उपन्यासको सुरुमा नौ वर्षकी हुादा बाखा गोठालो गर्ने क्रममा रङ्गरामसाग चिनजान भएर आमाको यौनजन्य कुरा र पशुपंक्षीको यौनजन्य कार्यमा संलग्न भएकी र रङ्गरामको प्रेममा चुर्लुम्म डुबेकी पात्र हो । पढाइलेखाइबाट बञ्चित भएर घरको काममा व्यस्त हुादै रङ्गरामलाई प्राप्त गर्न नसकी अर्कै व्यक्तिसाग विवाह गरेर जीवन जिउन बाध्य पात्र पनि हो तर अन्त्यमा रङ्गेसाग आफ्नो बालापनको क्रियाकलाप पुनः दोहोऱ्याएकी नेपाली समाजकी अव्यावहारिक नारी पात्रका रुपमा देखिएकी छ । ऊ पूर्वी पहाडी जिल्लाकी सामान्य स्वभाव भएकी नारी पात्र हो । जसले सत्यता निश्चलता मात्र जानेकी छे । कमजोर उमेरमा अन्जानमै रङ्गेको प्रेम सम्बन्धमा बाािधएकी तर पछि धेरै रोएर सम्झनामा नै दिन बिताउन बाध्य भएकी एक सच्चा प्रेमिका पात्रका रुपमा पनि हामी धोजीमायालाई लिन सक्छौ तर परिस्थिति अनुसार व्यवहारमा लागेर जीवन गुजार्ने क्षमता भएकी पात्र पनि हो । नायिकाका रुपमा प्रस्तुत पात्र धोजी कमजोर देखिन्छे । उसले अर्को व्यक्तिसाग विवाह गर्नुपूर्व रङ्गेलाई प्रतिकार गरेर प्राप्त गर्न नसक्नु उसमा शिक्षाको कमी हुनु हो भन्ने पनि देखिन्छ । तसर्थ धोजीमाया उपन्यासमा उपन्यासकारले सिर्जना गरेको सामान्य कमजोर नारी पात्र हो ।

## ५.१.३.३.२ सहायक पात्रहरु

दाइ

रङ्गेको प्रमुख अभिभावका रुपमा उपन्यासमा प्रस्तुत दाइ पात्र उपन्यासको प्रमुख सहायक पात्र हो । उसको उपन्यासमा रहेको भूमिकाले रङ्गराम पनि सुध्रिएको छ । गाउाघरको वातावरण अनुसार परिवार चलाएर बसेको दाइ पात्रमा सामाजिक अन्धविश्वासहरू विद्यमान छन् किनकि रङ्गेले बाखा चराउन लग्दा धोजीको घरमा बीउ बोका जाादाखेरि त्यो राईको देउ सर्छ भनेर उसले रङ्गेलाई हप्काएर कुटेको छ । शिक्षाप्रति केही जागरुक देखिने दाइ पात्रमा विरोधाभासपूर्ण चरित्र देखिन्छ । "धोजीलाई भेट्न नसकी काठमाण्डौं जान आाटेको रङ्गे उसको दाजुसित दुःख् मनाउ गर्छ । जुन दाजुले 'बोको धोजीका बगालमा गयो' भन्ने थाहा पाउादा बुझ्को तेरो चर्तिकला '........' भनेर उसलाई तथानाम गाली गरेका र हात छोडेका थिए । जसले धोजीसितको संगत छुटाउनको लागि भाइलाई बाखा गोठालो छोडाएर स्कूल पठाउन थालेका थिए, उनले धोजीको कुरामा भाइलाई सहानुभूति दिएको देख्दा बासमती चामलको भात खाइरहेको बेला बंगारामा दर्शन ढुंगो लागेजस्तो अनुभव हुन्छ । त्यतिखेर धोजीसित तेरो अझै चल्दैछ पो ? भनेर हकारपकार गर्नुको सट्टा दाजुले नै हल्कारा हुन स्वीकार गर्नुभन्दा अगाडि भाइले छानेको राईनी केटीलाई स्वीकार्न सक्ने गरी दाइको मानसिकता कसरी र केले गर्दा परिवर्तन हुन पुगेछ स्पष्ट हुनु जरुरी छ"[५९] तर पनि दाजुले भाइप्रति गर्नुपर्ने कर्तव्य र जिम्मेवारी भने पूरा गरेको सोझ्को रुप दाइ पात्रमा देखिन्छ । एउटा बिग्रिसकेको भाइलाई विद्वान् बनाउनु उसको शिक्षा प्रतिको झुकाव पनि हो ।

कण्ठेदाइ

कण्ठेदाइ उपन्यासको सामान्य सहायक पात्र हो । ऊ गाउामा रङ्गेसागै हुर्केको खेलेको व्यक्ति हो । रङ्गेलाई धोजीको खबर सुनाएर धोजीलाई पनि रङ्गेको खबर सुनाउन सहयोग गर्ने सहयोगी पात्र हो । पछि परिवारका सदस्यको आकस्मिक मृत्यु पश्चात् दुःख पाएर काठमाण्डौंको गल्ली गल्लीमा भोक-भोकै हिाड्न विवश भएको बेला गाउाको रङ्गे भाइलाई भेट्दा ऊ खुसी हुन्छ । गाउाको व्यक्तिलाई भेट्दा आफ्ना पीर व्यथा सुनाएर मन हलुङ्गो बनाएर सहारा खोज्न बाध्य भएको पात्र हो । उसले पछि रङ्गेको सहायताले

---

[५९] नवराज भट्टराई, **पूर्ववत्** ।

जीविकोपार्जन गर्न सफल हुन्छ । यस प्रकार परिवार गुमाएर गाउाघर छोडेर विरक्तिएर हिाडेको पात्रका रुपमा हामी कण्ठेदाइलाई लिन सक्छौं ।

फूलमाया

फूलमाया यस उपन्यसको पृष्ठ ४० देखि उपस्थित भएर लगभग अन्त्यसम्म रहने नारी पात्र हो । ऊ सहायक नायिका पात्र जस्तो रुपमा उपन्यासमा देखिन्छे् । सहरमा पढेर रङ्गेसाग आफूखुसी मन्दिर विवाह गरेर विवाह बन्धनमा बााधिएकी फूलमाया गाउाका मान्छे जाादा सहरमा राम्ररी स्वागत गर्ने र राम्रो बानी व्यहोरा देखाउने नारी सुलभ गुण भएकी पात्र हो । ऊ शिक्षित नारी पात्रका रुपमा उपन्यासमा प्रस्तुत छे । आफ्नो श्रीमान र छोराछोरीका साथ परिवारकी गृहिणी बनेर रहेकी फूलमायाको उपन्यासमा सामान्य भूमिका देखिन्छ ।

## ५.१.३.३.३ गौणपात्रहरु

यस उपन्यासमा धोजीमायाकी आमा ल्याम्थी भाउजूको गौण भूमिका रहेको छ । धोजीले आमाले सिकाएको कुरा भन्दा र रङ्गेको बोका धोजीको बगालमा जाादा दाजु र रङ्गे लिन जाादा र जोरहाडेले रङ्गे र धोजीको चर्तिकला भनेपछि गोप्य पारिवारिक छलफलमा उसको सामान्य भूमिका रहेकोले ऊ गौण पात्रका रुपमा उपन्यासमा प्रस्तुत छे । त्यस्तै जोरहाडे काका रङ्गे र धोजीको यौन क्रियाकलाप देखेर सुनाउने कार्यमा मात्र रहेकोले उसको उपन्यासमा गौण भूमिका रहेको छ । त्यस्तै मुखिया बा शिक्षकहरू, डेराकी बुढी आमै, रङ्गेका छोराछोरी भूषण र विवशता तथा धोजीका छोराछोरी तारजन र सोइविरा पनि गौण पात्रका रुपमा उपन्यासमा रहेका छन् ।

यसरी विभिन्न स्वभाव भएका पात्रहरूको संयोजन भएको यो उपन्यासमा बढी मात्रामा कम उमेरका पात्रहरू छन् । पात्रहरूको स्वभाविक संयोजन भने रहेको पाइादैन । पात्रहरूको गति पनि ठीक हुनुपर्दछ  तर यहाा त्यस्तो देखिदैन । “लेखकले उपन्यासका लागि एउटा कथावस्तु सोचेपछि पात्रहरूलाई आफ्नै स्वाभाविक गतिमा कतै पनि हिड्न दिएका छैनन् । उपन्यासका पात्रहरूको स्वतन्त्र अस्तित्वलाई पूरै बेवास्ता गरेर लेखकले कोरेको रोडम्यापमा एक्काको घोडा बनाएर दायााबायाा हेर्न नदिई पात्रहरूलाई बलजफ्ती दौडाएको देख्दा यस्तो लाग्छ -उपन्यास लेख्न बसेपछि लेखकलाई हतारहतार लेखिसिध्याउन मन लागेको छ । यही भएर ३ वर्षसम्म रङ्गे धोजीसित गोठाले प्रेम गर्छ, लगालग ११

वर्षसम्म पढेर झटपट एस.एल.सी. पास गर्छ र डिग्री सिध्याएर सहपाठीलाई अन्माउन पनि कुनै बेर लगाउादैन । "[टण]यस उपन्यासमा पात्र योजनामा लेखकको ध्यान कमजोर हुनु उपन्यासको सीमा देखिन्छ । पात्रगत अन्य पक्षमा भने उपन्यास सामान्य रुपमा सबल छ ।

### ५.१.३.४ कथोपकथन

रङधोजी उपन्यासले कथोपकथन तथा संवादमाथि विशेष जोड दिएको छ । कथोपकथन उपन्यासको मुख्य तत्व नभए पनि पात्रपात्राबीचको सम्बन्ध बुझ्न र कथावस्तुमा मिठास ल्याउन यसले सहयोग गरेको पनि छ । यस उपन्यासमा पात्रको स्तर अनुसारको संवाद त प्रयोग भएको छ तर लेखकले संवादका क्रममा आफ्ना कुरा बीचबीचमा क्रम नमिलाई मिसाएकोले कति पात्रले स्वभाविक रुपमा भने र कति कुरा लेखकले स्पष्ट पार्न वर्णन गरको भन्ने थाहा भएपनि अस्वभाविक देखिन्छ जस्तै:

जोरहाडेः- "एक्कासी कड्कियो यिनेरले सब थोक गऱ्यो । भन्न नहुने छाडा काम गऱ्यो ।"

भाउजूः- ए! भयो ओ अबो त भयो । केटाकेटी, गरि हाले, जानेनन् ...............आबो गर्दैनन् ..........। एक चोटीलाई माफ दिउा । जोरहाडे र रङ्गेको दाई उल्टै भाउजुसाग धुर पसे ।" (पृष्ठ ३९/४०)

यस उपन्यासमा कथावस्तु अनुसार रङ्गे र धोजी बीचका संवादहरू बढी अश्लील छन् । हाम्रो सामाजिक मर्यादाका आधारमा हेर्दा अपाच्य किसिमका संवादले उपन्यासलाई कमजोर बनाउने आधार देखिन्छन् । जस्तैः

धोजीः- "(रङ्गेको कानमा साउति बात गर्दै) म तिम्रो छाडा गर्ने सिङ जुरो हेर्छु ल ।"

रङगेः- ल ।'

धोजीः- कस्तो रैछ मेरो ...........?

रङगेः- तलको जुरो स्कुसको जिब्री जस्तो, माथिका चैठेकी फलको दाना जस्तो । मेरा नि .......?

धोजीः- गुल्फाको कोसा जस्तो । अलेली रातो तर हाासेको छैन ।[टज्ञ]

---

६० नवराज भट्टराई, **पूर्ववत्** ।

६१ देवी 'क्षेत्री' दुलाल **रङ्धोजी उपन्यास** (२०६०) पृ. २६ ।

अश्लील किसिमका संवादका अत्तिरिक्त अन्य भूषण, कण्ठेदाई आदिसागका संवाद भने रमाइलानै रहेका छन् । यस्तो संवादले उपन्यासमा केही नाटकीयपन देखिएको छ ।

### ५.१.३.५ द्वन्द्वविधान

यस उपन्यासमा आन्तरिक र बाह्य दुवै किसिमका द्वन्द्वको अवस्था देखिन्छ । रङगे र धोजीमायाको बालकपनको चिनजान पश्चात भेटघाट नहुादा दुवै एक अर्कामा समर्पित भएको अनुभवमा छटपटिएको अवस्थाले आन्तरिक रुपमा बालमोविज्ञानका आधारमा द्वन्द्वात्मक अवस्था देखिन्छ । बालबालिकाको बढ्दो उमेरमा सामान्य कुरामा पनि उनीहरूलाई चिन्ता भएको छ । त्यस्तै उनीहरू वयस्क भइसकेपछि भेट नहुादा बढी छटपटाएका छन् तर रङगेले पनि कडा रुपमा उपस्थित भएर धोजीलाई अङ्गाल्न नसक्नु आन्तरिक द्वन्द्वकमजोर हुनु हो । फेरि ऊ शिक्षा प्रति दाजुमार्फत प्रेरित बन्दा उसले त्यहाा पनि सहजै स्वीकारेको छ । त्यस्तै कण्ठेदाइ घरका सदस्य गुमाएपछि आन्तारिक रुपमा छुट्पटिएको छ तर त्यसको परिणाममा ऊ शहर पस्न बाध्य हुन्छ ।

बाह्य द्वन्द्वका आधारमा उपन्यासमा जोरहाडेको धोजी तथा रङ्गेबीचमा भनाभन पर्छ र पारिवारिक गोप्य भेलामा धोजी र रङगेले धेरै पिटाइ खाएपनि प्रतिकार गर्न सक्दैनन् तर यसबाहेक द्वन्द्व पक्षमा अन्य गहन कुरा यस उपन्यासमा पाइादैन । किनभने सामान्य क्रियाकलापमा नै उपन्यासका पात्र व्यस्त छन् । तसर्थ द्वन्द्व पक्ष सबल नभएर दुर्वल नै देखिन्छ ।

### ५.१.३.६ देशकाल वातावरण

पूर्वी पहाडी जिल्ला पााचथर ताप्लेजुङ्गतिरको सामाजिक चालचलन र त्यहााका ठाउाको भिरपाखाको वर्णनले सामाजिक परिवेशलाई स्पष्ट पार्दछ । वर्तमान सन्दर्भमा बाखा गोठाला गरेर जीवन निर्वाह गर्ने नेपाली समाजको चित्रमा केही काल्पनिक वातावरणको सिर्जना गर्दै यो उपन्यास तयार भएको छ । अहिले पनि उच्च शिक्षाका लागि काडमाण्डौा जानु पर्ने अवस्थामा उपन्यासको कथावस्तु समसामयिक परिस्थितिसाग मेल खाने देखिन्छ । रङगे र धोजीका असामान्य क्रियाकलापले काल्पनिक वातावरणको सिर्जना मार्फत यस उपन्यासको पात्रको क्रियाकलाप अघि बढेको छ ।

यस उपन्यासको समयलाई हेर्दा रङ्गेको र धोजीको वालककालको उमेर ११ वर्ष र ९ वर्ष भएको भन्ने कुरा उपन्यासको सुरुमा भएको छ र पछि रङगेले एम.ए. पास गरे सम्मको कुरा भएकाले करीब ३० वर्ष बीचको मुख्य समयलाई समेटेको छ । स्थानका रुपमा पूर्वी पहाडी जिल्ला

पााचथर र काठमाण्डौंको कीर्तिपुर क्षेत्रलाई समेटेको छ । यसमा निम्न वर्गीय परिवारको कथा प्रस्तुत छ । गाउाको सन्दर्भमा प्रायः निम्न  वर्गका व्यक्तित्वको पात्रगत प्रस्तुति यसमा रहेको छ ।

विस्तारै शिक्षा प्राप्ति तर्फ उन्मुखहुादै गएको नेपाली समाजको नयाा युग र पुरानो युग बीचको परिवेश यसमा वर्णित छ । नपढेका नेपाली नारीहरू र पढेका नेपाली युवाहरूको वर्णनले छोरीलाई शिक्षाबाट बञ्चित गराइएको सन्दर्भमा वर्तमान अवस्थाको कुरा स्पष्ट छ । जसो तसो जीवन गुजारा गरेको धोजीको परिवारलाई देखाएको छ भने रङ्गेलाई एम.ए. सम्म आनन्दले दाइले पठाएकोले रङ्गेको परिवारको आर्थिक अवस्था सुदृढ देखिन्छ । त्यस्तै रङ्गेको दाजु सामाजिक परम्परागत अन्धपरम्परामा विश्वास राख्ने र शिक्षा प्रति प्रतिबद्ध पनि देखिने भएकोले नेपाली समाजका दैध चरित्रको व्यक्तिको प्रस्तुति देखिन्छ ।

एकातर्फ नेपाली समाजको यथार्थ चित्रण छ भने अर्कातर्फ स्वच्छन्दवादी र प्रकृतवादी सुन्दर काल्पनिक परिवेश स्पष्ट छ । नायक नायिकाको स्वच्छन्द, खुलस्ता र छाडा क्रियाकलापले यस्तो परिवेशको सिर्जना गरेको छ । तर राई धोजी र 'क्षेत्री' रङ्गेका बीचमा कतै पनि जातीय खोट नदेखाइ दुवै जातको कुरालाई वर्गविहीन समाजको जस्तो पाराले प्रस्तुत गरेर वर्तमानमा जातीय विभेद भन्दा माथि उठ्न उपन्यास सफल देखिन्छ ।

### ५.१.३.७ भाषाशैली

रङधोजी उपन्यासको भाषा सरल देखिन्छ । यसमा प्रयोग भएका वाक्यले प्रायः सिधा अर्थ नै प्रदान गर्दछन् । पात्रको स्तर अनुसारको भाषिक प्रयोग एकातर्फ छ भने अर्को तर्फ गाउाघरको मौलिक भाषालाई जस्ताको तस्तै लेख्य रुपमा प्रस्तुत गरिएको छ । त्यसले स्वभाविकता त उत्पन्न गर्दछ तर व्याकरणात्मक त्रुटि चाहि धेरै निम्तिएको छ । बीच-बीचमा गीतहरूको प्रयोगले गीतिमय भाषा पनि यस उपन्यासमा प्रस्तुत छ । रङ्गे र धोजीमायाको वर्णन र संवादमा श्रृङगारिक र अश्लील भाषा प्रयुक्त छ । कता कता गम्भीर भाषिक प्रयोग पाइन्छ जस्तैः "फूलमाया- दाइ यस्तै हो मान्छेको जीवन सङ्घषै सङ्घर्षको कथा हो मान्छेको जीवन । जतिन्जेल बााचिन्छ, जिउाने नै हो जीवन ।"[टद] "यसै गरी थुप्रै ठाउामा 'हरू' लागेका वहु वचनयुक्त कर्ताहरूको लागि गऱ्यो' जस्ता एकवचनमा मात्र प्रयुक्त हुने क्रिया भएको पाइनु अर्को व्याकरणीय अशुद्धि हो ।"[टघ]"हुनत लेख्ने

---

६२ ऐजन, पृ. ४९ ।

६३ नवराज भट्टराई **पूर्ववत्** ।

मान्छेले नै गल्ती गर्छ । "त्यसो हुनाले चित्त दुखाइ हाल्नुपर्ने कुरा छैन । उपन्यासको भाषा सरल छ । गएकोलाई 'गको' भएकोलाई 'भको' मात्र होइन अबलाई स्थानीय उच्चारण अनुसार 'आबो' लेख्नु भाषिक सरलता र जनजिब्राको स्वभाविकतालाई जस्ताको त्यस्तै उतार्ने प्रयत्नको परिचायक हो ।"[टढ] "ग्रामीण क्षेत्रका व्यक्तिहरूको सामाजिक संरचना अनुसारको भाषिक प्रयोग पाइए पनि भाषिक कमजोरी प्रशस्तै भेट्टिन्छन् । उपन्यास भित्रका पात्रहरू, स्थान, शब्द चैन, किर्ना, जुम्रा, लिखा, स्कूसको चिब्रो, सिङ्जुरो, फूलविशेष बुकी, लिम्बूनीफूल, यस्तै जुका, जुरेचिल, बन्सो, गुल्फा ठेकीफल, गोल्सीमल, बाघचरी जस्ता ठेट शब्दहरू उपन्यासमा प्रयोग गरिएकोले उपन्यासलाई नौलो र चम्किलो बनाइ रौनक थपिदिएको छ । प्रकृति प्रतीक र बिम्बहरूको प्रयोगले उपन्यास केही क्षणको बसाइमा रमाइलैसाग पढि सिध्याउ जस्तो चाहना बढाएर लैजान्छ । यो उपन्यासकारको औपन्यासिक कला हो ।"[टछ]

शैलीका दृष्टिले हेर्दा उपन्यास वर्णनमूलक र संवादात्मक शैलीमा प्रस्तुत छ । नायक नायिकाको स्वभाव तथा व्यवहार र भाषाका आधारमा प्रतीकात्मक शैली र प्रकृतिवादी शैलीको संयोजन हुन खोजेको देखिन्छ  तर यो उपन्यासको भाषाशैली चाहि बजारमुखी सस्ता उपन्यासको जस्तो देखिन्छ । बढी पाठकहरूको मुखबाट आलोचना खप्नका लागि यसको भाषा शैली तयार हुनुपर्दछ । हतार हतारमा कथावस्तु दौडिएकाले बढी वर्णनात्मक बनेको छ । प्रत्यक्ष संवादले दृश्यात्मक शैलीलाई समेत सङ्केत गरको छ ।

### ५.१.३.८ उद्देश्य

उपन्यास लेखनमा पनि कुनै न कुनै उद्देश्य चाहि रहेकै हुन्छ । यस उपन्यासमा लेखकको उद्देश्यलाई विचार गर्दा एकातर्फ साहित्यिक विधामा हात बढाउन उपन्यास लेखेको देखिन्छ भने अर्कातर्फ उपन्यासको स्तरीयता कम भएको आधारमा झण्डै-झण्डौ कृतिको सङ्ख्या मात्र बढाउन खोजेको भान पनि हुन्छ । लेखकले सामाजिक यथार्थलाई देखाउादै गाउाघरमा स्वच्छन्द रुपमा काम गर्दै बाख्रा गोठाला गर्दै जीवन जिउने नेपालीको सामान्य कथा प्रस्तुत गर्ने उद्देश्य पनि राखेको देखिन्छ । यथार्थमा कल्पना मिसाएर रोचक उपन्यास बनाउने उद्देश्य भएपनि बढी अश्लील भएकोले लेखकको मनको एउटा कााचो कथानकलाई औपन्यासिक रुप दिने चेष्टामात्र यसमा देखिन्छ पढाइ प्रतिको प्रतिबद्धतामा अडिग रहनु जीवन जसरी पनि चल्छ भन्दै अपरिपक्व प्रेमकथालाई प्रस्तुत

---

६४ ऐजन ।

६५ डम्बर पहाडी, **पूर्ववत्** ।

गर्नुले उपन्यास खास उद्देश्यमा सफल देखिादैन । युवायुवतीको कलिलो अवस्थामा हुने यौन सम्पर्कबाट युवायुवतीलाई सचेत बनाउन खोजे पनि अन्त्यमा धोजी र रङ्गेको एकरातको रासलीला देखाएर पुनः कमजोर बनेको छ । धोजी र रङ्गेको छोराछोरीले रङ्गे र धोजीको क्रियाकलापको सामान्य आलोचना मात्र गरेका छन् । जसले धोजीको जीवन दुघर्टनामा पर्ने सङ्केत गर्छ तर उपन्यास टुङ्गिगएकोले कमजोर देखिन्छ ।

### ५.१.३.९ दृष्टिबिन्दु

उपन्यास रङ्गेको केन्द्रियतामा घुमेको छ । रङ्गे र धोजीको कथा र उपन्यासका अन्य पक्षको समाख्याता लेखक स्वयं हो । यस उपन्यासमा बाह्य दृष्टिबिन्दु छ तर पात्रहरूले संवादका क्रममा आन्तारिक दृष्टि बिन्दु पनि देखाउाछन् । उपन्यासकार उपन्यासमा घटिने घटनालाई प्रत्यक्षदर्शी भएर पात्रकै नामबाट संबोधित गरी घटनाको वर्णन गर्दछन् । उनले आफ्ना विचारलाई पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् । तसर्थ उपन्यास बाह्य पुरुष दृष्टिबिन्दुमा संरचित छ ।

✡✡✡

# छैटौं परिच्छेद

## साहित्यकार देवी 'क्षेत्री' दुलालको समग्र व्यक्तित्व र कृतित्वको मूल्याङ्कन

### ६.१ व्यक्तित्वको मूल्याङ्कन

साहित्यकार देवी 'क्षेत्री' दुलालको व्यक्तित्व पारिवारिक सामाजिक, आर्थिक तथा राजनैतिक परिस्थितिले निर्माण गर्दै लगिरहेको छ । उनले भोगेको बाल्यकालदेखिको जीवन र उनले गुर्नपरेका कार्य अनुभव तथा उनको संस्थागत संलग्नताले उनको निजी व्यक्तित्व तथा सार्वजानिक व्यक्तित्वको रुपरेखा तयार भइरहेकोछ ।

सामान्य गाउाले परिवारमा जन्मिएर पनि सामाजिक र पारिवारिक वातावरणले उनको व्यक्तिगत व्यक्तित्व निर्माण गर्दै उनको आफ्नो सोचाई, भोगाइ र जीवन संघर्षको समग्रताबाट सार्वजानिक व्यक्तित्वको निर्माण हुन सकेको छ ।

देवी 'क्षेत्री' दुलालको साहित्यकार व्यक्तित्व र साहित्येत्तर व्यक्तित्व (प्राध्यपक व्यक्तित्व, पत्रकार व्यक्तित्व, राजनैतिक व्यक्तित्व) को विविध पक्षलाई समन्वित गरेर उनको व्यक्तित्वको समग्र मूल्याङ्कन र अवलोकन गर्दा समाजमा, राष्ट्रमा उनको ख्याति बढ्दै गइरहेको छ । उनको कार्यक्षमता र संलग्नताले दिन प्रतिदिन उनको व्यक्तित्वले राष्ट्रिय रुपमा प्रसिद्धि प्राप्त गर्दै गइरहेको छ भन्न सकिन्छ । उनी जन्मथलो पााचथर छोडेर इलाम जिल्ला आएपनि हालमा काठमाण्डौंलाई अस्थायी बसोबास बनाएर भएपनि जीवन भोगाइमा तल्लीन छन् ।

प्राध्यापन पेशाबाट अलगिएर पत्रकारिता क्षेत्रमा वर्तमानमा संलग्न भइरहेपनि उनको कार्यप्रतिको लगाव भने बढेको छ । हालमा पत्रकार व्यक्तित्व भनेर सबैले चिन्ने गर्दछन् साथै साहित्यिक व्यक्तित्व पनि समानान्तर रुपमा अगाडि बढिरहेको छ । पारिवारिक जीवन गुजारासाग जुध्दै भएपनि देशोत्थानको कार्यमा संलग्न भइरहेका छन् ।

एकातर्फ प्राध्यापनको बाटो छोडेर पूर्ण रुपले पत्रकारिता र साहित्य क्षेत्रमा लागेकाले पत्रकारिता र साहित्यिक व्यक्तित्व प्रबल बन्दै गइरहेको छ भने अर्कातिर राजनीतिक संलग्नतालाई पनि गौण रुपमै भएपनि सम्हाल्दै लगिरहेका दुलालको राजनीतिक व्यक्तित्व पनि गौण तर समानान्तर रुपमा नै बढिरहेको पाइन्छ । दुलाल कुनै एउटै ठाउामा स्थिर

रुपमा नरहेर देशका विभिन्न भागमा रहादै आफ्नो कार्यक्षेत्रलाई अगाडि बढाइरहेका छन् तसर्थ उनको आफ्नो व्यक्तित्व विकासको आधार विविध सामाजिक कार्यमा संलग्नता र योगदान बन्दै गइरहेको छ । विद्यार्थी जीवनदेखि नै उनको साहित्यिक र साहित्येत्तर व्यक्तित्वको विकासको आधार निर्माण भएको हो । वि.सं. २०३९ सालदेखि ने.क.पा. एमालेको भातृ सङ्गठन अनेरास्ववियूमा सम्पर्क भएकोले उनको राजनैतिक व्यक्तित्वको विकास प्रारम्भ भएको र हालसम्ममा त्यो विकास अग्रगतिमा बढिसकेको छ । त्यसै गरी वि.सं. २०४४ सालदेखि साहित्य क्षेत्रमा प्रत्यक्ष संलग्नता आरम्भ गरेका दुलालको हालमा साहित्यकार व्यक्तित्वको निर्माण भइसकेको छ । त्यस्तै पत्रकारिता क्षेत्रमा वि.सं. २०४७ सालदेखि संलग्न भएको र हालमा पत्रकार व्यक्तित्वको निर्माण भएको अवस्था छ ।

साहित्यकार व्यक्तित्वको सन्दर्भमा दुलालको समग्र मूल्याङ्कन गर्नुपर्दा उनको कलमले कविता, कथा, नाटक, एकाङ्की, उपन्यास, समालोचना र संस्मरण विधालाई छोएको आधारमा वहुसाहित्यिक विधालाई रुचाएर कलम चलाउने स्रष्टा व्यक्तित्वका रुपमा उनलाई लिन सकिन्छ । पूर्ण रुपमा नेपालका अन्य ठूला साहित्यकारको दाजोमा भने उनी आउन सकेका छैनन् । उनको साहित्यिक क्षमताको प्रस्फुटन भने पूर्ण रुपमा नभएसम्म त्यस्तो उचाई प्राप्त हादैन । फेरि साहित्यिक व्यक्तित्वका रुपमा उनको स्थान सामान्य भन्दा केही माथि भण्डौ-भ्रूण्डौ मध्य अवस्थामा छ । साहित्यिक कृति र गुणका आधारमा साहित्यिक व्यक्तित्वको निर्धारण हुने हादा कृतिगत गुणात्मकता उच्च हुनु जरुरी हुन्छ । तसर्थ उनको साहित्यिक व्यक्तित्व सामान्यबाट मध्यतिर क्रमशः बढ्दै गइरहेको छ ।

समग्रमा देवी ‘क्षेत्री’ दुलाल बहुआयामि व्यक्तित्व भएका व्यक्ति हुन् । उनको कार्य प्रतिको लगनशीलताले उनलाई अझ दह्रा नेपाली व्यक्तित्वको स्थान दिलाउादै लगेको छ । उनको व्यक्तित्व हामी सबैका लागि उत्प्रेरणाको स्रोत पनि बन्दै गइरहेको छ ।

## ६.२ कृतित्वको मूल्याङ्कन

देवी ‘क्षेत्री’ दुलाल कवि, कथाकार, नाटककार, एकाङ्कीकार, उपन्यासकार र समालोचक साहित्यकारको रुपमा चिनिादै आएका छन् । उनको कृतित्वको समष्टिगत मूल्याङ्कन निम्नलिखित छ ।

दुलालले नेपाली भाषा बाहेक अन्य भाषामा साहित्यिक कृति रचना गरेका छैनन् । तसर्थ उनले आफ्नो मातृभाषा र राष्ट्र भाषा नेपालीलाई आधार बनाएर फुटकर कविताहरू

रचना गरेका छन् । उनका फुटकर कविताहरूले सङ्ग्रहको रुप लिन सकेको छैन । पत्रपत्रिकामा दर्जनौ कविता छपाइसकेका दुलाल हालमा पनि गरिमा, मधुपर्क जस्ता पत्रपत्रिकामा कविताहरू छपाइ रहेका देखिन्छन् । गुणात्मक विश्लेषणको जिम्मा सम्पूर्ण पाठकलाई छोड्दा कविता, विधाको सङ्ख्यात्मक उपलब्धि भने उनको राम्रो रहेको छ ।

त्यस्तै कथा विधाका कथाहरूले पनि सङ्ग्रहको रुप नपाएपनि फुटकर रुपमा नै पत्रपत्रिकामा प्रकाशित हुने मौका पाएका छन् । लेखकका अनुसार अन्य अप्रकाशित कथाहरू भने लेखककै डायरीमा सजिइरहेका छन् । त्यस्तै समालोचना विधाको अवस्था पनि कथाकै जस्तो रहेको छ ।

दुलालको आजसम्मको कृतिगत उच्चतम प्राप्तिको विधा भने नाटक/एकाङ्की रहेको छ ।आफूलाई नाटककार भनेर चिनाउन चाहने दुलालका दर्जनौ एकाङ्की र 'सेतो परेवा' एकाङ्की सङ्ग्रह (२०५४) समेत प्रकाशन भइसकेको र 'साहस' (२०५१) नाटक पनि प्रकाशन र मञ्चन समेत भएको आधारमा उनको उच्चत प्राप्तिको विधा नाट्य विधा हो भन्न पनि सकिन्छ । उनका अन्य अप्रकाशित नाट्य रचनाले पनि यसलाई पुष्टि गर्नेछन् ।

दुलालले नाट्य विधामा प्रगतिशील पक्षलाई घुसाएर सामाजिक यथार्थको धरातलमा नाट्य कृतिहरू रचना गरेका छन् । नाट्य संरचनागत कथावस्तु, पात्र देशकाल वातावरण, भाषाशैली, द्वन्द्व उद्देश्य आदि पक्षमा पूर्ण सफलता प्राप्त गर्न नसके पनि नाट्य विधाको संरचना नै विगारेर नाट्य रचना हो भनेर भनेको देखिदैन । सामाजिक पक्षका विविध कुराहरू समेटेर वर्गीय समाजको पूर्ण चित्रण गर्न चाहेको कुराको पुष्टि भने उनका नाटकमा देख्न पाइन्छ । विश्वको विकासात्मक आधारमा नेपालका सामाजिक र चारित्रिक कमजोरी खोज्ने काम उनका नाटकको मुख्य पक्ष हो ।

राजनैतिक चेतना र वर्ग चेतनाका विविध पक्षलाई समेत समेटेर आफूलाई प्रगतिशील साहित्यकारको बाटो रोज्न लगाउने दुलालको नाट्य कृतिले सामाजिक यथार्थको बाटोलाई अझ दरिलो गरी समात्न नसकेको देखिन्छ । एकाङ्कीका सन्दर्भमा छोटा छरिता र प्रभावकारी रचना दिएपनि एकाङ्कीगत संरचनालाई बढी आधुनिक बनाउन खोज्दा फितलो संरचनाको निर्माण भएको पाइन्छ । उनका नाट्य कृतिको मूल्याङ्कन सम्पूर्ण निष्पक्ष पाठकको आखााबाट हुनु जरुरी छ ।

त्यस्तै उपन्यास विधाका आधारमा उनको कृतित्वको मूल्याङ्कन गर्दा सङ्ख्यात्मक र गुणात्मक रुपमा उनको लेखन अवधिको कान्छो विधा मान्न सकिन्छ । रङधोजी (२०६०) उपन्यास प्रकाशित अवस्थामा छ जसले केही पाठकलाई मात्र समेट्न सकेको छ । सामाजिक यथार्थमा काल्पनिकता मिसाएर बढी यौनवादी बनेकोले यो सम्पूर्ण पाठकको आाखामा पच्न सकेन । उनको 'एकरात' उपन्यास पनि अप्रकाशित अवस्थामा छ । के त्यो उपन्यासको मूलभाव पनि 'रङधोजीकैं' जस्तो भयो भने दुलालको साहित्यिक विधामा उपन्यास विधाले गुणात्मकता थप्ला या नथप्ला त्यो चाहि भविष्यको कुरा हो तर यसो भन्दैमा 'रङधोजी' उपन्यास उपन्यासकै रुपमा छैन भन्न सकिदैन किनभने जसले केही गर्छ राम्रो नराम्रो पक्ष त्यसको मात्र उत्पन्न हुन्छ तर जसले केही गर्दैन उसको केही उत्पन्न हुादैन तसर्थ हामी सामाजिक यथार्थमा खुल्ला वालपन र यौवनपनको कल्पना गरेर रङधोजी उपन्यासलाई साहित्यिक माहोलमा प्रवेश गराउन सक्दछौं । आफ्नै जीवन भोगाइका भीरपाखा, उकाली ओरालीले उपन्यासमा ठाउा पाएकाले लेखकको जीवन दर्शन र साहित्यिक औपन्यासिक दृष्टिकोणलाई पनि उपन्यासकै आधारमा पढ्नु र बुझ्नु पर्ने स्थितिको सिर्जना रङधोजी उपन्यासले गरेको छ ।

समग्रमा भन्नुपर्दा देवी 'क्षेत्री' दुलाल नेपाली साहित्य क्षेत्रका वर्तमानका एक उदयमान साहित्यिक नक्षत्र हुन् । उनका कृतिहरूको नेपाली साहित्य भण्डारमा छुट्टै स्थान बन्दैछ । उनको योगदानको मूल्याङ्कन र उनका साहित्यिक कमीकमजोरी र प्राप्तिको सही समालोचना गर्न नेपाली समालोचकहरू पछि परेको अवस्था छ ।

## भावी कार्यको सम्भावना

देवी 'क्षेत्री' दुलालका कविता, कथा, एकाङ्की, समालोचना, नाटक, उपन्यासको पूरै विस्तृत रुपमा प्रकाश पार्न विद्यार्थीको यस संक्षिप्त शोधकार्यमा सम्भव रहेन । दुलालका प्रकाशोन्मुख र प्रकाशित कृतिहरूको कुनै विधालाई लिएर भविष्यमा कुनै व्यक्ति वा शोधकर्ताले विस्तृत रुपमा प्रकाश पार्न सक्ने सम्भावना छ । उनका प्रकाशित फूटकर एकाङ्कीहरू र नाटक तथा अन्य फूटकर रुपमा प्रकाशित कविता, कथा, समालोचनालाई लिएर भविष्यमा कुनै शोधकर्ताले साहित्यिक तत्वको आधारमा वा साहित्यिक सैद्धान्तिक पक्ष (वाद)का आधारमा विस्तृत प्रकाश पार्न सक्नेछ ।

सम्भावित निम्न शीर्षकहरुमा शोधकार्य गर्न सकिने छः-

क) प्रगतिवादी दृष्टिकोणबाट देवी 'क्षेत्री' दुलालका प्रकाशित रचनाहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन ।

ख) यथार्थवादी दृष्टिकोणबाट देवी 'क्षेत्री' दुलालका नाट्य रचनाहरुको विश्लेषण ।

ग) पूर्वीय र पाश्चात्य नाट्य मान्यताका आधारमा देवी 'क्षेत्री' दुलालका नाट्य रचनाहरु ।

✡✡✡